# निःश्वासका गुजुल्टाहरू

सुधा त्रिपाठी

# निःश्वासका गुजुल्टाहरू

सुधा त्रिपाठी

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रकाशक :

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण : २०५५

प्रति : ११००

मूल्य : ३३।–

आवरण : रमेश पौडेल

मुद्रक : न्यू खत्री प्रिन्टर्स,
वटु टोल, काठमाडौं ।
फोन नं. : २५२३३७

# प्रकाशकीय

नेपाल अधिराज्य भनेको विभिन्न वर्ण, जातजातिसमूहको साझा फूलबारी भएर रहेको छ । यहाँ विभिन्न रङ्गका मनोहारी फूलहरू ढकमक्क भएर फुले झैं गरी काव्य, साहित्य, संस्कृति, कलाका बगैंचामा पनि विभिन्न भावधारा, विभिन्न वैचारिक दार्शनिक चिन्तनधारा बोकेका काव्य-साहित्यले कलाका सुन्दर फूलहरू फुलेका छन् । यिनै विभिन्न भावधारा र चिन्तनधारा लिएर काव्य-साहित्यसाधनामा लागेका कवि साहित्यकारहरूले आफ्ना-आफ्ना ठाउँबाट आफ्नै शैली, आफ्नै अभिव्यक्तिको सुवास फैलाएर अनेकतामा पनि एकताको रङ्ग घोलेर नेपाली काव्य–साहित्य–कलाका रसिक पाठकलाई परितृप्ति दिने प्रयास गरिरहेका छन् ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको मूल उद्देश्य पनि यस्तै विभिन्न रङ्ग र रूपका सास्कृतिक एकता र वासना लिएर फुलेका राष्ट्रभाषा नेपाली र अरू राष्ट्रिय भाषाका काव्य-कलाकुसुमलाई चुनेर यसको रस र वासना देशभित्र र बाहिर फैलाउँदै देशको साहित्य, कला, संस्कृतिको भण्डारलाई समृद्ध तुल्याउनु रहेको छ साथै यसैमार्फत साहित्यका प्रबुद्ध र रसिक पाठकहरूलाई परितृप्त तुल्याउनु रहेको छ ।

वर्तमान प्रजातान्त्रिक अभ्यासका परिप्रेक्ष्यमा त राष्ट्रका विविध कला, संस्कृति र साहित्यलाई राष्ट्रको अक्षुण्णता राखी अखण्ड, सुदृढ, शान्त र सुन्दर नेपालका रूपमा यहाँका विविध सामाजिक परम्परा र संस्कृति मात्र होइन चिन्तनधारालाई पनि निष्पक्षरूपमा एक सूत्रमा गाँस्ने प्रयत्न गर्नु पनि यसको कर्तव्यक्षेत्रभित्र पर्न आउँछ । यिनै उद्देश्यहरूको परिपूर्ति गर्ने क्रममा परिषद्ले आजपर्यन्त नेपाली वाङ्मयलाई आफ्नो क्षमताले भेटेसम्म प्रकाशित गर्दै आएको छ र अब पनि गर्दै जानेछ ।

यसै उद्देश्यको परिपूर्तिका लागि **श्री सुधा त्रिपाठीद्वारा** रचित र संग्रहित एकाङ्की नाटकहरूको प्रस्तुत सँगालो "निःश्वासका गुजुल्टाहरू" पाठकसमक्ष ल्याउने जमर्को गरेका छौं । नाटक–विधाको निकै नै अभाव अनुभव भैरहेको राष्ट्र भाषा नेपाली साहित्यको यस स्थितिमा प्रस्तुत संग्रहले पाठकहरूलाई अलिकति भए पनि संतुष्टि दिई नेपाली वाङ्मयको केही सम्पत्ति थप्ने छ भन्ने हामीले आशा र विश्वास लिएका छौं । अस्तु.

**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**
**कमलादी**

# केही भन्नैपर्ने कुराहरू

मेरा तर्फबाट निवन्धको स्वाद लिनुभएका पाठकहरूका अगाडि अहिले म एउटा छुट्टै स्वादको छुट्टै व्यञ्जन पस्कन लागेकी छु– एकाङ्की संग्रहका रूपमा। मलाई एकाङ्कीकारका रूपमा विर्सनुहुने पाठकहरूका निम्ति यो पुनः स्मृतिको सम्झौटो पनि हो। यो वास्तवमा तीते करेलाको व्यञ्जन हो, जिबुल्केहरूका लागि यो खाइनसक्नुको तीतो होला, तर पारखीहरूका लागि भने यो मीठो पनि हुनेछ, हितकर पनि हुनेछ।

यी एकाङ्कीहरू मैले आफ्नो विद्यार्थीकालका अन्तिम प्रहरतिर लेखेकी हुँ, बाह्र वर्षलाई युग मान्ने हो भने पूरा एक युगअगाडि। हरेक कुराले अत्यन्त भावुक र उच्च संवेदनशील तुल्याउने उमेरमा लेखिएका यी एकाङ्कीभित्रका हार्दिक संवेदनायुक्त अभिव्यक्तिहरू मेरा लागि अहिले झन् प्रिय बनेका छन् र भोलि ती अझै बढी प्रिय लाग्नेछन्। हार्दिक संवेदनाको त्यस स्तरलाई म अहिले छुनै सक्तिनँ। सायद सबै स्रष्टामा उमेरले यसरी नै परिवर्तनका लक्ष्मण रेखाहरू कोर्ने गर्छ। विचारलाई एकातिर पन्छ्याएर भन्दा न त पारिजातले नै पछि 'शिरीषको फूल' लेख्न सकिन् न त मोदनाथ प्रश्रितले नै 'मानव' महाकाव्य लेख्न सके। देवकोटा यस सन्दर्भका अपवाद हुन् तापनि उनैलाई पनि हार्दिक संवेदनाको त्यो प्रथम उच्छ्वास 'मुनामदन' नै सर्वाधिक प्रिय रह्यो।

मैले यी एकाङ्कीहरू एकाङ्की परिपाक प्रदर्शन गर्न लेखेकी होइन। यिनमा मैले आफूले अङ्गीकार गरेको महिला विषयक चेतनालाई भावनाका सूक्ष्म कोमल रेसाहरूमा उनेर एउटा स्वरूपको संरचना प्रदान गरेकी छु, वस्। यिनै मेरा कृत्रिमताविहीन हार्दिक अभिव्यक्ति पढे/सुनेपछि पाठक/श्रोताहरू, जसले मेरा अरू रचना पढेका थिएनन्, मलाई 'कविता पनि लेख्ने गर्नुभएको छ कि क्या हो ?, भन्ने गर्थे– यहाँनिर मलाई भन्न मन लाग्छ, हृदयको निश्छल अभिव्यक्ति कविता हो। यसैले अत्यन्त हार्दिक निश्छलता र उच्च संवेदनाले लेखिए भने एकाङ्की/नाटक, कथा/ उपन्यास सबै कविता हुन्। 'शिरीषको फूल' उपन्यास पनि हो कविता पनि हो। प्रत्येक विधाले उच्च साहित्यिक मूल्य पनि 'कविता हुन सक्नु'बाट नै प्राप्त गरेका हुन्छन्। मलाई निबन्ध हुन् या एकाङ्की, कवितात्मक समृद्धताले छोपिएकै मन पर्छ। मेरा रचनामा उक्त पक्षको प्राप्ति रहेको

वा नरहेको कुरा खुटचाउने जिम्मा त विवेकी एवं सहृदयी पाठककै हो। मैंले यी एकाङ्कीका कुनै पक्षमा पनि परिष्कार गरिनँ किनभने त्रुटिहरूकै पनि एउटा सामयिक महत्त्व हुने गर्छ।

जुनबेला यी एकाङ्कीको रचना भयो त्यसबेला म बढी नै आत्मकेन्द्री थिएँ। ममा अलि निराशा पनि थियो, म अलि पलायनमुखी पनि थिएँ। सानो कुरालाई पनि गम्भीर रूपमा लिन्थें। ममा अलिकति हीनताबोध पनि थियो जसका लागि म आफूलाई ठयाम्मै जिम्मेवार ठान्दिनँ। यसैले आफूलाई छुने कुराहरू छातीभित्रै भक्कानिएर, निःश्वासका गुजुल्टा बनेर चपरी परिरहन्थे र मेरो अस्तित्व त्यस्सै निस्तेज बनिदिन्थ्यो। बोल्नेहरू बोल्थे र जित्थे, म भने भित्र-भित्रै छङछङाउथें तर बोल्न सकिनथें। यसैले हार्थे। तर अहिले म आफ्नो त्यो हारसँग प्रशन्न छु, किनभने त्यही हारको सग्लो रूप अहिले तपाईंहरूका सामु छ। तर त्यसबेला जित्नेले के जिते त? अहिले त्यो जीतको के मूल्य छ त? शून्य। यसैले मैंले हार्दा जितें, उनीहरूले जित्दा हारे। समय र परिस्थितिले अहिले मलाई त्यसबेला जित्नेहरूकै मानसिक र तत्काल अभिव्यक्तिगत कोटितर्फ तान्दै लगिरहेछ। यसैले म खिन्न छु, किनभने सिर्जनाका पक्षबाट सोच्दा म क्रमशः हार्दै गइरहिछु। जीवनको यो उत्तरोत्तर हारसँग मलाई ठूलो गुनासो छ, तर सामाजिक जीवनका लागि र मेरा सन्तानका लागि पनि मैंले यस खालको जीतलाई बाध्यतावश वरण गर्नु परिरहेछ। आफ्नो जीवन आफ्नो परिवारका भागमा खण्ड–खण्ड भएर भाग लागेपछि त्यसको स्वरूप र संरचना नै बदलिंदो रहेछ। जीवनका फुटेका टुक्राहरूमा स्रष्टाको अनुहार कतै पनि प्रकट हुँदो-रहेनछ। अभिशापित त कसरी गरूँ र म स्वयंलाई, होइन त?

यी त भए सिर्जना पक्षका कुरा। यसबाहेक वैचारिक पक्षतर्फ पनि मैंले केही बोल्नैपर्ने आवश्यकता महसुस गरेकी छु। किनभने यी एकाङ्कीहरूमा सङ्घर्षका रूपहरू प्रस्तुत भएका छन्, पारिवारिक विखण्डनका दृश्यहरू उपस्थित भएका छन्। यिनका बारेमा पाठकका तर्फबाट प्रश्नहरू आउन सक्नेछन्। मैंले मुख्य रूपमा यी दुई प्रश्नको सामना गर्नुपर्नेछ–

–महिला सङ्घर्ष कसका विरुद्ध?

–के यस सङ्घर्षका लागि परिवारिक विखण्डन नै जरूरी छ त?

मूलरूपमा त महिला–सङ्घर्ष सामाजिक, धार्मिक, राजनीतिक मान्यताका विरूद्ध हो जसद्वारा महिलाका जीवनमाथि घातक प्रहार भएको छ। अहिले देशमा राजनीतिक खुलापन आएपछि राजनीतिक मान्यताका विरुद्ध सबैले आवाज उठाइरहेका छन्। सामाजिक र धार्मिक अन्धविश्वासका विरुद्ध तौली–तौली आवाज उठाइरहेछन्। यी असमानताका विरुद्ध चर्को आवाज उठाउनुपर्छ,

अन्यथा महिला–मुक्ति सम्भव छैन तर यिनका अतिरिक्त पुरुष–हैकमका विरुद्ध पनि आवाज उठाउनु पर्छ । अन्यथा अहिलेजस्तै महिला–सङ्घर्षका आवाजहरू भाषण र किताबी ज्ञानमा मात्रै सीमित रहन्छन्, जीवनका यथार्थमा त्यो ओर्लन सक्तैन ।

समानताविरोधी अहम्वादी पुरुष र दासमनोवृत्तिलाई नै जीवनको सार सम्झिरहेका उच्च शिक्षित भएपनि महिला चेतनाका दृष्टिले पछि परेका महिलाहरू यसरी पनि प्रश्न गर्न सक्नेछन्– "के यस्तो सङ्घर्षका लागि पारिवारिक विखण्डन नै जरूरी छ त ?" यस प्रश्नमाथि म प्रतिप्रश्न गर्न चाहन्छु– परिवारलाई विखण्डनबाट जोगाउने जिम्मेवारी महिलाको मात्रै हो त ? वास्तवमा मेरा एकाङ्कीका पात्रहरूको चाहना पनि पारिवारिक विखण्डन होइन तर त्यसका लागि कामको सन्तुलित बाँडफाँड हुनुपर्छ । मूलरूपमा पुरुषले आफूलाई सुधार्नुपर्छ । अन्यथा पारिवारिक विखण्डन जोगिन सक्तैन । आजकी नारी प्रेमका नाममा आफ्नै अस्तित्वको मलामी जान मन पराउँदिन । आजकी नारी 'दोभान' एकाङ्कीकी स्मृति झैं प्रेम र नारीचेतनाका दोभानमा छ । पुरुषहठ यथावत् रह्यो भने नारीलाई वर्गीय भावनाको भँगालाले आफूतिर मात्र सोहोर्न के बेर ?

अन्तमा पुस्तक प्रकाशन गरिदिने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानप्रति आभार व्यक्त गर्दछु र आफ्नो यो कृति सहृदयी पाठकहरूलाई सुम्पछु ।

सुधा त्रिपाठी
उप-प्राध्यापक
नेपाली केन्द्रीय विभाग
विश्वविद्यालय क्याम्पस
कीर्तिपुर
फोन नं.:– ४१७००४ (आवास)

ज्ञानेश्वर
१३ वैशाख २०५५
मातातीर्थ औंसी

निःश्वासका गुजुल्टालाई जीवन सम्झने
विवश मेरी आमा र उनको जातलाई ...

—सुधा

## एकाङ्की–क्रम


उनी फर्कं दिनन् कि ! / १

पर्खेर नगर्नौ /११

बादल फाट्न खोजिरहेछ /२३

पहाडलाई के सजाय दिन्छौ ? /३६

दोभान /४६

क्षत–विक्षत मुटुहरू /५९

दोषी को ? /६६

[illegible]

[illegible] | [illegible]
[illegible] | [illegible]
[illegible] | [illegible]
[illegible] | [illegible]
[illegible] | [illegible]
[illegible] | [illegible]
[illegible] | [illegible]

# उनी फर्कँदिनन् कि !

(कुइँक्क गरेर ढोका खोलेको आवाज आउँछ । आमा कोठाभित्र पस्छिन् । साँझ परिसकेको हुन्छ, तर कोठामा बत्ती बालिएको हुँदैन ।)

आमा– (स्नेहसिक्त आवाजमा) बाबु ! लौ हेर यो त साँझ झमक्क परिसक्यो । होइन, तँलाई कोठामा बत्ती पनि बाल्नुपर्दैन कि कसो ? भूत जस्तो अँध्यारोमा के धुमधुमती बसिराख्या ?

छोरा– हुन दिनोस् आमा ! मलाई अँध्यारोमै हराउन दिनोस् । उज्यालोमा मलाई डर लाग्छ ।

आमा– सिल्ली जस्तो !

छोरा– आमा ! मलाई उज्यालोमा यस कोठाको सामना गर्न गाह्रो पर्छ । यस कोठाको प्रत्येक चीज देख्दा मलाई छटपटी हुन्छ, असह्य हुन्छ र यहाँबाट भागूँ भागूँ जस्तो लाग्छ आमा ! म यहाँ टिक्नै सक्तिनँ ।

आमा– आ ! रङ्ग न ढङ्गको कुरा गर्छ ! खोइ छाड्, म बालिदिन्छु बत्ती ! (बत्ती बालिसकेपछि) लौ हेर, यसले त दिउँसो राखिदिएको चिया पनि पो खाएको रहेनछ । (छोराबाट प्रत्युत्तर आउँदैन) बाहिर को छ हँ ?

कान्छो– म छु हजूर !

आमा– यो ग्लास लैजाऊ त ।

कान्छो– हस् हजूर ! चिया त त्यसै रे'छ नि हजूर ! दुलही साहेब गएपछि त बाबु हजूरलाई के भा' यस्तो ?

आमा– जा, जा, यहाँ तैंले विचारी बन्नुपर्दैन ।

कान्छो– हस् हजूर । गइहाल्छु नि ! दुलही साहेब भा' भए अहिले ! (कान्छो चिया लिएर निस्कन्छ ।)

आमा– साथीहरूसँग यसो बाहिर निस्केको पनि होइन । यत्रो शनिवार बित्यो, बिहानदेखि एक्लै कोठामा बसिराख्या छ । एहे ! यस्तै चाल हो भने त भोलि क्याम्पसमा गएर पनि पो कसरी पढाउलास् ! जरोसरो त

त आएको छैन त तँलाई। ए साँच्ची ! अघि तेरो साथी आएको जस्तो लाग्याथ्यो नि, हैन ?

छोरा– हो, आएको थियो।

आमा– किन आएको रहेछ त ? धेरैबेर बस्दा पनि नबसीकन गयो नि ?

छोरा– आज पिकनिक रहेछ, जाऊँ भन्दै थियो। तर गइनँ। टाउको दुखेको छ भनेर पठाइदिएँ।

आमा– किन त नगएको तँ ? साथीभाइसँग त्यस्तो हाँसखयाल गर्ने मान्छे, विचरा ! आज के भनिठाने होलान् उनीहरूले ?

छोरा– जेसुकै भनिठानून् आमा ! मलाई चासो छैन। मलाई त आज एक तमासको लागिरहेछ। बाहिर झलमल्ल लागेको घाम पनि रुँदारुँदै मुस्कुराएको अनुहारजस्तो लागिरहेछ, आकाश पनि आज त आँखामा ढिक्का परेर जमेको आँसु जस्तै लागिरहेछ। साँझको बेलामा कराउन लागेका यी चराहरूको आवाज पनि छातीभित्रको उकुस–मुकुसले एक्कैचोटि चीत्कार गरेको आवाज झैं लागिरहेछ। बाहिर वातावरण यसो हेर्छु, त्यहाँ पनि के नपुगे के नपुगे जस्तो, नून नै हाल्न बिर्सेको अलिनो तर्कारी जस्तो लाग्छ। कोठामा एक्लै बसिराखदा मसानको कहालीलाग्दो नीरवताले मलाई सलक्क निलिराखेको थियो। भागूँ भन्छु, तर भाग्न सक्तिनँ। यस ठाउँबाट भाग्न चाहेर पनि भाग्नै नसक्ने भएको रहेछु। खोइ केले केले मलाई अँचेटेर राखिछाडेको छ। भागेर जाने पनि कहाँ र ? होइन त आमा ?

आमा– होइन, के भनेको बाबु ! तँले यस्तो ? कहाँ भागेर जाने भनेको ?

छोरा– (**खुइय्य सुस्केरा छाडेर**) कहीँ होइन आमा, कहीँ होइन। म जस्तो मान्छेले यहाँ केही गर्न सक्तैन, केहीँ गर्ने सक्तैन। धन्दा नमान्नुस् आमा ! तपाईंको यस छोराले कही मुक्ति पाउँदैन। यसैले यो भागेर पनि कहीँ जान सक्तैन।

आमा– तर बाबु ! आज तेरो आँखामा आँसु ! किन ? के भयो ?

छोरा– होइन आमा ! (**आँसु पुछेर लुकाउन खोज्दै**) खोइ र आँसु ? म आँसु झार्न लायक नै कहाँ रहेँ र !

आमा– आज तँलाई के भएको छ ? विहान भात खाइन्जेलसम्म त ठीकै थिइस्। दिउँसो नसुत् भनेको मानेको होइन ! सपनामा पो केही नराम्रो देखिस् कि !

छोरा– होइन आमा ! मलाई केही भएकै छैन, असाध्यै टाउको दुख्दै छ, आँखा पनि भत्भत् पोलिराख्या छ। सपना होइन विपना चाहिँ पो

नराम्रो देखेर तर्सेको त ! बरु त्यो विपना नभएर सपना भइदिए कति असल हुन्थ्यो, हगि आमा ?

आमा– बाबु ! मैले तँलाई जन्माएँ, हुर्काएँ, यत्रो पारेँ, तर, तर, आज तँ मलाई परचक्रीलाई झैँ छल्न खोज्दै छस् । (सुस्केरा छाडेर) तैँले मुखले ढाँटे पनि तेरा आँखामा छचल्केको आँसुले सब पोल खोल्दै छ । मुटुभरिको वेदना परेलीहरूका बाँधभित्र रोकिन सकेका छैनन्, छातीभित्रको उकुसमुकुसलाई अनुहारको गम्भीरताले ढाक्न सकेको छैन । तेरो प्रत्येक शब्द सुस्केराले ढाकिएको छ । तँ आज सधैँभन्दा......

छोरा– (बीचैमा कुरा काटेर) एकदम बदलिएको छस् । यही होइन आमा तपाईंले भन्न खोज्नुभएको ? हो, आज मलाई अर्कै केले–केले आएर थिचिरहेछ । कोठाका प्रत्येक चीजले गिज्याएजस्तो लाग्छ । सबैसबै कुराले बिन्दुकै पक्ष लिएर मसँग वकालत गरेजस्तो लाग्छ ।

आमा– फेरि त्यही बोक्सी, छँडुल्लीको कुरा ? नसुना मलाई त्यसको नाम पनि !

छोरा– आमा ! यसरी एकैचोटि नझर्कनोस् न, तपाईं पनि त पहिले बिन्दुलाई माया गर्नुहुन्थ्यो नि ! मलाई पनि त केही बोल्ने मौका दिनोस् । के म......

आमा– (बीचैमा) भो, भो, पर्दैन, त्यसको कुरै नगर् । जसले एउटा सजिएको फूलबारीमा आगो लगाई, जसले झ्याङ्गिनै लागेको गृहस्थीको लहरालाई चुँडालिदिई, जसले मेरो एउटा मात्र छोराको ओठको मुस्कान लुटेर लगी, सपना भत्काइदिई, विपनामा डढेलो सल्काइदिई अझ त्यसैका निम्ति यत्रो छटपटी ? दिक्दिदै त्यस बोक्सीलाई ! तैँले खनेको खाल्डोमा आफू पनि परिस्, हामीलाई पनि जाकिस् ! कुल र घरानकी, सम्पन्न, राम्री बिहे गर्नुपर्छ भन्दा तैँले नै त हो, पढे–लेखेकी नै बिहे गर्ने भनेर अड्डी लिएको ! चखाइन के स्वाद पढे–लेखेकीले ?

छोरा– आमा ! खोइ तपाईं आइमाई भएर आइमाईलाई चिन्न सकेको ?

आमा– अँ, अब तँ मलाई अर्तीउपदेश पनि दिने भइस् होइन ?

छोरा– अर्ती दिन खोजेको होइन आमा ! एउटा यथार्थको उद्घाटन गर्न खोजेको मात्र हुँ । मैले तपाईंको जातलाई चिन्न सकिनछु, आमाको जातलाई चिन्न सकिमछु, स्वास्नीमान्छेको जातलाई चिन्न सकिनछु । आमा, बिन्दु निर्दोष छे । मैले उसलाई, आफूले दुःख सुखसँगै भोगेकी आफ्नी पत्नीलाई चिन्न सकिनँ ।

आमा– (बसेको ठाउँबाट उठेर हातको भाउ लगाउँदै) होइन, तँ बहुलाउन त लागिनस् ? अझ फेरि त्यही चन्डालनी निर्दोष छ रे ?

छोरा– आमा ! तपाईंलाई कुन शब्दले बुझाऊँ ? वास्तवमा तपाईंले केही बुझ्नुभएकै छैन । मैले पनि त केही बुझेकै रहेनछु ।

आमा– हो हो, म केही नबुझ्ने भएँ ! म अशिक्षिता, असभ्य, बुद्धि नभएकी ! तिमीहरू जस्ता पढ्या–लेख्या मान्छेका कुरा किन बुझ्थें ?

छोरा– मैले त्यसो कहाँ भनें र आमा ! पहिले कुरा त बुझ्नुस् । आज कुन्नि के खोज्नलाई डस्नाको पत्र पल्टाइहेरेको, त्यहाँ एउटा खाम रहेछ । खामबाहिर बिन्दुको हस्ताक्षरमा मेरो नाम लेखिएको रहेछ । हत्त न पत्त खोलेर हेरें, आफै छाँनाबाट खसेको जस्तो भएँ । आँखामा कुन्नि के आएर डम्म ढाक्यो ।

आमा– ए ! त्यसैले पो रहेछ त यत्रो उदासी ! हामी त के थाहा पाउनु ।

छोरा– त्यसमा शब्द थोरै थिए तापनि तिनले मलाई मेरो भूल सम्झाइदिए । बुझ्नेका लागि ती सीमित शब्दमा असङ्ख्य कुरा थिए, नबुझ्नेका लागि भने ती रित्ता अक्षरहरूका समूह थिए । धेरैचोटि दोहोऱ्याएँ ती शब्द, तैपनि अघाउन सकिनँ । आमा, तपाईं पनि सुन्नुहुन्छ ? त्यहाँ लेखिएको वाक्य यही थियो–

'रूप, गुण, सम्पन्नता, कुलीनता आदिको मृदु स्पन्दनमा स्वयंलाई भुल्न चाहने तपाईंको रहर फलोस्, यही छ मेरो तपाईंप्रतिको अन्तिम शुभेच्छा ।'

आमा ! उसले पहिले नै आफ्ना यथार्थहरू सब खोलेकी थिई, आफ्ना कुनै कुरा पनि लुकाएकी थिइन । आफू पढे-लेखेकै भए पनि सम्पन्न परिवारकी होइन भनेकी थिई । यसमा उसलाई दोष दिने ठाउँ नै छैन । दोष त मेरै छ, किनकि मैले उसको भावना र चेतनामा आघात पुऱ्याएँ ।

आमा– होइन, के भनेको ? त्यस्ताले पहिले नै त्यस्तै सुर झिक्नुपर्थ्यो ! पछि आएर यसरी भताभुङ्ग पार्ने हो त !

छोरा– आमा ! म के भनौं ? ऊ पहिलेदेखि नै तड्पिरहेकी थिई, छटपटिइरहेकी थिई, एक्लै बस्दा पनि खुइय्य सुस्केरा छाडेर पुर्पुरामा हात लगाएको त कति देखें कति ! झ्यालबाट बाहिर हेरेर एक्लै टोलाइरहन्थी । बर्बर् आँसु झार्थी, त्यस्तैमा म पुगें भने आँसु लुकाउने प्रयत्न गर्थी । उसको आँसुबारे न त मैले नै केही सोधें न त उसले नै

कहिल्यै वताई। सम्झन्थें, अतीतको कुनै चोट होला, जुन समय-समयमा बल्झेर आँसुको भल उमारिदिन्थ्यो। यसरी नै समय बित्दै गयो, उसको छट्पटी निको भएन।

यस्तैमा ह्मीबीच एउटा घटना घट्यो। त्यसवेला त त्यो त्यति महत्त्वको लागेको थिएन तर आज त्यसको अर्थ मलाई लाग्दै छ। उसले भनेका कुराहरूलाई मैले त्यतिखेर हाँसोमा उडाइदिएको थिएँ। उसको हृदय बुझ्ने कोशिश गरिनँ तर आज मलाई पछुतो भइरहेछ। उसका प्रत्येक वाक्य आज मेरो मस्तिष्कमा ताजा बनेर घुमिरहेछन्। त्यसदिन–

**(स्मृतिदृश्यमा परस्पर कुरा गर्दै बिन्दु र अमृतको प्रवेश)**

बिन्दु– छि: कस्तो लाज पचेको मान्छे ! अरूले देखे भने पनि के भन्लान् ?

अमृत– देखे के त ? मैले तिम्रो आँखा पनि छोप्न नपाउनु भन्ने के छ त ? अरूका आँखा छोप्न गएको भए पो लाज हुन्थ्यो ! छोपें त आफ्नै अर्धाङ्गिनीका आँखा छोपें।

बिन्दु– आ ! मलाई त यस्तो बेसारे पारेको मन पर्दैन क्या !

अमृत– लु हेर, के अनुहार लाएकी त्यो ? त्यस्तो नीलो मुख लगाउने हो त ? भो वावा ! भो बिराएँ। आयन्दा तिम्रो मन दुखाउने छैन।

बिन्दु– यस्तो चेपारे पारेको कुराको के पत्यार ? 'बिराएँ, आयन्दा, तिम्रो मन दुखाउने छैन' भन्या पनि कति सुनियो कति ! क्यासेटमा भरेर बजाएको जस्तो अनि पनि त्यही, अनि पनि त्यहीं, कति सुन्नु !

अमृत– अब चाहिँ पक्कै भन्दिनँ, कान समातें। तर एउटा अर्को कुरा भनूँ है ?

बिन्दु– उस्, भने त भैहाल्छ नि ! के स्वाङ पार्ने सक्या होला !

अमृत– तिमी किन शृङ्गार गर्दिनौ बिन्दु ? भन त, मन लाग्दैन, हो तिमीलाई ?

बिन्दु– किन र ? तपाईंलाई मन परेन ?

अमृत– तैपनि, यसै सोधिदिएको !

बिन्दु– तपाईंको पैसा जोगाउन, (हाँसेर) चित्त बुझ्यो ?

अमृत– अरूहरू आफ्नो मौलिक रूपलाई नै ढाकेर शृङ्गार गर्छन्। तिमी चाहिँ साधारण भएर हिँड्छ्यौ तर मैले यो भनेको होइन कि तिमी पनि आफ्नो स्वदेशी अनुहारलाई विदेशी जलप लगाएर हिँड्ने गर। तिम्रो रूप साधारण फेशनमै कति राम्रो मुस्कुराएको छ। यो सलक्क

पछाडि लगेर बाटेको लामो चुल्ठो, निधारमा रातो टीका, आँखामा गाजल, हातमा काँचका राता चुरा, अनि सिउँदोमाथिको सिन्दूर कति खुलेको छ तिमीलाई। साँच्चै, साँच्चै बिन्दु तिम्रो सौम्य रूप मलाई असाध्यै मनपर्छ।

बिन्दु– बिन्ति! मलाई यसरी लज्जित नपार्नुस्। म आफ्नै समक्ष भएको आफ्नो प्रशंसाका अगाडि टिक्नै सक्तिनँ। परचरीले झैं तपाईंले यसरी गुणगान गर्न सुहाउँछ र? अनि, तपाईंको भन्ने कुरा सकियो त?

अमृत– भन्ने कुरा त कति छन् कति! किन र बिन्दु?

बिन्दु– म पनि एउटा कुरा भन्छु है त?

अमृत– हत्तेरिका लाटी! एउटा कुरा भन्न पनि सोधिरहनुपर्छ र?

बिन्दु– म आज बाहिर जान्छु है?

अमृत– तिमी मात्रै जाने कि मलाई पनि लैजाने नि?

बिन्दु– छिः तपाईं त, हिँड्नुस् न। मैले तपाईंलाई समेत पास ल्याइदिएकी छु। (देखाउँदै) ऊः त्यहीं टेबुलमा छ पास।

अमृत– केको पास? कतै कार्यक्रम छ कि कसो?

बिन्दु– आज नाटक हेर्न जाने। कुन्नि कुन क्याम्पसले हो! 'आमाको काख' भन्ने नाटक देखाउने रे। साथीहरूले पास पठाइदिएका रहेछन्।

अमृत– (रिसाएर) ए, त्यसो पो! जान्न म, जाऊ तिमी नै।

बिन्दु– त्यसरी रिसाउनुपर्छ त!

अमृत– नरिसाएर के गर्ने त? मैले तिमीलाई कतिचोटि भनिसकें छाडिदेऊ तिम्रो राजनीति भनेर।

बिन्दु– (नम्र भएर) नाटक हेर्दैमा राजनीति हुन्छ र?

अमृत– राजनीतिमा लागेकै छैन भन न अज्ञ! अस्ति नै पनि कुन्नि कहाँ हो भाषण दिन गएको रे! साथीहरूले भन्दा पो थाहा पाएँ। लाजले टाउकै उठाउन सक्या होइन।

बिन्दु– (अलि दृढ स्वरमा) हो, अस्ति अन्तरराष्ट्रिय नारी-दिवसका दिन मञ्चमा दुईचार कुरा बोलेकी थिएँ। त्यसमा मैले के बिराएँ?

अमृत– नारी-स्वतन्त्रता चाहियो रे, कुन्नि केरे केरे! के खोज्या तिमीले? आफू त भाँडियौ भाँडियौ, संसारका छोरीबेटी पनि बिगार्न थाल्यौ होइन? चाहिँदैन मलाई तिम्रो राजनीति!

बिन्दु– तपाईं राजनीति भनेर त्यसलाई कतातिर मोड्न खोज्दै हुनुहुन्छ त्यो म बुझिरहेकी छैन। आफ्नो वर्गीय हितका लागि आवाज उठाउँदा

त्यो राजनीति हुन्छ भने भइरहोस् ! हेपिएका चेपिएकाहरूको कथा-व्यथामाथि सहानुभूति राख्दा त्यो राजनीति हुन्छ भने भइराखोस्, केही छैन । तर म राजनीतिको नशा पिएर झन्डा बोकेर हिँडेकी छैन । भोको पेटको छटपटीलाई म राजनीति भन्न सक्तिनँ ।

अमृत– बन्द गर तिम्रो बकवास, सुनाउनु पर्दैन मलाई ।

बिन्दु– उसो भए म नाटक हेर्न नजाऊँ होइन त ?

अमृत– मलाई सोध्नुपऱ्यो किन ? जाऊ न जहाँ मन लाग्छ ।

बिन्दु– **(उपहासको स्वरमा)** हुन्छ, नगइरहुँला ।

अमृत– तर तर आँखामा आँसु किन त फेरि ? बिन्दु ! तिमी मसँग बाझ, जुध, म तिमीलाई बेसरी गाली गरूँ, यतिसम्म केही छैन, तर जब तिम्रो आँखामा आँसु छचल्किन्छ अनि म पटक्कै सहन सक्तिनँ ! पटक्कै सहन सक्तिनँ । यसैयसै छाती कोपरिन थाल्छ ।

बिन्दु– **(एक्कासि चर्को स्वरमा)** रुनु !! होइन, तिमीहरू मलाई किन रुन दिँदैनौ ? हाँस न तिमीहरू, रोदनलाई पैतालामुनि किच्न सक्नेहरू ! ए बाबा ! म रुन पनि तिमीहरूसँग अनुमति लिऊ होइन त ? दुई थोपा आँसु पोखिँदा पनि स्पष्टीकरण दिनुपऱ्यो होइन त ? आखिर चाहन्छौ के तिमीहरू ?

अमृत– होइन बिन्दु ! तिमीले ठट्टा गरेकी हौ कि साँच्चै ? मैले त केही बुझिनँ । तिमीलाई आज के भइरहेछ ?

बिन्दु– हैन, बुझ्न पचाउन कस्तो सक्या ? आखिर लोग्नेमान्छेको जात हामी-बाट के चाहन्छ ? म यसैको उत्तर सुन्न चाहन्छु ।

अमृत– एउटी असल स्वास्नी जसले माया गरोस्, जसले सबै कुराहरूभन्दा माथि......

बिन्दु– **(बीचैमा)** हो, म पनि जान्दछु तिमीहरू के चाहन्छौ भन्ने कुरा ! एउटा पाल्तु कुकुर झैं खुट्टामा लुटपुटाउन चाहन्छौ, साङ्लाले जक-ड्याइराखन चाहन्छौ, तिमीहरूले चाहेको बेलामा भुक्नु भनेर तालिम दिन्छौ । यही होइन तिमीहरूले ठुल्याइँ देखाउने ठाउँ ?

अमृत– बिन्दु ! तिमीले आज नशा सेवन गरेकी छौ कि कसो ?

बिन्दु– बिल्कुल होइन, नशा त आजभन्दा पहिला सेवन गरेकी थिएँ । बरु आज त मेरो नशा उत्रेको छ । सबै कुरा छर्लङ्ग देखिरहिछु, यसैले सहन सकिरहेकी छैन । शायद आज मेरो मुख थुन्न कसैले सक्ने छैन । म चुप लागें भने मेरो युगले मलाई थुक्नेछ

अमृत– बोल, जति मन लाग्छ बोल । तर सीमाको अतिक्रमण नहोस्, म सहन सक्ने छैन ।

बिन्दु– तिमी सहन सक्तैनौ भन्ने कुरा मेरो आजसम्मको अनुभवले बताएको छ । किनभने तिमी पितृसत्तात्मक समाजका लोग्नेमान्छे हौ, तिम्रा प्रत्येक आचरणलाई समाजले मान्यता दिएको छ । तिम्रो जातलाई भार्या चाहिन्छ सहधर्मिणी होइन । तिमीहरूका अगाडि सम्पूर्ण आफू र आफ्नोपनलाई दिर्सिदिन सक्ने आश्रिता चाहिन्छ । हामी बिउँझिएको तिमीहरूलाई मन पर्दैन । तिमीहरू त मुर्दालाई अँगालेर बाँच्न चाहन्छौ । तिमीहरूको तालमा नाच्ने कठपुतली चाहन्छौ । सत्य कुरा सहन कठिनै हुन्छ ।

अमृत– आखिर तिमीले मर्यादाको ख्याल राख्न रुचिनौ । अब म पनि चुप लाग्न सक्तिनँ । बुझ्यौ बिन्दु ? मैले राम्री, सम्पन्न तथा कुलीन परिवारकी केटीसँग जोडिन लागेको सम्बन्धलाई लत्याएर तिमीलाई स्वीकारेको थिएँ कमसेकम त्यत्तिका लागि पनि तिमीले मप्रति कृतज्ञता जनाउनुपर्ने हो ।

बिन्दु– आखिर 'कृतज्ञता' जस्तो शब्दको पनि ममाथि प्रहार गरिछाड्यौ, होइन त ? यसै शब्दमा तिम्रो सक्कली रूप पनि प्रतिबिम्बित भएको छ अमृत ! अब यहाँभन्दा उता तिमी आफ्नो त्यो राक्षसी रूपलाई लुकाइराख्न सक्तैनौ । तिम्रो हृदयको कालोले मेरो जडतालाई छिनालिसकेको छ । मान्छेको मखुन्डोले तिमी आफ्नो त्यो राक्षसी रूपलाई सधैं ढाकिराख्न सफल भएनौ । तिम्रो उदारता, मानवता सब त भुसमाथिको लिउनभन्दा बढ्ता केही रहेनछ । आज त्यो लिउन उप्केर मझेरीभरि भुसैभुस भएको देख्दादेख्दै म आँखा चिम्लन सक्तिनँ । धेरै समयदेखि छातीभित्र उकुसमुकुस भएको ज्वालामुखी आज फुटेको छ । त्यसको लाभामा तिमीले विवश भएर पौंडी खेल्नैपर्छ जिन्दगीभरि ।

अमृत– तैं खेल् त्यो लाभामा पौंडी, मलाई के मतलब ? म जस्तो लोग्ने पाउन त तैंले सात जन्म तपस्या गर्नुपर्छ बुझिस् ? सानो तिनो उदारता देखाएको होइन मैले तँसँग आफ्नो सम्बन्ध जोडेर । त्यही उदारताको फल चाख्दै छु अहिले ।

बिन्दु– हो त, तिमी जस्तो लोग्ने भेट्टाउन त सात जन्मसम्म गरेको पापैपापको तपस्याले पनि भ्याउँदैनथ्यो, बुझ्यौ ? तिम्रो सट्टा त बरु एउटा

अपढ, असभ्य, जँडयाहासँग मेरो सम्बन्ध जुटेको भए म खुशी र सुखी पनि हुन्थें । कुट्थ्यो, पिट्थ्यो, गाली गर्थ्यो तर त्यस अशिक्षित व्यक्तिका ताडनाले मलाई आज जस्तो मुटुमा कोपरी–कोपरी आहत अवश्य बनाउने थिएन । मेरो चेतना यसरी विक्षिप्त बन्न पाउँदैनथ्यो । किनभने उसको त्यो आक्रोश क्षणिक हुन्थ्यो । उसको रिस रिसका लागि मात्र हुन्थ्यो तर तिमी जस्तो शिक्षित, सभ्य मानिसले जानी बुझीकन दिएको यातना मेरो चेतनाले सहन सक्तैन । यसैले तिमीसँग सम्बन्ध जुट्न गएकोमा म कृतज्ञ बन्दिनँ बरु अफसोस पो लाग्छ । तिमी त त्यो अशिक्षित. असभ्य र जँडयाहाभन्दा निकृष्ट छौ बुझ्यौ ? सिउँदोभरि वीभत्स मृत्यु कोरेर म बस्न सक्तिनँ ।

अमृत– बिन्दु !! तँ मुखमा जे आउँछ त्यही नबक् ! अलि मुख सह्मालेर बोल् । मेरो पनि स्वाभिमान छ । म तैंले किनेको नोकर होइन बुझिस् ?

बिन्दु– हुन देऊ अमृत ! आज म तिमीबाट केही सुन्न चाहन्नँ । छातीभित्र गुम्सेको आगो हो यो, दन्कन देऊ, मुटुभित्र चेपी राखेको पीडा हो यो, छरिन देऊ एक्लैएक्लै बोक्ने गरेको निश्वास हो यो, फिँजिन देऊ । तिमीहरू हामीलाई दया गर्न चाहन्छौ, दया । माया गरेको बहानामा दयाको सुइरोले घोचीघोची मार्न चाहन्छौ । तिमीहरू आफ्नो गर्वका अगाडि हाम्रो स्वाभिमान धुल्याउन चाहन्छौ । मलाई दया नगर । बरु सक्छौ भने घृणा गर, घृणा । मेरो वास्तै नगर न कसैले पनि ।

अमृत– बिन्दु, मैले त तिमी सचेत छौ, पढे–लेखेकी छौ भनेर जीवनमा निम्त्याएको थिएँ तर तिमी मेरो सोचाइको विपरीत निक्लयौ ।

बिन्दु– हो, मैले पनि तिमी मञ्चमा भाषण गर्दा जस्तो चरित्रका देखिन्थ्यौ कसैको लोभमा, आफू साँचो अर्थमा महिला भएर बाँच्न पाउने लोभमा परेर तिम्रो प्रस्ताव तुरुन्तै स्वीकारेकी थिएँ तर तिमीहरूलाई हाम्रो हृदयसँग मतलब हुन्न रहेछ । तिमीहरूलाई त केवल जड स्वास्नीमान्छे भए पुग्ने रहेछ । सचेत हुनुको अभिशाप भोग्दै छु । नारीको पनि आफ्नो सत्ता हुन्छ, स्वतन्त्रता हुन्छ भन्ने अस्तित्वबोध नभइदिएको भए आज यो ज्वाला चर्कने नै थिएन । न त तिमीले नै पछुताउनुपर्थ्यो न त मैले नै ।

आज मलाई यसै पनि फुरुङ्ग मन लागिरहेछ । मन हल्का भइरहेछ, फूलको थुङ्गा जस्तै । मेरो नसा–नसामा स्वाभिमानी बाबुको रगत सलबलाइरहेछ, मेरी आमाको निःसासलाग्दो रुवाइले खुल्ला द्वार

खोजिरहेछ। हो, हो, हो मलाई रगतको नाता नै प्यारो छ, माता-पिताको स्नेह नै जीवनदायी छ। म तिम्रो जस्तो कृत्रिम मायामा आफूलाई र आफ्नो नैसर्गिकतालाई बिर्सन सक्तिनँ। तिम्रो जातिले मेरो जातिलाई जिन्दगीभरिलाई पुग्ने खुराक दिएको छ। सके खुराक-को मोल तिरेरै छाडौंला। हुन्छ, तिमीसँग मेरो अब कार्यक्षेत्रमा भेट हुनेछ।

**(बिन्दु हाम्फिएर ढोकाबाट बाहिर निस्कन्छे। अमृत लाटिएको लाटिए-कै हुन्छ।)**

× × ×

**(स्मृति दृश्य लुप्त भई मूल दृश्यको प्रत्यावर्तन)**

छोरा– आमा! म के भनौं? त्यसताका हामीले जागीर खान नजाऊ भनेर कत्ति भन्दा पनि ऊ मानेकी थिइन। ऊ आफ्नै पौरख, आत्मबल र अडानमा बाँच्न चाहँदी रहिछ। ऊ मबाट के कस्तो व्यवहार चाहन्थी भन्ने कुरा मैले उसबेला ठ्याम्मै बुझेकै थिइनँ। उसको चिठी पढेपछि र त्यसदिन उससँग विवाद परेपछि केही बुझें, तर समय भङ्किसकेको थियो। उसका जम्मै कुरा त अझै पनि बुझ्न सकेकै छैन। कसले भनिदेला यी सब कुरा अब?

कान्छो– मैले पनि बुझिन हजूर जम्मै कुरा त। हजूरले त नबुझेको, मैले के बुझ्ने?

**(उसका कुरामा कोही पनि ध्यान दिँदैन।)**

आमा– **(डुबेको स्वरमा)** बाबु!

छोरा– अब बिन्दु फर्कन्न होला त आमा? माइतमा पनि छैन रे! कहाँ गइहोली? हातमा छउन्जेल मणि हो भनेर चिन्न सकेनौं। जब हात-बाट झरेर बेपत्ता भो, अनि हामीलाई बल्ल मणि पो रहेछ भन्ने कुरा थाहा भो! बिन्दुले हामीलाई सजिलै माया मार्ली त आमा?

आमा– **(चुप लागेर बस्छिन्)**

कान्छो– हैन, दुलहीसाहेब काँ जानुभा' होला? झगडा पर्‍यो पनि भन्नुहुन्छ। माइतमा पनि नगएको भनेपछि त अचम्मै भो। दुलहीसाहेब हुँदा कस्तो थ्यो! अहिले त घरै अँध्यारो।

साँच्चै हजूर! अब दुलही साहेब फर्कनुहुन्न त? के अब यस जुनीमा देख्न पनि पाइँदैन उहाँलाई? त्यसरी जान लागेपछि रोक्नु पर्दैनथ्यो हजूरले? धिक्कार होस् सबैलाई।

✱

# अबेर नगरौं

(एउटा साधारण कोठा। कोठाभरि सुकुल र त्यसमाथि दरी बिछ्याइएको हुन्छ। एकापट्टि कुनामा भुईं-ओछ्यान हुन्छ। सिरानीको छेउमा पुस्तकहरू मिलाएर राखिएका हुन्छन् अर्को कुनामा पकाएर खाने सामानहरू हुन्छन्। कुमारी क्याम्पसबाट डेरामा आउँछे। ढोका खोल्छे र भित्र पसेर पुस्तक फ्याँकेर ओछ्यानमा पल्टन्छे। त्यत्तिकैमा उसलाई बोलाएको सुनिन्छ।

शान्ता– कुमारी ! ए कुमारी ! कुमारी ! (कोठाभित्र पसेर सँगै गएर बसेपछि) किन साथी ! उदास देखिन्छेस् नि ?

कुमारी–(सुस्केराको भाकामा) खोइ के भन्नु शान्ता ! मलाई त क्याम्पस जान नै पो वाक्क लाग्न थालिसक्यो। के गर्नु ? नजाऊँ भने पनि त्यत्तिका वर्षको लगानी खेर जान्छ। तँलाई थाहा छँदै छ शान्ता ! म जीवनमा कस्ताकस्ता समस्यालाई सकिनसकी कुल्चेर क्याम्पस पढ्दै छु भन्ने कुरा। मेरो मुटुमा लागेको घाउ हरेक घटनाहरूका स्पर्शमा त्यस्सै बल्झन थाल्छन्। असह्य उकुस-मुकुस भएपछि यसैयसै चीत्कार छाड्न मन लाग्छ।

शान्ता– धैर्य लिनुपर्छ कुमारी धैर्य ! यसरी अधीर हुन लागिस् भने त तँ कुनै काममा पनि सफल हुन्नस्।

कुमारी–तँलाई भन्न सजिलो छ। मेरो जस्तै समस्या तँलाई परेको भए थाहा पाउँथिस्।

शान्ता– (उठेर कोठामा चक्कर लगाउँदै) कुमारी ! सोचाइलाई अलि फराकिलो पारेर हेर् त। तेरा जस्तै समस्याले पिल्सिएका कतिकति अनुहार छन्, कतिकति जिन्दगी छन् ! ती सबैले यसरी नै चीत्कार छाड्न थाले भने, तँ भन् न त्यसबेला सारा संसार नै मसान जस्तो कहालीलाग्दो हुँदैन होला ? तर एउटा कुरा साथी ! तेरा समस्या त हिजो पनि थिए, आज पनि छन् र भोलि पनि प्रचण्ड सूर्यको तापमा नडढी यी समस्याका कीटाणु भस्म हुनेछैनन्।

कुमारी–(उठेर झ्यालमा गई एकछिन बाहिर हेरेर फर्केपछि शान्तासँगै उभिएर) म आफ्ना समस्यालाई आफ्नै किसिमले पेल्दै आइराखेकी थिएँ। (शान्ता अलि पर हटेर) जसरी–तसरी समय बित्दै थियो। आफ्ना समस्यालाई विश्लेषण गर्ने आफ्नै तरिका थियो। मैले पनि जिन्दगीको आफ्नै खाले परिभाषा बनाएकी थिएँ तर अचेल.........
(खुइय्य सुस्केरा छाडेर चुप लाग्छे)

शान्ता– अचेल के त कुमारी ! बरु उही 'ग्याङ्ग' को कुरा त होइन ?

कुमारी–मलाई त पिर्नसम्म पिऱ्यो यस 'ग्याङ्ग'ले, यस शैतान मण्डलीले अहिले यहाँ आउने भएका छन् ती शैतानहरू !

शान्ता– साँच्चै नै यिनीहरूले त साराको उपहास गराइरहेछन्। कसैले भनेको टेर्ने होइनन् ! के जिन्दगी बिताइरहेका हुन् यिनीहरूले कति दिनको हो फुर्ती ? कता गएर के त यिनीहरूले पक्कै बेहोर्नुपर्छ बा !

कुमारी–आफ्नो जिन्दगी त त्यसरी नष्ट गरे गरे, तर अर्काको जिन्दगीसँग त त्यति चासो नहुनुपर्ने हो नि ! अर्काले कत्ति तिरस्कार गर्दा पनि वास्ता छैन, गर्मी महीनाका लामखुट्टे जस्ता भन्केका छन्छन्। जति-सुकै गुइँठा बाले पनि त्यत्तिकै।

शान्ता– रातैपिच्छे गुइँठा सल्काएर पनि कहीं साध्य हुन्छ त ? पहिला गाउँको लामखुट्टे सखाप पार्नुपर्छ अनि क्रमशः शहरका ढलहरू सब खोतल्दै सफा गर्दै सम्पूर्ण लामखुट्टेको बीज नै नाश गर्नुपर्छ। अनि मात्र हाम्रा आजका अनिदा आँखाहरूले मस्त निद्रा पाउनेछन्। त्यति नगरुन्जेल सब सहँदै बाँच्नुपर्छ।

अनि, कतिखेर आउँछन् त तिनीहरू ?

कुमारी–पाँच बजे आउछौं भन्ये।

शान्ता– कोठामा तालचा मारेर हिँडिदे न ! आउँछन् जान्छन्।

कुमारी–कहाँ हुनु साथी ! भोलि क्याम्पसमा बेइज्जत गर्छन्।

शान्ता– साँच्ची, तिनीहरू कुन कक्षामा रहेछन् नि !

कुमारी–आइ. ए. द्वितीय वर्षमा पढ्छन्। क्याम्पसमा पढ्न आएका हुन् र शैतानहरू ! सान देखाउन आएका सान !

शान्ता– फेरि त्यो रुपा पनि कस्ती नि ! हेर्दा भने कत्ति न चरित्रवती होली जस्ती ! कुरा सुन्दा नेता नै पो हो कि जस्ती। उता जनसमूहमा पनि उत्तिकै प्रभाव छ। तर उसको चरित्रको नग्नरूप जनताले देख्यो भने त 'हुडविनाको कार' (ठेलागाडी) मा हालेर घुमाउन बेर छैन।
(यत्तिकैमा कुमारीको नाम लिएर बोलाएको सुनिन्छ।)

कुमारी—नभन्दै आइपुगे । अब त भाग्न पनि पाइएन (पुर्पुरोमा हातले ठोक्छे)

शान्ता— (उठ्न खोज्दै) लौ साथी, म त गएँ ।

कुमारी—नाइँ, बिन्ति बस् न ! (याचनाको स्वरमा) एकछिन बसिदे न ! म त यिनीहरूसँग मात्र कोठामा बस्दा निस्सासिन्छु ।

शान्ता— होइन साथी ! म अहिले जान्छु । बरु भरेतिर आउँला । साथीहरूकहाँ जानु छ ।

**(त्यत्तिकैमा उनीहरू आइपुग्छन् । शान्ता उनीहरूलाई पालैसँग हेरेर निस्कन्छे । उनीहरू सबै गएर कुमारीको बिछ्यौनामा ढसमस्स बस्छन् । कुमारी चाहिँ छेउमा बिछ्याएको दरीमा बस्छे । तीनैजना फुर्तिला देखिन्छन् ।)**

सीता— कुमारी ! हामी ठीक समयमा आइपुग्यौं नि, होइन त ?

गीता— अहिले ठिक्क पार्छे मैले हतार नलगाएको भएदेखि तेरो सोह्र सिंगार पूरा हुन अझै कतिबेर लाग्थ्यो !

सीता— छि: यो गीते त ! अर्काको किन रिस गर्नुपऱ्यो ?

गीता— (हाउभाउका साथ) त्यति भन्दा पनि रिस गरेको हुन्छ त ? भएको कुरा भनिदिएँ त के भो !

सीता— तँ पनि मेरो कोठामा चिहाएर फर्केर गई फेरि अर्को लुगा फेरेर आएकी त होस् नि ।

रूपा— भोभो, धेरै झगडा नगर अब । (कुमारीतिर फर्केर) बोल् न कुमारी ! निकै गम्भीर देखिन्छेस् नि ।

कुमारी—होइन होइन, त्यत्तिकै । अलि टाउको दुखिराख्या छ ।

सीता— हिजो रूपाले दिएको भाषण कति राम्रो हगि कुमारी !

गीता— म बसेको छेउका मान्छेहरू त कति दङ्ग परेका भने, कुरा गरेर साध्यै छैन । बूढाबूढीहरू पनि 'यी नानी त कस्ती ज्ञानी ! सबै दु:खसुख भोगेको जस्तो कुरा–गराइ छ; कठै ! हाम्रा छोरी पनि यस्तै भइदिए त कस्तो हुन्थ्यो ।' भन्दै कराएर उत्पात ।

रूपा— ताली पनि कति ओइरिएको नि ! एउटा वाक्य बोलिसक्न पाएको छैन, गटटट ताली पड्कने ।

सीता— रूपा त मख्ख परेर के भन्नू !

रूपा— तिमी नि त तिमी ! अस्ति कविता–गोष्ठीमा ताली पाउँदा फुलेको चाहिँ कसले भनिदेओस् ।

गीता— त्यसो त कविता कति क्रान्तिकारी थियो नि ! अहिले नै मैदानमा गइहालूँ जस्तो ।

रूपा– त्यसो त मेरो भाषण पनि त कम थिएन नि कसैको भन्दा ! भाषण दिदाखेरि मैले त अरू सबै कुरा भुलिसकेकी थिएँ । मेरो संसार नै अर्कै भइसकेको थियो । झन् त्यो गोर्खा–भर्तीकेन्द्रबारे बोल्दा त बूढा बूढीहरू बसेका ठाउँबाट जुरुक–जुरुक उठेका ! **(कुमारीतिर हेर्दै– कुमारी झोक्राएर बसेको देखेपछि)** होइन, हाम्री मात्रै कुरा गर्ने कि कसो ? तँ त केही पनि बोल्दिनस् । तँले पनि त भाषण सुनेकी थिइस् नि ! कस्तो लाग्यो ?

कुमारी–**(घृणाले खुम्चेको मुखलाई सकेसम्म सपार्दै)** कमाल गऱ्यौ रूपा तिमीले त ! यस्तो उग्र भाषण गर्न सक्छचौ भन्ने त सोचेकै थिइनँ ।

सीता– तिमी किन कतै भाषण पनि दिन्नौ ? यसो कवितै पढे पनि हुने ।

कुमारी–खोइ सीता ! मसँग त्यत्ति प्रतिभा नै छैन जसले जनतालाई प्रभावित तुल्याउन सकूँ ।

रूपा– **(उपहासको स्वरमा)** यो ? यस्तो कायर आइमाईले पनि केही गर्न सक्छे ? न कतै जुलुसमा जान्छे । न कतै भाषण दिन्छे । खाली किताब-को कीरो मात्रै बनेर के गर्नू ? **(आफैंलाई देखाएर)** हामी जस्तो आइपरेका वखत जे पनि गर्न पछि नहट्ने हुनुपर्छ बुझिस् ? मैले कत्ति-चोटि भनें, क्याम्पसमा पढ्ने मान्छे त अलि फुर्तिलो हुनुपर्छ भनेर । कानमा बतास लगाए पो !

**(कुमारीको अनुहार विवर्ण हुँदै खस्कँदै जान्छ ।)**

गीता– साँच्ची कुमारी ! तिमी त अलि छिटो छरितो देखिने कोशिश पनि गर्दिनौ । सधैंभरि उही एउटै लुगा लगाएको छ । अलि टिपटप बनेर त हिँड्ने गर्नुपर्छ । कस्तो मान्छे छिः तिमी त !

कुमारी–तिमीहरूसँग दाँजिएर हिँडौं ! यो मेरो औकातभन्दा बाहिरको कुरा हो । मलाई जस्तो प्राप्त हुन्छ उस्तै भोग्छु गीता ! **(अलि उत्तेजित भएर)** मलाई कसैका अगाडि आडम्बर देखाउनु छैन । खोक्रो पेटलाई कस्मिराको कोटले ढाकेर हिँड्न चाहन्न । गरिबी फेशनले छोपिन सक्तैन । आडम्बरले हाम्रो स्थिति सुध्रन सक्तैनी । एउटा नेपालीको समस्या अर्को कुन नेपालीलाई थाहा हुँदैन र ? हामले यसरी विदेशी रौनक देखाएर हिँड्न सुहाउने कुरा होइन । झिपेटलको गुन्द्रुक र चामलको भातलाई विदेशी 'कस्मेटिक्स'ले छोप्न मलाई लाज लाग्छ गीता !

सीता– यो गीतेलाई पनि केके मात्रै भन्नुपऱ्या हो ! बिचरी सोझी मान्छेलाई !

रूपा– होइन कुमारी ! तँ किन यसरी बम्केकी ? गीताले भनेको कुरा ठीकै त हो नि ! आफ्नो घरको दुःख अरूलाई देखाउनु किन पर्‍या छ ? अलि राम्रा एक–दुई जोर लुगा हाल्दैमा के बिग्रन्छ र !

कुमारी–छाड्दे यस्ता कुरा ! आज मेरो मनःस्थिति नै ठीक छैन । केके भनें केके । बरु अरू नै कुरा गर् न !

सीता– रूपा ! आज हामी यहाँ आउनुको कारण बताइदेऊ न ! बरु चाँडो गरौं ।

रूपा– आज यिनीहरूले फिलम हेर्ने कार्यक्रम राखेका रहेछन् । पहिले चिया खुवा न कुमारी !

**(कुमारी असमञ्जसमा पर्छे ।)**

गीता– ढिलो भयो भने फेरि टिकट पाइँदैन, जाऔं न चाँडो !

रूपा– तिमीहरू पनि धन्नका छौ, दश–बीस रुपियाँ बढी तिरेपछि त टिकट पाइहालिन्छ नि !

ल त कुमारी ! चिया चाँडो लिएर आ । बरु अरू केही पनि ल्याउनु पर्दैन ।

सीता– होइन होइन, चिया उतै खाउँला, पहिला फिलम हेर्न जान तयार होऊ न !

कुमारी--विन्ती ! म फिलम हेर्न जान सक्तिनँ, असाध्यै टाउको दुखिराखेको छ ।

रूपा-- फिलम हेरेपछि 'ब्रेन वाश' भइहाल्छ नि ! टाउको–साउको दुखेको सब चट ! दिमाग एकदम साफ ।

कुमारी--**(दृढ स्वरमा)** यसमा तिमीहरूले कर गर्नै पर्दैन । म कुनै पनि हालतमा तिमीहरूलाई साथ दिन सक्तिनँ ।

रूपा-- लौ, तँ नगए पनि चिया चाँडो लिएर आ त ।

**(कुमारी चिया लिन जान्छे । ऊ हिँडेपछि उनीहरू कुमारीकै बारेमा कुरा गर्न थाल्छन् ।)**

गीता-- छिः यो कस्ती पछौटे मान्छे रहिछ । क्याम्पसमा पढ्ने मान्छे पनि यस्ता हुन्छन् कहीं ?

सीता-- फेरि यी पहाडतिरकाहरू चाहिँ पैसा खर्च गर्न यस्ता कन्जूस हुन्छन् कि के भन्ने ?

गीता-- यो रूपा पनि उस्तै, अलि आफ्तो स्तर मिल्नेसँग त सङ्गत गर्नुपर्छ । दुई खुट्टाले उभिएको मान्छे भए पुग्यो ।

रूपा-- सार्है ग्वाँदी छ है यो केटी त ! अघि गीताले त्यसो भन्दा कस्तो अमिलो मुख लगाएकी ।

सीता-- जत्तिखेर पनि पुस्तक पढेर बसेकी छछ ! कस्तो रमाइलो पनि गर्न मन नलागेको होला छि !

(कुमारी चिया लिएर आउँछे ।)

गीता-- छिः कुमारी ! व्यर्थै किन दुःख गरेकी होला ।

सीता-- हामी उतै गएर खाइहाल्थ्यौं नि ! तिमी फिलम हेर्न नजाने भएपछि यो दुःख किन बेसाइरहनुपर्थ्यो !

रूपा-- केही छैन, हाम्री साथीले खुवाइहाल्छे नि ! **(कुमारीलाई धाप दिंदै)** कि कसो त कुमारी ?

कुमारी--साथीहरू घरमा आउँदा जाबो चिया खुवाउनु पनि कुन ठूलो कुरो भो त !

**(त्यत्तिकैमा चिया खाएर सबै जान्छन् । कुमारी खुइय्य सुस्केरा हालेर बस्छे । फेरि उठ्छे । कोठामा घुमिरहन्छे । कागजपत्रहरू छिरल्छे । त्यत्तिकैमा एउटा खाम भेट्छे । 'मेरी आमाको चिठी !' भन्दै त्यो खाम खोलेर पढ्न थाल्छे । नेपथ्यबाट आर्द्र स्वरमा चिठी पढिएको आवाज आउँछ । चिठी पढिंदै जान्छ । कुमारीको अनुहारको रङ्ग बदलिंदै जान्छ ।)**

मेरी प्यारी छोरी,

**आशीर्वाद,**

कुमारी ! तँ मेरी आँखाकी नानी ! आज तँलाई कताकता टाढा पठाएर आफू यहाँ एक्लै बस्नुपरेको कुरा सम्झँदा मुटुमा भक्कानो परेर आउँछ तर जब म आफ्नो बितेको जीवन र समाजलाई हेर्छु, अनि किन किन तँलाई रोक्ने हिम्मत नै आउँदैन । लौ छोरी ! राम्रोसँग पढेर मेरो इच्छा पुर्‍याइदे । अझै आलै र उत्तिकै चहर्‍याइरहेको घाउ केही निको पारिदिन्थिस् कि भन्ने आशाले तँलाई शहरमा पढ्न पठाएकी छु ।.........

कुमारी--आमा ! म पढ्छु । तपाईंको सपना साकार पारिदिन्छु, तर आमा ! म कसरी अगाडि बढूँ ? मेरा बाटामा अनेकन् बाधाहरू यसरी तेर्सिराखेका छन् । म कसरी अगाडि बढूँ आमा ? यिनीहरू थाहै नदिई कनसुत्लो भएर कानमा पस्छन् । मगजमा स्याउँस्याउँ बच्चा पार्छन् । एकैचोटि खप्पर फुटेर गिदीको ठाउँमा कनसुत्लाका बच्चाहरू छरिन्छन्; अनि ! अनि !! त्यही दिन मात्र हामी छक्क पर्छौं । मगजभित्र नै यिनै छाडावादी कनसुत्लाहरूको अखडा जमिसकेको हुन्छ । बाहिरबाट

हेर्दा जस्ताको तस्तै, भित्रभित्रै स्वाहा ! कति दिन मात्र कानमा रुवा कोचेर सुन्नु ? **(चिठी समातेर फेरि पढ्न थाल्छे ।)**

...... छोरी ! बाबुको स्नेहसमेत मैले नै दिएर तँलाई लालन–पालन गरें । तेरा बा स्कूलमा मास्टर हुनुहुन्थ्यो । गाउँका सिधासाधा जनतालाई असाध्यै माया गर्नुहुन्थ्यो । सधैं गरीब दुःखीका पक्षमा बोल्नुहुन्थ्यो । हामीलाई पनि 'तिमीहरू कहिल्यै विउँझन सकेनौ' भन्नुहुन्थ्यो । महिलाहरूले आवाज मात्र उठाऊन्, म तिनलाई जीउ-ज्यानले भ्याएसम्म सघाउँछु भन्नुहुन्थ्यो तर उहाँले कुन्नि के नराम्रो गर्नुभयो अरे ! त्यो त मलाई थाहा छैन । उहाँलाई झ्यालखानामा लगेर थुने । केही वर्षपछि उहाँ मरेको खबर सुनें, लाशसम्म देख्न पाएकी होइन । हाम्रो समाजको परम्पराअनुसार म अर्धजीवित मान्छे ठहरिएँ । हाम्रो समाजमा विधवा हुनु के छ, सबैको हेला, घृणा उसमाथि वर्सन थाल्छन् । परम्पराले विधवालाई सद्दे हूँदाहुँदै पनि आडे लौरी टेकेर हिँड्न कर लगाउँछ । छोरी ! तिमी नै मेरी आशा-पुञ्ज हौ, मेरो भविष्यको दीप हौ, चन्द्र हौ, तारा हौ !......

कुमारी–आमा ! हामीलाई यही परम्परा र यिनै परम्परावादीहरूले निकै सताइराखेका छन् । तर, तर.........

**(आवेशमा आउँदा सास फुल्छ)**

**(दर्शकहरूतर्फ देखाउँदै)** तिमीहरू हाम्रो मस्तिष्कलाई भुटेर ऊर्वर-ताहीन बिलकुल बाँझो तुल्याउँछौ । यही होइन तिमीहरूको परम्परा ? आखिर त्यस परम्पराको साङलोमा खिया जम्दै गएपछि एकदिन अवश्य चुँडिने छ र अझै तिमीहरू पछिल्तिरै धकेलिनेछौ । हाम्रा गतिशील पाइलाहरूलाई रोक्न त के ? छुनै पनि सक्ने छैनौ, बुझ्यौ !

**(फेरि चिठी पढ्न थाल्छे ।)**

... ... तेरो बाबुको रगतै–रगतले हात रङ्गाएर कति वीभत्स अनुहारहरू मलाई राति सपनामा तर्साउन आउँछन् । म कहालिएर उठ्छु, सहारा कतै केही पाउँदिन । नानी ! तैंले ती सपनामा तर्साउन आउने हातहरूलाई टुक्राटुक्रा पारेर काटिदिनुपर्छ । यस्ता यी अनिंदा रातहरू म अब कति पो थेग्न सक्छु होला र ?

कुमारी–आमा ! तपाईं धन्दा नमान्नुहोस् । मेरो नसा–नसामा कुदिरहेको मेरा स्वाभिमानी बाबुको रगतलाई कहिल्यै अपमानित हुन दिनेछैन । **(क्रमशः सास फुल्दै गएको आभाष हुन्छ)** म ती हातलाई टुक्राटुक्रा पार्छु । अनि, अनि त्यो रात धूमधामसँग दीपावलि मनाउँछु ।

(कुमारीका साथीहरू एकछिन अघिदेखि नै त्यहाँ आइपुगी कुमारीको यो क्रियाकलाप हेरिरहेका हुन्छन् तर कुमारीलाई पत्तो हुँदैन । एउटी कुमारीको नजिक जान्छे र बिस्तारै बोलाउँछे ।)

शकुन्तला– कुमारी ! एइ कुमारी ! के भो हँ तँलाई ? किन यसरी बहुलाही जस्ती भएर एक्लै फतफताइराखेकी ?

शान्ता– होइन, तिनीहरूले के भने हँ तँलाई ? बुझिस् शकुन्तला ! तिनीहरू मान्छे नै होइनन् । तिनीहरूको छातीभित्र प्लाष्टिकको मुटु छ, यसैले अर्काको दुःखले कहिल्यै पनि तिनीहरूको मुटु दुख्दैन । मान्छेकै मुटुले मात्र मान्छेको मुटु चिन्न सक्छ ।

शकुन्तला– होइन कुमारी ! तिमी पनि कस्ती ! तिमी किन तिनीहरूलाई आफ्नो डेरामा नआओ भन्न सकिनौ ? आखिर हामीले तिनीहरूको साथ नपाउँदा बेफाइदा नै पो के हुन्छ र ?

(शान्ता टोलाएर झ्यालबाट बाहिर हेरिरहन्छे ।)

कमला– एकचोटि सुध्रने मौका सबैले पाउनुपर्छ । उनीहरूलाई त त्यो मौका पनि नमिलेको होइन । मुड्कीका भरमा आफ्नो स्वार्थसिद्ध गर्न खोज्छन् ।

कुमारी– तिनीहरू त हाम्रो समाज बिगार्ने साधारण नमूना मात्र हुन् । यस्तै यस्ता मिलेर देशलाई भित्रभित्रै जर्जर तुल्याउँदै गइरहेछन् । पैसाले तिनीहरूको हृदय भुटिइसक्यो, गरिब दुःखीका निम्ति त्यहाँ माया पलाउनै सक्तैन । त्यही पैसाले तिनीहरूको मगज भुटिइसक्यो, त्यहाँ कुनै राम्रो विचार झ्याङ्गिनै पाउँदैन । सचेत युवा पुस्ता पनि यसरी ध्वस्त बन्दै गएपछि भोलिको यो देश कसको टेवामा उभिने ?

शकुन्तला– कुमारी ! तिमी आज निकै आवेशमा आएकी जस्ती छौ नि !

कमला– झगडा परेन त ?

कुमारी– मुटुभित्रको 'आह' लाई एकैछिन भए पनि मुस्केराका भाकाले छोपेर शीतल पार्ने कोशिश गर्दै थिएँ शकुन्तला ! एक्लै हुँदा खसालेका ताता आँसुका डाम कसैले नदेखून् भनेर तिनलाई सकीनसकी अट्टहासले छोप्ने कोशिश गर्छु तर पटक्कै सक्तिनँ । मुटु एकदम जलेपछि थाहै नपाई मुखबाट तातो उच्छ्वास निस्किहाल्दो रहेछ ।

(त्यत्तिकैमा कोठाबाहिर कोही आएको आभास तिनीहरू पाउँछन् ।)

शकुन्तला– ए कुमारी ! बाहिर हेर् त, कोही आए जस्तो छ ।

कमला– **(यसो चिहाएर फर्केपछि)** तिम्रो गाउँबाट कोही आउनुभएजस्तो छ नि !

**(अधबैंसे महिला ढोकामा देखा पर्छिन् । कुमारी हुत्तिदै गएर आमालाई ढोगिदिन्छिन् । सबैले नमस्कार गर्दै बिछ्यौनामा लगेर बसाउँछन् ।)**

आमा– **(छोरीको कपाल मुसार्दै)** नानी ! तँ सन्चै छस् ? तँलाई केही त भएको छैन त छोरी ? किन अनुहार निन्याउरो देख्छु नि !

कुमारी– होइन आमा ! मलाई केही भएकै छैन । कति चाहिँ पक्कै हो भने आज विहानैदेखि तपाईंको सम्झना असाध्यै आउँदै थियो । खोइ किनकिन तपाईंको सान्है निरासो लागिरहेको छ ।

तर, तपाईं यहाँ अपर्झट कसरी आइपुग्नुभो त ?

शकुन्तला– ए कुमारी ! आमालाई भोक लागेको होला । पहिला खाने प्रवन्ध मिलाइदेऊ न । अनि कुरा गरौंला ।

आमा– मैले वसमा नै खाजा खाएर आएकी छु भरे सुत्ने वेलामा भात खाउँला, भैहाल्यो नि ! यी सबै तेरा साथी हुन् त ?

शान्ता– हो आमा ! हामी सबै उसैका साथी हौं । आमा ! तपाईंले कुमारी एक्ली छ भनेर फिक्री लिनै पर्दैन । हामी उसका हरेक सुख–दुःखमा साथ दिन्छौं ।

कुमारी– हो आमा ! मैले धेरै अधैर्यका क्षणहरूमा यिनीहरूबाट ढाडस पाएकी छु । अन्यौलका स्थितिहरूमा थुप्रै राम्रा सुझाव पाएकी छु । वास्तवमा मैले धेरै असल–असल साथीहरू पाएकी छु । तर आमा ! सबै साथी कहाँ असल मात्रै हुन्छन् र ?

आमा– अनि तेरा वदमाश साथीहरू पनि छन् त ? ल है नानी ! त्यस्ताको सङ्गत गर्नुहुँदैन ।

कुमारी– त्यस्ताको सङ्गत गर्न कहीं जानै पर्दैन । अलिकति कमजोर भएको थाहा पाए कि दूषित कीटाणु झैं आक्रमण गर्न आइपुगिहाल्छन् ।

शकुन्तला– ती दूषित कीटाणुले हाम्री कुमारीलाई पनि सताउन थालेका छन् । हामी सबै मिलेर तिनलाई दोहोलो कटाएर छाड्छौं, तर आमा ! तपाईंले फिक्री मान्नुपर्दैन । यस्ता दूषित कीटाणुहरू जहाँ पनि हुन्छन् । यो कुमारीको मात्र समस्या नभएर धेरै धेरैको समस्या हो ।

कुमारी– अघि म सोद्धै थिएँ, कुरा अन्तै मोडियो। अनि, तपाईं कसरी अपर्झट आइपुग्नुभो त ?

आमा– यता विद्यार्थीहरूको आपसमा मारपिट चल्दै छ रे भन्या सुनें। फेरि आफ्नै साथीले आफ्नै साथीलाई गोली हाने रे ! सपना पनि नराम्रो देखें। तँलाई पो केही भयो कि ! भनेर हामफाल्दै आइपुगें।

कुमारी– चिठी पठाउनु भएको भए त भइहाल्थ्यो नि ! हेर यसरी दुःख पाउनुपर्थ्यो त ? तर मलाई त राम्रै भयो। तपाईंको असाध्यै निराश लागेको थियो।

शकुन्तला– गाउँतिरका अरू कोही पनि आउने थिए कि ?

आमा– आम्मै ! म एक्लै त किन आउन सक्थें ! हामी आइमाईले त फुकीफुकी पाइला चाल्नुपर्छ। हामीलाई त प्रत्येक पाइलामा खतरा सिवाय केही छैन। एक्लै दुक्लै कहीं जाने आँट आउँदैन।

शकुन्तला– यहाँको सामाजिक व्यवस्था नै यस्तै छ आमा ! यस समाजकाहरू त हामी नारी जातिलाई मान्छे नै गन्दैनन्।

कमला– कतै कुनै काममा हामीसँग केही सोधपुछ नै गर्दैनन्। नत्र त परेका वखत हामी पनि त बुद्धिको काम गर्न सक्छौं नि !

आमा– नानी हो ! लोग्नेमान्छेको जति बुद्धि त हाम्रो के हुन्थ्यो ? बल, बुद्धि सबैमा हामी पछाडि नै पर्छौं।

शकुन्तला– खोइ आमा ! तपाईं पनि यही समाजको कुसंस्कारले ग्रस्त मान्छे त हो नि ! यस्ता कुराहरू बुझ्न किन सक्नुहुन्थ्यो ! हेर्नोस् आमा ! आइमाईहरू बुद्धिमा कमजोर हुन्छन् भनेर यसै समाजका दुष्टहरूले हल्ला फिँजाए। पछि त्यही रूढ हुँदै गयो। हामीलाई बुद्धि बढ्ने क्रियाकलापमा सामेल हुन दिएनन्। धर्मको नशा पियाएर हाम्रो बुद्धि भुटे। हामीलाई घरभित्रैका काममा अलमल्याएर राखे। बलेसीमा लक्ष्मणरेखा कोरिदिए।

कमला– साँच्चै आमा ! हाम्रो सामाजिक कुव्यवस्थाले हामीलाई सधैं अबलाका रूपमा मात्र हेर्ने गरेको छ। तर हामी सचेत महिलाहरूलाई यो कदापि सह्य छैन। हामी यी सब कुसंस्कारका बन्धनहरूलाई तोड्न चाहन्छौं। हामी सबै जुट्यौं भने हाम्रो एकताका अगाडि कसैको केही चल्दैन।

शान्ता– हो आमा ! अब हाम्रा दिदीबहिनीहरूले स्वतन्त्रताका लागि मरिमेट्नुपर्छ।

कुमारी– सम्पूर्ण मानव मात्रको मुक्ति–यात्रामा हामी स्वयंलाई समर्पित गर्न सदा तत्पर छौं ।

शकुन्तला– हामी हिँड्ने बाटो हामीलाई नै निर्धारण गर्ने स्वतन्त्रता मिल्दैन भने हामी पनि इमान्दार भएर उनीहरूले तोकेको बाटोमा नहिँड्न सक्छौं, त्यो हाम्रो खुशी हो ।

आमा– तर छोरीहो ! आइमाई मान्छे भएर धेरै स्वतन्त्र पनि हुन खोज्नु हुँदैन । कसै न कसैको रेखदेखमा त बस्नैपर्छ होला । तिमीहरू पढेलेखेकाहरू, हामीभन्दा जान्नेसुन्ने छौ । मैले त के जानेकी छु र !

कुमारी– आमा ! तपाईं डराउनुपर्दैन, हामीले स्वतन्त्रता भनेर कुनै पनि नियम–बन्धनमा नै बस्न चाहँदैनौं भनेका होइनौं । सम्पूर्ण मानव मात्रका लागि आइपर्ने बन्धन सहन हामी पनि पछि पर्दैनौं तर आमा ! जब मानव–मानवकै बीचमा एउटा अग्लो पर्खाल लाग्छ, अनि हामीलाई असह्य हुन्छ, चिच्याउन थाल्छौं ।

शान्ता– हो आमा ! हामी स्वच्छन्दता चाहिरहेका छैनौं । यदि हामी पुरूष-सरह सुखदुःख भोग्न तयार छौं भने हाम्रो विचारले पनि अभि-व्यक्तिको अवसर पाउनुपर्छ ।

कमला– अर्को कुरा, जब भोलिको युग नै हामीले सह्यालनुपर्छ भने हामी आफ्नो जिम्मा आफैं लिन सक्तैनौं र ? हामीलाई हाम्रै जिम्मामा किन छाडिन्न ? उत्तरदायित्व वहन गर्नुपर्ने भएपछि हामी आफ्नो जिम्मेवारीमा पनि अवश्य सजग हुन्छौं ।

शकुन्तला– हामीलाई गतिछाडा बनाउने पनि यही समाज हो ।

शान्ता– हामीहरूले यस सोचाइलाई यसरी नै विकसित गर्दै लग्यौं भने हामीहरूको घरसङ्घारमा हामीहरूले सपनामा देखेको युग आफैं ओर्लने छ ।

शकुन्तला– तर यसका लागि हामीहरूले पनि आफ्ना विचारलाई सङ्कुचित घेराबाट मुक्त गर्न सक्नुपर्छ ।

कुमारी– संस्कारले हामीलाई साँच्चै नै नराम्रोसँग अँठ्याइराखेको छ ।

आमा– खोइ नानी हो ! तिमीहरूले त धेरै जानेबुझेका छौ ।

कुमारी– यही 'जान्नु' नै सबैभन्दा ठूलो दुःख रहेछ । हामी कस्तो बन्धन-भित्र सड्दै छौं भन्ने चेतना हामीमा नउब्जिएको भए हामीले यति छट्पटिनै पर्ने थिएन ।

आमा– भलो हुने काम गर । धेरै होहल्ला गर्नुहुँदैन । सधैंलाई दिगो हुने खालको काम गर्नुपर्छ । लौ नानी हो तिमीहरूले चिताएको पुगोस् ।

कुमारी– मेरी आमाको निःसासलाग्दो रुवाइले खुला द्वार खोजिरहेछ । आमा ! म चुप लागेर बस्नेछैन ।

शान्ता– **(एक्कासि झस्केर बाहिरतिर देखाउँदै)** ऊः हेर्नुहोस् आमा ! त्यो के हो ? के हो त्यो ? आहा, कति राम्रो ! कति आकर्षक !

शकुन्तला– **(उत्कण्ठित हुँदै)** त्यहाँ त रातो आभा पो पोतिँदै छ !

कुमारी– हो, सूर्य आफ्नो लालीले संसारलाई सिँगार्न खोजिरहेछ ।

कमला– आहा ! कति राम्रो ! हामी त्यसलाई कसरी आफ्नो जिन्दगीमा फिँजाउन सक्छौं ? ए साथी हो ! भन न त्यो आफैं आउँछ ?

शान्ता– होइन होइन, हामी नै जाऔं, त्यो लाली टिपेर प्रत्येक नेपालीका अधरमा सजाऔं ।

कुमारी– ए ! ए ! ए ! सूर्य त डुब्न पो लागेछन् । खोइ हामी नेपालीका आङ्मा तातो घाम लागेको ? खोइ हामी हिँड्ने बाटो छर्लङ्ग भएको ? त्यस सूर्यले हामीलाई एकछिन पर्खनुपर्छ ।

सबैजना– **(पाइला अगाडि बढाउँदै)** जाऔं साथीहरू ! चाँडो जाऔं, अबेर नगरौं । त्यो रातो सूर्यलाई उम्कनै नसक्ने गरी मुठीभित्र कसिहालौं ।

# बादल फाट्न खोजिरहेछ

(एउटा मध्यम वर्गीव परिवारको सुत्ने कोठा। दुईजना प्रौढ स्त्री र पुरुष कोठामा बसेर छलफल गरिरहेछन्। कहिले उनीहरूको स्वर डुब्दै जान्छ त कहिले उज्यालिँदै जान्छ। उनीहरू दुबै गम्भीर छन्।)

राम– ए रमा ! अब के गर्ने होला ? हामीले त झन्डै–झन्डै स्वीकृति दिई नै सक्यौं भन्दा पनि हुन्छ। दीप्तिले के सोच्ली हँ ?

रमा– एकचोटि छोरीलाई नैं सोध्न पाए हुन्थ्यो।

राम– पढे–लेखेकी छोरी, एकचोटि त सोध्नुपर्छ कि !

रमा– अरू छोरी जस्ती होइन त्यो, कस्तीकस्ती अनौठो खालकी छ।

राम– छोरी त्यति अबुज्झकी त छैन जस्तो लाग्छ। हामीले भनेको कुरा कसरी नटेर्ली त ?

रमा– तैपनि, शुरुमै सोध्न पाए वेश हुन्थ्यो। अझै त केही बिग्रिहाल्या छैन। जीवन बिताउने उसले हो, हामीले होइन। दीप्तिसँग एकचोटि सोध्न त नसोधी हुँदैन।

राम– कुटुम्ब असल भेटिएका छन्। पढेलेखेका पनि, धनी पनि। यस्तो सबैथोक त्याङठ्याङ मिलेको घर भेट्न त निकै गाह्रो पो पर्छ त ! एकथोक भए अर्को थोक हुँदैन, अर्को थोक भए अर्को थोक हुँदैन।

रमा– हुन त यो पूरा नगरी नहुने कर्तव्य हो। तैपनि आफूले पालीपोसी हुर्काएकी छोरीलाई यसरी एक्कासि अर्काको जिम्मा लगाएर पठाउने भन्दा कसोकसो मुटु चस्की हाल्दो रहेछ।

राम– के गर्छेस् त रमा ! छोरीको कर्मै उस्तो, आफ्नो रगतको नातालाई बिर्सेर अर्कै कसलाई–कसलाई नजिक देख्नुपर्ने।

रमा– त्यति गरेर फेरि उसले माया पाए त हो ! हाम्रो समाजका सासू, ससुरा, लोग्ने, देवर, जेठाजु, नन्द, आमाजू सबैजना बुहारीलाई त रोबोट देख्छन्, केवल रोबोट ! यन्त्रमानव !

राम– तिमी त फेरि अर्कोचोटि बुहारी हुन लाग्यौ जस्तो छ नि !

रमा— हो, हो खूब ! के मैले आफू बुहारी हुँदाका ती दिन यति सजिलै बिर्से हुँला त ? अहिले पनि त्यसभन्दा कति खुड्किला पो माथि उठेकी छु र ?

राम— आज त तिमी पनि अनौठा–अनौठा कुरा गर्न लाग्यौ नि !

रमा— साँच्चै दीप्तिका बुबा ! छोरीको बिहेको कुरा चलेदेखि मन नै कस्तो–कस्तो भइरहेछ । छोरीलाई अन्माएर पठाएपछि त बौलाही पो हुन्छु कि क्या !

राम— छोरीलाई छाड्न नसके तिमी पनि जानु क्या छोरीसँगै ! म बूढो-लाई के छ ? तमाखु खान्छु, दोबाटाको चौतारीमा गएर दिनभरि गफ चुट्छु, अनि बेलुकी आएर घुप्लुक्क सुत्छु ।

रमा— तपाईंलाई त के छ र ! ढुङ्गाको मुटु हुने लोग्नेमान्छेको जातलाई ! हरेक कुराले सजिलै छुने र छुनेबित्तिकै आँसुको भल उमार्ने त हामी जस्तैलाई त हो नि !

राम— भो भो, धेर नहेप । यही हातले खेलाइ–हुर्काइ गरेकी छोरीलाई बिदा गरेर पठाउँदा मेरो आत्मा छटपटाउन्न होला त ? जे भए पनि बाबु हुँ । मेरो मन रुन्छ, आँखालाई तिमीहरूले जस्तो सजिलै रुन दिन्नँ । तिमीहरू जस्तो सानोतिनो कुरामा पनि पानी भरेको बेलुनलाई सियोले घोचे जसरी भलभलती आँसुको मूल नै फुटाउने होइनौं क्या हामी !

रमा— छिः कस्तो कुरा बनाउन सक्या होला ! रुनुपर्ने बेलामा त रुन्छौं त ! मनले त हामी पनि रुन्छौं भनेर तपाईंहरू आफ्नो मुटुलाई ढुङ्गाको होइन भन्ने प्रमाणित गर्न खोज्नुहुन्छ । तर मुटु नै फुटेर आएपछि आँसुको भललाई पनि कहीं परेलीका बाँधले रोक्न सक्छन् र ? किन व्यर्थै यथार्थ लुकाउन खोज्नुहुन्छ ?

राम— हो हो, मानें लौ ! हार भो मेरो । तिमीहरू जस्तो कुरौटे जात-लाई पनि हामी कहीं कुराले जित्न सक्छौं त ?

रमा— छि है तपाईं त असाध्यै होच्याएर कुरा गर्न सक्ने मान्छे ! अरू त हामीले के नै पाएका छौं र ? पेटभरि रुन्छौं, बेसरी गफ गर्छौं, अर्काको कुरा काट्छौं । जसरी पनि समय बिताउनै पऱ्यो । उच्च काम र वातावरण नपाएपछि हामीसँग अर्को उपाय नै के छ र ?

राम— कुटुम्बहरू उता कोठामा पर्खिराख्या छन् । हामी चाहिँ यहाँ झगडा गरेर बसिराखेर त भएन । अब छोरीलाई बोलाउनुपऱ्यो । के भन्छे !

रमा– दीप्ति ! ए छोरी ! नानी !

राम– पढेर बसेकी होली । किन नबोलेकी हैं त्यो ? दिउँसो–मण्डल सुन्नु त नपर्ने हो । ए छोरी ! दीप्ति !

**(नेपथ्यबाट 'हजूर' भनेको आवाज आउँछ ।)**

झट्टै यहाँ आऊ त बा ! एकछिन तिमीसँग काम छ ।

**(नेपथ्यबाट– आएँ बुबा ! म आएँ ।)**

दीप्ति– **(प्रकट)** किन बोलाउनुभएको हजूरले ?

राम– तिमीसँग एउटा सल्लाह गर्नु छ ।

दीप्ति– के होला बुबा ! म के सल्लाह दिन सकूँला र ?

राम– तिम्रै सम्बन्धमा सल्लाह लिन खोजेका हौं ।

दीप्ति– **(अलि झस्के जसरी)** मेरो सम्बन्धमा ?

राम– हो छोरी ! तिम्रै सम्बन्धमा हो । परम्परादेखि चलिआएको रीति-रिवाज, सबैले त्यसैमा चलन करै लागिहाल्छ । सामाजिक रीति-थितिलाई बेवास्ता गरेर समाजमा बाँच्न पनि त कठिनै हुन्छ नि !

दीप्ति– बुबा ! हजूरले के भन्न खोज्नुभएको ? मैले त बुझ्नै सकिनँ ।

राम– बुझ्छयौ छोरी ! सबै बुझ्छयौ । तिमीलाई माग्न आएका छन् । बढेकी छोरी, कसरी तिमीसँग एक वचनसम्म नसोधी कुरा छिन्नु भनेर तिमीलाई बोलाएका हौं ।

दीप्ति– अहिले के हतार छ र बुबा !

रमा– अब त ठूली पनि त भयौ । धेरै वर्षसम्म छोरीलाई बिहा नगरी राख्यो भने मान्छेले कुरा काट्छन् ।

दीप्ति– **(रुन्चे स्वरमा)** उसोभए हजूरहरूलाई साँघुरो भइसक्यो होइन त ?

राम– तिमी किन अबुज्जकी भएकी नानी !

दीप्ति– अबुज्जकी भएकी होइन बुबा ! तर हजूरहरू मेरो मनको कुरा बुझ्ने चेष्टा किन गर्नुहुन्न ?

रमा– के छ त छोरी ! तिम्रो मनमा ? भन न हामीलाई ।

दीप्ति– भर्खर त मेरो पढाइ सकियो । यतिन्जेल मैले खाली हजूरहरूलाई दुःख दिएँ, एकोहोरो सेवा लिएँ ।

रमा– लौ हेर, यस लाटीले के भनेकी ?

दीप्ति– होइन मुमा ! पहिले मेरो कुरा त सुन्नुस् । हजूरहरूले शिक्षाको उज्यालोले मेरो चेतना उकास्नुभो । मलाई स्वाभिमानको पाठ सिकाउनुभो । तर आजसम्म मैले हजूरहरूका निम्ति के गर्न सकेकी

छु र ! मलाई पनि हजूरहरूको सेवा गर्ने मौका दिनुस् । नत्र त हजूरहरूको गुणको भारीले म सधैंभरि थिचिई नै रहने छु । कहिल्यै टाउको उठाउन नसक्ने हुनेछु ।

राम– अनि तिमीले हाम्रो ऋण चुकाउन खोजेकी ?

दीप्ति– होइन बुबा ! म हजूरहरूको ऋण त आजन्म सेवा गरेर पनि चुकाउन सक्दिनँ । लौ त, हजूरहरू नढाँटीकन भन्नुहोस् त, के कुनै बाबुआमाले छोराछोरीप्रतिको आशालाई अभ्यन्तरमा पालेका हुँदैनन् ?

राम– छोरी ! म यहाँनिर तिमीसँग ढाँट्न सक्दिनँ, तर छोरी ! सबै परिस्थिति, बाध्यता आदिले गर्दा हामी लज्जित छौं । हामी हृदयभित्रको चाहनालाई तिम्रा अगाडि राख्न सक्तैनौं ।

दीप्ति– परिस्थितिलाई यथार्थले फुल्चन सक्नुपर्छ बुबा !

राम– त्यो कसरी सम्भव छ र छोरी ?

दीप्ति– सम्भव छ बुबा ! त्यसलाई म सम्भव बनाउन सक्छु । मान्छेले भित्रदेखि आँटेपछि सम्भव नहुने कुरा नै के छ र ?

रमा– किन यति जिद्दी गरेकी नानी ! तिम्रो हामीप्रति यत्तिको श्रद्धा रहेछ । यसैले नै हामी सन्तुष्ट छौं । तिम्रो जस्तो हृदय भएकी छोरी पाउने बाबुआमा त धन्य छन् ।

राम– फेरि छोरी ! कुटुम्बहरू पनि उत्तिकै कर गरिरहेछन् ।

दीप्ति– उसो भए हजूरहरूलाई म यहाँ भएको साँघुरै भएछ होइन त ?

राम– छोरी ! तिमीलाई हामी सधैं आँखामा राख्न चाहन्थ्यौं, तर त्यो समाजले सहन सक्तैन । यसैले अब तिमी आँखाबाट ओझेल भए तापनि मुटुभित्रको मायामा चुर्लुम्म डुबेर बस । शरीरले तिमी जति टाढा हुँदै जानेछयौ, हाम्रा मुटुका भित्री तहमा मायाको गाँठो बनेर उत्ति नै जम्दै जानेछयौ । छोरी ! धन्दा नमान ।

दीप्ति– बुबा ! उसोभए त्यो माग्न आउने केटासँग म आफैं कुरा गर्छु । मौका दिनुहुन्छ ?

रमा– के भन्छयौ दीप्ति उसलाई ?

राम– झगडा पो गर्छ्यौ कि ?

दीप्ति– झगडा किन गरूँ ? तर एकचोटि कुरा गरी हेर्न मन लागेको छ । दुवै थरीले दुवै थरीको विचार नबुझेसम्म जिन्दगी जस्तो बिताउने कुरामा एकैचोटि कहाँ निर्णय लिन सकिन्छ र ?

राम– हो त्यो त, पछिसम्मकै भाग हेर्नुपर्छ ।

रमा– तर होश गरेर कुरा गर है छोरी ! यस्ता कुटुम्ब हत्तपत्त फेला पर्दैनन् नि !

दीप्ति– नपरे झन् जाती ! होइन र मुमा ! कम्तीमा पनि म हजूरहरूको सेवा गरेर बस्ने मौका त पाउँछु कि ?

राम– त्यसो नभन छोरी ! नत्र त हाम्रो हृदय रुन्छ ।

दीप्ति– हजूरहरूलाई मेरो विहे गराइदिएर मात्र त शान्ति मिल्दैन नि ! अहिले केही विचारै नगर्दा पछि मेलमिलाप हुन सकेन भने त्यसबेला हजूरहरूले पनि रगतको आँसु झार्नुपर्ने छ । मेरो त कुरै छाडौं न !

राम– पढेलेखेकी छौ, कतैबाट पनि गाल नपर्ने किसिमले कुरा गर । हाम्रो इज्जतको पनि विचार गर ।

दीप्ति– हवस् बुवा ! हजूरले धन्दा मान्नुपर्दैन । म गएँ । ऊसँग दुईचार कुरा गर्छु । त्यसपछि हजूरहरू दुवै थरीको जे विचार हुन्छ त्यही गर्नुहोस् ।

× × ×

**(दुवै जना बैठक कोठामा जान्छन् । रमेश पत्रिका हेरेर बसिरहेको हुन्छ ।)**

राम– यही हो मेरी छोरी दीप्ति ।

रमेश– म चिन्छु यिनलाई ।

राम– **(अचम्म मान्दै)** ए ! हो र ? अनि दीप्ति पनि चिन्छ्यौ त ?

दीप्ति– चिन्छु बुवा ! एक किसिमले त हामी साथीसाथी जस्तै पनि हौं ।

रमेश– हाम्रो युनिभर्सिटीमा पढ्दाको चिनजान हो ।

राम– बेश भो त उसो भए !

रमेश– तिमी त ददलिइछौ नि !

दीप्ति– बदलिएँ हुँला, तर तिमी त उही बेलाका जस्तै रहेछौ । ठीक उस्तै । कुरा गराइ, हँसाइ सब उस्तै रहेछ ।

राम– लौ त छोरी ! चिनजान गराउनुपर्ला भनेर आएको थिएँ । पहिलेदेखिकै चिनजान रहेछ, बेश भो । तिमी कुरा गर । म अहिले जान्छु । एकछिन बाहिर जाने काम छ । **(प्रस्थान)**

रमेश– म आएको काम त थाहा पायौ नि !

दीप्ति– पाएँ, किन नपाउनु ?

रमेश– तर तिमीले अचम्म त मानिनौ त ?

दीप्ति– **(हाँस्दै)** मानिनँ, किन मान्नु र ? तिम्रो रूपको त म पहिलेदेखि नै पूजा गर्थें ।

रमेश– उसोभए तिमी मलाई पहिलेदेखि नै मन पराउँथ्यौ क्यार ।

दीप्ति– तिम्रो रूपको तारिफ गर्थे ।

रमेश– तर तिमीले मलाई कहिल्यै केही भनिनौ नि त !

दीप्ति– भन्ने आवश्यकता पनि त थिएन । किनभने रूप त आँखाका लागि हुन्छ । जसको रूप जसका आँखाले पिए पनि हुन्छ तर त्यो रूपवान् आफ्नै हुनुपर्छ भन्ने पनि त केही छैन नि !

रमेश– शायद, तिम्रा दृष्टिमा त्यही पनि सत्य निक्लन सक्ला !

दीप्ति– मेरा दृष्टिमा रूप जीवनका लागि नभएर आँखाका लागि हो, केवल आँखाका लागि । जीवनका लागि त धनी मन–मस्तिष्क चाहिन्छ ।

रमेश– खोइ दीप्ति ! मैले त तिम्रो 'धनी मन मस्तिष्क'को परिभाषा बुझ्नै सकिनँ ।

दीप्ति– बुझ्छौ रमेश ! सब बुझ्छौ । केही छिनमा बुझिहाल्नेछौ । अहिले हतार नगर ।
तिमी धनी छौ हगि ?

रमेश– खान लगाउनलाई पुगेकै छ भन्नुपर्‍यो ।

दीप्ति– काठमाडौंमा घर छ होइन त ?

रमेश– हो, बागबजारको घर भाडामा दिएका छौं, डिल्लीबजारको घरमा आफै बसेका छौं ।

दीप्ति– बेश, साह्रै बेश । अनि खेतीपाती पनि त होला ?

रमेश– पहाडको घरमा मान्छे राखेका छौं । अधियाँमा लगाएका छौं सबै जग्गा । अनि तराईको जग्गा पनि बटैयामा लगाएका छौं । कहिले-काहीं हेरविचार गर्न दाजुहरू जाने गर्नुभएको छ ।

दीप्ति– साह्रै खुशीको कुरा पो सुनायौ त ? अनि जागीर पनि त होला नि !

रमेश– एयरपोर्ट भन्सारमा दुई वर्ष भो जागीर खान लागेको ।

दीप्ति– बेश, बेश । अति राम्रो । साह्रै सम्पन्न पो रहेछौ ।
उसोभए तिमी मेरो इच्छा पुर्‍याउन सक्छौ ?

रमेश– भन न खुलस्त, तिम्रो विचार पनि बुझौं ।

दीप्ति– तिम्रो महिलासम्बन्धी दृष्टिकोण कस्तो छ ?

रमेश– यसलाई अझ प्रस्ट पारिदेऊ न त !

दीप्ति– नजिकैबाट भन्दा तिमी पत्नीलाई कस्तो स्थान दिन चाहन्छौ ?

रमेश– यो त खास कुनै जिज्ञासा नै भएन नि ! परिवारमा महिलाको के कस्तो दायित्व हुन्छ, तिमीलाई थाहा छैन र ? घरको सम्भार गर्ने,

साजसज्जा गर्ने, पकाउने–तुल्याउने र सबैलाई खुवाउने। गृह–सञ्चालनसम्बन्धी अधिकार र दायित्व सबै उसैको त हुन्छ।

दीप्ति– यही परम्पराजनित अनुना जीवनको उकुस–मुकुस नै विवाहित महिलाको चरम प्राप्ति हो उसोभए तिम्रो विचारमा ?

रमेश– बिहा गरेर स्वास्नीले लोग्नेको इच्छाअनुसार पकाएर खुवाइन भने सेवा गरिन भने त्यस स्वास्नीको के प्रयोजन ?

दीप्ति– **(साह्रै अचम्म मानेर)** ए ! त्यसो ? महिलाहरूले आपना सम्पूर्ण इच्छा, आकांक्षा, क्षमता लगेर चूल्होमा झोस्नैपर्ने उसोभए ?

रमेश– उनीहरू त्यसैमा आदन्दित हुन्छन् र हुनुपर्ने पनि हो। किन ? तिमी यसको प्रतिपक्षमा छयौ र ?

दीप्ति– हो, मलाई घरको चारपर्खालभित्र बन्द हुन मन पर्दैन। अन्य महत्त्वपूर्ण सिर्जनात्मक कार्य गर्न सकिने यस समयलाई त्यसरी नै बरबाद गर्नुपर्ने बाध्यता नै के छ र ?

रमेश– **(हाँसेर)** अनि के उसलाई पूजा गरेर राख्ने त ?

दीप्ति– अनि के उसको आफ्नो जिन्दगी हुँदैन त ? मान्छे जति नै सभ्य भएँ भनेर फुले तापनि यस्ता सङ्कुचित सोचाइले गर्दा समाजबाट विकृति हट्न सकेको छैन। जुन समाजमा नारीत्वको सम्मान हुँदैन त्यो समाज सभ्य एवं सुसंस्कृत ठहरिन सक्तैन। र, तिमी पनि त्यही असभ्य समाजका अपाङ्ग उपज रहेछौ।

रमेश– दीप्ति ! तिमी बहुलाउन त लागिनौ ? नजाने आज तिमी केके बक्दैछयौ ?

दीप्ति– तिमी सभ्य, सुशिक्षित र सुसंस्कृत छौ भनेर नै आज यी सब व्यथाहरू पोख्दै छु। या त तिम्रो पुरुषत्वले मेरो हाँकको सक्दो विरोध गरोस् ता कि म त्यसैमा नारीत्वको जागृतिको सिर्जनशील मसला प्राप्त गर्न सकूँ !

रमेश– कति नारीत्वको सम्मान खोज्छयौ ? सम्मान मागेर लिने कुरा होइन। अनि यो त दोहोरो हुनुपर्छ। तिम्रो नारीत्वलाई सम्मान चाहिन्छ भने मेरो पुरुषत्वलाई सम्मान अवश्य चाहिन्छ।

दीप्ति– हो, सम्मान दोहोरै हुनुपर्छ, म यसलाई हृदयतः स्वीकार्छु। हामीले पुरुषत्वको कहिले पो अनादर गरेका छौं र ? तर जब तिम्रो पुरुषत्व कुमार्गमा लाग्छ अनि हामी त्यसलाई घृणाले थुक्छौं। त्यसमा हाम्रो के अपराध ? हो, त्यसोभए तिमीले आफूलाई सुमार्गमा हिँडाउन यी सामाजिक विडम्बनालाई तोड्नुपर्छ। नयाँ

समाजको निर्माण गर्नुपर्छ जहाँ पुरुषत्वले सम्मानित हुन जानोस्, नारीत्वले सम्मान पाउन सकोस् । त्यो दिन नआइन्जेस वर्ग-विषमताको खाडलबाट वर्ग–सङ्घर्ष चर्किई नै रहनेछ ।

रमेश– **(खिसीको हाँसो हाँस्दै)** वा ! वा ! वा ! तिमी सङ्घर्षको कुरा गर्ने ? सङ्घर्षको नाम लिँदै भित्र चाहिँ मुटु थरहरी भइराखेको होला ! बाहिर भने खूब सङ्घर्षको डिग हाँक्ने ! सक्छ तिमीहरूको कमजोर मुटुले सङ्घर्षलाई थेग्न ?

दीप्ति– **(जोशपूर्ण आवेगमा)** के रे ? हाम्रो मुटु कमजोर रे ! बिलकुल होइन । कमजोर होइन बरु बलियो मुटु लिएर नै युगौं युगको तिमीहरूले दिएको ताडना सह्यौं । बरु अब चाहिँ हाम्रो मुटु चर्कंदै गइरहेछ । हाम्रो सहनसक्ने क्षमता कमजोर हुनथालेको छ । यसैले हाम्रो यो मार्मिक चीत्कारले क्षितिजलाई ढाक्न खोजिरहेछ, आकाश-लाई छेड्न खोजिरहेछ । कोही समर्थवान् छौ भने अँगाल धर्तीलाई, छोप आकाशलाई र लुकाऊ क्षितिजलाई ।

रमेश– तिमी किन यस्ती रणचण्डी भएर निस्केकी हौ ? तिमी कुन समाज-की उपज हौ भन्ने कुरा सोचेकी छौ ? एउटी हिन्दू कुलकी नारी भएर यस्ता कुरा गर्न सुहाउँछ तिमीलाई ? सहन सक्नु नारीको ठूलो गुण हो । यसैले तिमी सहनशील बन्ने प्रयत्न गर ।

दीप्ति– समय र परिस्थितिको पेलाइमा परेर मभित्रको नारीत्व उद्घाटित हुँदै छ रमेश ! के यस उद्घाटनलाई पुरुषवर्गले सहन सक्ला ? हामी नारीले धेरै सह्यौं र हाम्रा विशिष्ट गुणमध्येकै कहलिन थाल्यो 'सहनशीला' उपाधि पनि । यही 'सहनशीला' भन्ने शब्दकै नेल हथकडीले हामीलाई कजाई राख्न खोज्यौ । तर कतिन्जेल कजाइराख्न सकौला र अब ? आजका चेतनशील नारीहरू आफू 'सुशीला' भएर 'सहनशीला' को बोक्रे फुक्र्याइमा रम्न चाहँदैनन् । तिमीहरू पनि कहिल्यै 'सहनशील सुशील, हुने प्रयत्नमा लाग्यौ र ?

रमेश– उसोभए तिमी हिन्दू संस्कारलाई मान्न तयार छैनौ होइन त ? अनि सामाजिक परम्परालाई पनि सजिलै लात मार्न सक्छ्यौ होइन त ?

दीप्ति– **(दृढताका साथ)** हो, वर्गीय हितदेखि परका कुरालाई म सजिलै लात मार्न सक्छु । अनि तिमीले जसलाई सामाजिक परम्परा भन्यौ शायद त्यो भानुभक्तको 'वधूशिक्षा' तिर लक्षित छ !

रमेश– भानुभक्तको 'वधूशिक्षा'लाई उसोभए तिमी सम्मान दिन सक्तिनौ ?

दीप्ति– (हाँस्दै) भानुभक्तले 'वधूशिक्षा' जस्तै 'वरशिक्षा' पनि लेखेका भए तिमी त्यो वरशिक्षालाई सम्मान दिन सक्थ्यौ ?

रमेश– किन नसक्नु ? सक्थें । म त पूजा गरेर राख्थें त्यसलाई बुझ्यौ ?

दीप्ति– हो, त्यो लेखिएन, यसैले सक्थ्यौ । तर भानुभक्तले 'वधूशिक्षा'का साथै 'वरशिक्षा' पनि लेखिदिएका भए शायद समाजमा केही सन्तुलन हुन्थ्यो कि !

रमेश– आइमाईको विश्वास हुँदैन भन्या पनि साँच्चै हो रहेछ जस्तो लाग्न-थाल्यो । तीनमाना चामलको भात अटाउने पेटमा तीनवटा कुरा अटाउँदैनन् । जे जति जान्या र सुन्या छ त्यो मनमा राख्न सक्छौ र तिमीहरू ? जे मुखमा आयो त्यही फलाक्या छ । कस्तो जात ! छि :

दीप्ति– आइमाईको विश्वास हुँदैन भन्छौ नि तिमी ! तिमीले उसलाई कहिल्यै विश्वासपात्रका रूपमा कदर गऱ्यौ र ? आफू विश्वासपात्र बन्न नपाएकोमा ऊ विक्षिप्त बन्न थाली । जब यदाकदा तिम्रै कमजोरीले उसले केही विश्वास पाई, अनि उसलाई आफू विश्वास-पात्र भएको कुरा नाचीनाची सबैलाई सुनाउन मनलाग्यो र सुनाइ । अनि तिमी नै फेरि आइमाईका पेटमा कुरा अड्दैन भनेर हल्ला फिँजाउन थाल्यौ । यदि तिमी त्यस नारीको ठाउँमा भए हामीले जस्तै युगौं–युग यो व्यथा निलेर बाँच्न सक्थ्यौ ? के यो तिम्रो पुरुषत्वलाई हाँक होइन ?

रमेश– आइमाईका कुरामा लाग्यो भने संसार नै बिग्रन्छ । यिनै आइमाईकै कारणबाट इतिहास, पुराणमा पनि लडाइँ–झगडा भएको लेखिएको छ । झन् आजका यी आधुनिकाहरूले त केके मात्रै गरेर छाड्ने हुन् अब ?

दीप्ति– हाम्रो एक–एक थोपा रगतमा विश्वबन्धुत्व पाउनेछौ, यदि तिमीले त्यसको कदर गर्न सक्यौ भने । तर तिमी महिषासुर बन्छौ भने प्रत्येक नारी महामाया बनेर शङ्ख फुक्तै तिमीसँग लडाइँ गर्नेछ, तिमीलाई मूर्छित पार्नेछ । अझ पनि तिमीले आफ्नो महिषासुरको रूप त्यागेनौ भने तिमीलाई मारिदिने छ ।

रमेश– दीप्ति ! तिमी किन यो एकोहोरो कुर्लाइ बोकेर हिँडछ्यौ ? तिम्री नारीलाई राक्षसले पिँजडामा थुनेर राख्यो भने तिमी के गर्छ्यौ ? त्यहाँ पनि महामाया बनेर शङ्खनाद गर्न सक्छयौ ?

दीप्ति– शायद यो तिमीलाई थाहा छैन होला; सुन र चाँदीको लट्ठी प्रयोग गर्दैन आजको राक्षसले र पिँजडामा धुनेर पनि राख्तैन । त्यति धैर्य पनि आजको राक्षसले गुमाइसकेको छ । बरु आज सुन र चाँदीका ती छडीहरू कुनै राजकुमारीले सह्मालिरहेकी छ । अब उसले त्यस राक्षसलाई चाँदीको लट्ठीले छोएर सधैं सधैंका निम्ति मूर्छामा पार्ने छ ।

रमेश– राक्षसलाई मूर्छा पार्नुअगावै त्यो राजकुमारी 'पोखराकाण्ड' मा परी भने नि ?

दीप्ति– 'पोखराकाण्ड दोहोरिएला, होश गर्' भनेर धम्की दिनुसम्ममा त अडेको छ आजको पुरूषको पुरुषत्व ! आफ्नो यस्तो वाक्य बोलाइ-प्रति तिमी खोइ कहिल्यै लज्जित हुनसक्यौ ?

रमेश– लाज त फरिया लगाउनेलाई पो लाग्छ त ! लज्जा त नारीहरूको गहना नै हो नि ! तिमीलाई थाहा छैन र ?

दीप्ति– लज्जा हामी नारी मात्रको पेवा होइन, बुझ्यौ रमेश ? लाज मान्नु-पर्ने ठाउँमा तिमीहामी सबैले लाज मान्नुपर्छ । होइन भने हामी मात्रै निर्लज्ज पुरुषका अगाडि लज्जाको घुम्टो ओढेर विवेकको उज्यालोदेखि वञ्चित हुन चाहँदैनौं । नारीत्वको चिहानमाथि अब उसको लज्जाले पनि निर्लज्ज भएर चीत्कार गर्न थालेको छ । नारीत्वको चिहानमाथि थुपारेको नारीप्रतिको तिम्रो आदर्शलाई त्यही नारीत्वले क्रमशः चिहानभित्र तान्दै लगिरहेछ र तिम्रो बोक्रे आदर्शलाई चिहानमा पुरेपछि ऊ निःशङ्क हाँस्दै सगरमाथाको शिखरबाट विजयको झन्डा फहराएर स्वर्गतिर फर्कंदै मुस्कुराउने छ र नरकतर्फ फर्कंदै युगको बलियो हाँकले सबैलाई थर्काउने छ ।

रमेश– सक्छ्यौ दीप्ति ! तिमी त्यही सगरमाथामा सधैं बसिरहन ? भन त, सक्छ्यौ तिमी ? तिमीलाई हिउँदेखि डर लाग्दैन ? तिम्रा हात गोडा अलि–अलि गरेर झर्दै गए भने ? तिम्रो मुटुसम्मै चिसो पुग्यो भने ? त्यसबेला पनि तिमी यस सगरमाथाबाट ओर्लन्नौ ?

दीप्ति– हिउँले हामीलाई केही गर्न सक्तैन । हाम्रो मुटु यति जलेको छ कि बरु उल्टै त्यसका तापमा टिक्न नसकेर हिउँ नै पग्लँदै–पग्लँदै जानेछ । हाम्रो मुटुभित्रदेखि हामीलाई पिल्स्याउँदै निस्केको यो आगोको ज्वाला तिमीहामी बीचको यो कालो पर्दालाई चपाएर मात्र शान्त हुनेछ ।

(ढोका खुलेको आवाजका साथै आमा भित्र पस्छिन् ।)

रमेश– तिमी किन पुरुषवर्गसँग यसरी क्रोधित भएकी छ्यौ ? पुरुषवर्ग नै तिमीहरूको सङ्घर्षको लक्ष्य हो कि कसो ?

रमा– (बीचैमा कुरा काटेर) होइन, हाम्री दीप्तिले के भनी हँ ? कहाँबाट आयो यो सङ्घर्षको कुरा ?

दीप्ति– होइन मुमा ! हजूरले सुरुदेखि कुरा सुन्नुभएकै छैन, यसैले बुझ्न सक्नुहुन्न । बरु हाम्रो यो कुरा टुङ्ग्याउन दिनु नै वेश होला । (सुस्केराको भाकामा) नजाने किन हो ? आज मेरो मनसा आँधी चलेको छ । नढाटीकन भन्ने हो भने मेरो मनभित्र त सधैंभरि नै आँधी चलिरहेकै हुन्छ तर आज यस आँधीले अरूलाई समेत हल्लाउन खोजिरहेछ । चल्न दिनोस् मुमा ! यस आँधीलाई, विश्रान्ति त मिल्ला नि कुनै दिन यसलाई पनि ।
भन न त रमेश ! अरू पनि केही सोध्नु छ कि ?

रमा– (हाँस्दै) चियाखाजा त खाँदै गरे हुने नि दुवैले ! फेरि आँधीले उडाउला यसलाई पनि ।

रमेश– अँ त दीप्ति ! अघिकै प्रसङ्गबाट कुरा अगाडि बढाऊँ । के यस्तो सङ्घर्षमा तिमी सफल हुन सक्छ्यौ त ? यो सङ्घर्ष नै आजको युगको माग हो त ?

दीप्ति– रमेश ! तिमी निश्चिन्त होऊ । मेरो यो पुरूषवर्गप्रतिको द्वेष होइन। बरु, यो हाँक हो तिनलाई जो आज यहाँ विद्यमान सामाजिक विसङ्गतिको नशा पिएर लट्ठिएका छन्, आफ्नो गन्तव्य भुलिरहेछन् । ती पुरूषलाई हाम्रो मुक्ति–यात्रामा स्वागत छ जसको सामाजिक विसङ्गतिको नशा उत्रिसकेको छ र जो नशा उतार्न प्रयत्नरत छन् । हामी तिमीहरू जस्तो एकलकाँटे यात्रालाई पूर्ण सम्झन सक्तैनौं ।
र, मेरो तर्फबाट युद्ध छेडिइसकेको छ ।

रमेश– म आज यहाँ आउनुको के प्रयोजन भयो त ? अब यस जिज्ञासाको समाधान चाहन्छु । यसको उत्तर दिन चाहन्छ्यौ तिमी ?

दीप्ति– पर्ख, वर्ग–विषमताको खाल्डोबाट उम्कने केही उपाय छ कि ! म एकचोटि राँको बालेर नियालिहेर्छु । केही उपाय निस्केछ भने तिमी हामी मिलेर हातेमालो गर्दै त्यो खाल्डो पार गरौंला । अनि त्यही दिन म विजयलाभको सिन्दूर सिउँधोभरि सजाउनेछु । मेरो

परिभाषाअनुसारकै धनी भएर निस्कयौ भने मेरो सिउँधोमा सिन्दूर सजाउने हात तिम्रै पनि हुन सक्नेछ । म अहिले गएँ, अब हातमा उज्यालो राँको लिएर मात्र फर्कनेछु । सक्छौ भने त्यस दिनलाई पर्खेर बस ।

**(ढोका खोलेर दीप्ति बाहिर निस्कन्छे । ढोका खुलै रहन्छ, पर्दा मात्र लाग्छ । त्यहाँबाट हिँड्न लागेकी दीप्ति भित्र आफ्नो कुरा चलिरहेको सुनेर रोकिन्छे, ढोकादेखि बाहिरपट्टि, पर्दाले छेलिएर ।)**

रमा– होइन, यो छोरी किन बौलाएकी ? केको राँको खोजेकी हो ? त्यो राँकोले कसलाई सल्काउन खोज्दै छ ? किन गालपारा भएर निस्केकी यो ? अरू केही पनि होइन. बाबुचाहिँले बढी पुल्पुल्याए-कीले टाउकामा टेकिसकी ।

रमेश– होइन होइन, दीप्ति बौलाएकी होइन । हाम्रो गफको सुरुमै उनले आफ्ना मान्यताहरू पोखन खोजिन् । उनमा अहंबोध कतिसम्म रहेछ भनेर मैले उल्टासुल्टा तर्कहरू राखिदिएँ ।

रमा– आफै भन्नुस् न ! घरमा आएका पाहुनासँग त्यसले त्यसरी बाझ्न हुने हो त ?

रमेश– मुमा ! सबै चेतनशील मान्छेका आ–आफ्नै अडान हुन्छन् । सबैजना त्यसै अडानमा अडिन सके मात्र जीवन सफल भएको ठान्छन् । आत्मसम्मान धुजाधुजा भएको सहन सक्तैनन् । दीप्ति पनि तिनै चेतनशीलमध्येकै हुन् ।

रमा– दीप्तिका यस्ता कुरा सुनेर उता घरवाहरूले के भन्नुहुने हो ? बाबु-को पनि मन कुँढाइदिई ।

रमेश– होइन मुमा ! त्यसमा धन्दा मान्नै पर्दैन । दीप्ति आफ्नो सपनाबाट नहच्किऊन्, अडानमा नलड्खडाऊन्, यही मेरो कामना छ । आफ्नापनहरूको जगेर्ना गर्दै बाँच्न सक्नु नै वास्तवमा जीवन हो । म दीप्तिका विचारहरूको कदर गर्छु ।

रमा– दीप्ति !

दीप्ति– **(नजिकैबाट)** हजूर ! **(देखापर्छे)**

रमा– ए ! तिमी त्यहीं थियौ ? भित्र आऊ न । बस **(बस्छे)**

रमेश– **(हाँसेर)** राँको भेट्टायौ त ?

दीप्ति– **(मुस्कुराएर–आनन्दसँग)** भेट्टाएँ ।

रमेश– कहाँ ?

दीप्ति– जूनमा, फूलमा, आकाशमा, धर्तीमा। एउटै शब्दमा भन्नुपर्दा– जीवनमा।

रमेश– क्षितिज शायद हाँस्न खोजिरहेछ।

दीप्ति– बादल पनि फाट्‌न खोजिरहेछ।

रमेश– धरती अब बिस्तारै उज्यालिँदै जानेछ।

★

# पहाडलाई के सजाय दिन्छौ ?

**(नेपथ्यबाट 'शोभा ! हामी आयौं है !' भन्ने आवाज आउँछ ।)**

शोभा— आउनुस् न, जाऊँ भित्रै ।

रमेश— तपाईं किन स्कूल नआउनुभएको ?

शोभा— यत्तिकै, पढाइ निकै छुट्यो होला हगि ?

उमेश— तपाईं बिरामी हुनुभएछ क्यार ! भनेर हेर्न आएका हामी त !

शोभा— आउन त अलिअलि ज्वरो पनि आएको हो तर अहिले त निको पनि भइसक्यो ।

रमेश— अब कहिलेदेखि आउनुहुन्छ त ?

शोभा— शायद भोलिदेखि आउँछु होला ।

उमेश— यो त फाइनल दिने वर्ष, पढाइ नछुटाउनु होला है !

रमेश— अब त टेस्ट पनि त आइपुग्यो नि !

शोभा— अब छुटाउँदिनँ, सधैं आउने गर्छु । साँच्ची अस्ति स्कूलको कार्यक्रममा खूब रमाइलो भो हैन ?

रमेश— हो नि ! भयो त । तपाईं आउनुभएन भन्दैमा कार्यक्रम नै राम्रो नहुने त होइन नि !

शोभा— मैले त्यसो त कहाँ भनें र ? आफूले हेर्न पाइनँ भनेर पो !

रमेश— अब स्कूलको वार्षिकोत्सव आउँदै छ, त्यसमा तपाईं नाटकमा भाग लिनुहोला ।

उमेश— भोलिदेखि स्कूल आउने होइन त ?

शोभा— आउँछु । एकैछिन त बस्नोस् । चियासम्म त खाएर जानोस् ।

दुबै— होइन होइन, दुःख नगर्नोस् । अहिले हामीलाई हतार छ । फेरि-फेरि आउँदा खाउँला चिया ।

**(यति भन्दै उनीहरू जान्छन् । शोभा पुस्तक लिएर पढ्न बस्छे । पढ्न गाह्रो भइराखेको जस्तो लाग्छ । हत्केलाले निधारमा हिर्काउँछे । हातमा पुस्तक लिएर टाढाटाढा हेरेर टोल्हाउन थाल्छे । एक्लै भुतभुताउँछे ।)**

शोभा– जति पढ्यो उति टाउको दुखेर आउँछ। पढेको दिमागमा केही घुस्दैन ! कसरी पो पास गर्ने होला, छिः।

ज्ञानु– (भित्र पस्दा पस्दै) एइ शोभा ! बौल्लाउन लागिस् कि क्या हो ! के एक्लै बसेर फतफताइराखे.ी ?

शोभा– ईः हेर् न ! जति पढे पनि मगजमा घुस्दैन। जाँच आइसक्यो !

ज्ञानु– 'हातमा पुस्तोक, मनमा दशथोक' गर्न लागेपछि त्यस्तै हो। मन नडुलाईकन पढ्नुपर्छ, अनि पो आउँछ त !

शोभा– मैले कहाँ मनलाई डुल्न पठाएकी छु र ?

ज्ञानु– बरु आफैं डुल्न जान्छु भन्दे न !

शोभा– कस्तो अर्काको कुरा सुन्ने धैर्य पनि नभएकी, छिः अर्काले के भन्न लाग्या हो, बुझ्नु–सुझ्नु छैन, बीचमा प्याच्च बोलिदियो, सकियो।

ज्ञानु– (मीठो रिस देखाउँदै) ओहो मालिक्नी ! बिराएँ। अगाडि मर्जी होस् न ! हजूरको बेइमानी मनले कसरी दुःख दियो ?

शोभा– जा शैतान तँ पनि, अर्कालाई कहाँ गएर डाँको छाडेर रोऊँ जस्तो भइरे'छ। तँ चाहिँ खिसी गर्छेस्।

ज्ञानु– ल तँ त एकै छिनमा किन गम्भीर भएकी नि ? शधैं त निकै हाँस-ख्याल गर्थिस्, त्यही सम्झेर गफ गरिदिएँ। तँ साँच्चै चिन्तित छस् भन्ने थाहा पाएकी भए मरे पनि क्यै भन्दिनथें। भन् न शोभी ! के भन्न लागेकी थिइस् नि !

शोभा– यही मनको कुरा गर्न लागेकी नि ! पटक्कै एक ठाउँमा बस्ने होइन, जति नियन्त्रण गरूँ भने पनि कहाँकहाँ पुगेको छछ। मलाई त दिक्क लागिसक्यो।

ज्ञानु– मनलाई सकेसम्म भौंतारिन दिनुहुँदैन। नत्र त यसले पिरोल्छ पो त !

शोभा– खोइ ज्ञानु ! (सुस्केरा छाड्छिन्) म त पठाउँदिन यसलाई, तर कहाँ–कहाँबाट के के कुरा आएर बलजफती तानेर लैजान्छ। मचाहिँ हेरेको हेर्‍यै हुन्छु।

ज्ञानु– तँ त हाँस्ने गफ गर्ने हल्काफुल्का मान्छे ! तेरो मन पनि यति गह्रौं होला भन्ने त सोचेकै थिइनँ।

शोभा– उसोभए म आफना व्यथालाई अट्टहासले ढाक्न निकै सफल भइछु होइन त ?

ज्ञानु– मार्नुपर्छ तँलाई, तर आज त चिप्लँदै छस् नि !

शोभा– हो ज्ञानु ! आज असाध्यै मन आँताइरहेछ । आँखा यसैयसै रसाउन थाल्लान् जस्तो भइरहेछ ।

ज्ञानु– तँ किन यति भावुक भएकी शोभी ! अलि मन सह्माल्ने कोशिश गरी हेर् न !

शोभा– मन अडिने ठाउँ नै नभएपछि कसरी सह्मालूँ यो क्षुब्ध मनलाई ? मेरो मन अडिने ठाउँ नै तिनीहरूले भत्काइदिइसके । म हिँड्ने बाटोमा नै तिनीहरूले पैह्रो लडाइसके । तँ नै भन् न ज्ञानु ! कसरी सह्मालूँ यस मनलाई ?

ज्ञानु– को हुन् तिनीहरू ? कसले तँलाई यस्तो गरे ?

शोभा– उनै त हुन् नि ज्ञानु ! जसले पोहोर साल मेरी आमालाई झन्डैझन्डै विधवा तुल्याइसकेका थिए, अनि जसले झन्डैझन्डै हाम्रो संसार लुटेका थिए । तँले चिनिनस् र !

ज्ञानु– ए, चिनें ! **(सुस्केरा)** किन नचिन्नु ? मान्छे कतिसम्म नीच हुन-सक्तारहेछन् हगि ?

शोभा– **(अलि आवेशमा)** खोइ ज्ञानु, तिनीहरूप्रतिको क्षोभ कसरी मात्र व्यक्त गरूँ ? कुन शब्दले मात्र बोक्न सक्ला र तिनीहरूको दुष्टचा-इँलाई ? मलाई त तिनीहरूको अनुहार देखनासाथ थुकुँ थुकुँ लागेर आउँछ । नैतिकताको आडम्बरले मात्र यसलाई येनकेन ढाकिरहिछु ।

ज्ञानु– तँले त तिनीहरूको के नै बिगारिदिएकी छस् र ? सम्झेदेखि तँ पनि छोरी नै होस् ।

शोभा– के कुरा गऱ्या तँले यो ! त्यस्ता अधमले पनि कहीं त्यस्तो विचार गर्न सक्छन् ! दाज्यू–भाइको अंशमुद्दा पऱ्यो भन्दैमा हामीमाथि पनि यस्तो व्यवहार गर्नुहुने त थिएन नि ! हामीले त बाबुआमा-पछिका मान्यजन काकाकाकी नै हुन् भनेर मानेकै थियौं, तर उनी-हरूले भने हामीलाई देखिसहेनन् ।

ज्ञानु– हम्रा पनि काकाकाकी छन् । दाज्यू–भाइका बीचमा उनीहरूको पनि झगडा छ, तर हामीलाई राम्रै गर्छन् । समाजमा अर्थको समान वितरण नभएसम्म यो अंशमुद्दाको झगडा कहिल्यै टुङ्गिंदैन ।

शोभा– अचाक्ली गरिसके ज्ञानु यिनीहरूले ! कसरी सहूँ म आफूमाथिका यी सम्पूर्ण आरोपहरू ? कति दिनसम्म मुटु थिचेर यी वेदनालाई लुकाइराखूँ ?

ज्ञानु– काकी पनि असाध्यै सङ्कुचित विचारकी रहिछन् । अघि म यहाँ आउन लाग्दा बाटामा भेट भएको थियो । ओहो ! केके भनेकी

हुन् केके ? म त छक्क परें । अघि यहाँ रमेश र उमेश आएका थिए रे होइन ?

शोभा– हो, म किन स्कूल गइनँ भनेर बुझ्न आएका रहेछन् । एकैछिन बसेर भर्खरै मात्र हुन् निस्केका पनि । किन र ? काकीले त्यसबारे फेरि केही भनिन् ?

ज्ञानु– भो, छाड्दे शोभा ! म उनले तँलाई भनेका कुरा मुखबाट उच्चारण पनि गर्न सक्दिनँ । मुखमा जे आयो त्यही बोल्या छ । छिः कस्तो छिचरो बोली ! उनका पनि त छोरी छन् । फेरि त्यसमाथि उनी पनि त यही समाजकी शोषित–पीडित नारी हुन् नि ! जब उनी एउटी नारी भएर अर्की नारीको हृदयमा पर्नसक्ने चोटको अनुमान गर्न सक्दिनन् भने काका त लोग्नेमान्छे पो ! कहिले पो उनीहरूले नारीत्वको सम्मान गर्न जान्या छन् र ?

शोभा– त्यो संवेदनशीलता उनीभित्र भइदिए त के चाहिएको थियो र ! तर किन उनमा नारी मात्रको मर्म बुझ्न सक्ने मुटु पलाएन ? किन उनले आफ्नो नारीवर्गको अस्तित्वलाई नै बिर्सिन् ? नारीत्वको स्वाभिमानले उनलाई किन कहिल्यै झस्काएन ? कुनै पनि नारीको नारीत्वमाथि तुषारपात गर्नु चानचुने अपराध होइन । यसको सजाय तिनले भोग्नैपर्छ ।

ज्ञानु– भाइबहिनीहरू त झुम्मिन्छन् क्यारे तँसँग !

शोभा– मसँगचाहिँ झ्याम्मिएको जस्तो गर्छन् । उता घरमा गएरचाहिँ बाबु-आमालाई भएनभएका कुरा लगाउँछन् !

ज्ञानु– किन यस्तो देखी नसहेका होलान् ?

**(शोभाकी आमा आउँछिन्)**

आमा– कसले देखी सहेन नानी ?

ज्ञानु– शोभाको कुरा गर्‍या नि आमा ! काकाकाकीले कस्तो नसहेको ?

आमा– तिनीहरूले गर्दाखेरि नै त यो सकिन लागिसकी । पढ्न पनि मन गर्दिन ।

ज्ञानु– अचेल त स्कूल पनि जान्न क्यारे !

आमा– कोठामा एक्लै भई कि पिलपिल आँसु झार्न थाल्छे ।

शोभा– **(मीठो रिस देखाउँदै)** होइन क्या ! यो आमा पनि !

आमा– निदाएको बेलामा पनि सरमर दाह्रा किट्छे । केके, केके बरबराउँछे ।

ज्ञानु– के भन्छे आमा राति ?

आमा– भनेर साध्यै छैन । आज राति त 'म बदला नलिई छाड्दिनँ' भन्दैथी । हिजो राति चाहिँ 'थिचिएकाहरूको उठ्ने दिन पनि त आउँछ होला' भन्दैथी ।

शोभा– **(आमाको नजिक आउँदै)** हो र आमा ! मैले त्यसै भनें रे ?

आमा– **(दिक्क मान्दै)** देख्यौ ज्ञानु, अब म कसरी सह्यालूँ यो छोरीलाई ? **(विन्ति गरेको भावमा)** ज्ञानु, यसलाई सम्झाइदेऊ न वा ! म त...... **(कुरा लुकाउँछिन्)** बरु हेर, आज तिम्रोमा जाओस् यो । अरू एक–दुई दिन बस्छे भने पनि बसोस् ।

**(बाहिरबाट कसैले बोलाएको सुनिन्छ । आमा निस्कन्छिन् ।)**

ज्ञानु– **(द्रवित स्वरमा)** शोभा ! **(छेउमै गएर कुममा समाउँदै)** शोभा !

शोभा– **(आँखाभरि आँसु लिएर एकछिन ज्ञानुलाई हेर्छे । अनि एक्कासि झस्केझैं झटारिएर गई झ्यालबाट एकनास पारि डाँडामा कहिल्यै ढल्न नसकेको पीपलको त्यो बूढो रूखलाई नियालिरहन्छे ।)**

× × ×

**(जेलको दृश्य । शोभा निन्याउरो मुख लिएर जेलना छड-हरूका बारभित्र देखापर्छे । ज्ञानु एकजना वकिल लिएर शोभालाई भेट्न आएकी छ । शोभा उनीहरूसँग कुरा गरिरहेकी छ । फलामे बारले उनीहरूलाई एक–अर्कासँग नजिकिन दिएको छैन ।)**

ज्ञानु– शोभा ! शोभी ! यो, यस्तो के देख्नुपर्‍यो ?

शोभा– **(रूखो स्वरमा)** जे देख्नुपर्ने थियो ।

ज्ञानु– यसको केही विकल्प थिएन र ?

शोभा– अब यसबारे छलफल गरेर फाइदा नै के छ ?

ज्ञानु– मैले सुनें, सबै सुनें, तर अब सबै बिग्रिसकेपछि ! मलाई भोकनिद्रा केही छैन ।

शोभा– उसोभए तिमी यहाँ आफ्नो मायाको बखान गर्न आएकी ?

ज्ञानु– **(चिढिएर)** त्यसै हो भन्दा पनि केही फरक पर्छ र ?

शोभा– तर भैगो, मलाई कसैको दयामायाको जरूरत छैन । तिमीहरूको दयामायाले मेरो जिन्दगीबाट लुटिएको 'खुशी' फर्कन सक्तैन **(अलि अर्केर)** जाऊ, मलाई कसैसँग बोल्न मन लागेको छैन ।

ज्ञानु– तिम्रो मुद्दामा सहयोग गर्ने सहयोगी लिएर आएकी छु । यहाँ **(वकिललाई देखाउँदै)** वकिल हुनुहुन्छ ।

शोभा– तिम्रो मतलव ?

ज्ञानु– एउटा वकिल राख्यो भने सजिलो पर्छ ।

शोभा– किन र ? वकिल नभई हुँदैन र ?

ज्ञानु– राख्यो भने सजिलो हुन्छ भन्ने कुरा नि !

शोभा– वकिल ! **(मरीमरी हाँस्छे)** मेरो पक्षबाट वकिलले वहस गरिदिने ? **(हाँस्छे)**

ज्ञानु– भन, वकिल राख्ने सम्बन्धमा तिम्रो के विचार छ ? तिम्रो प्रतिद्वन्द्वीपट्टिको वकिल त राखिसकिएको छ ।

शोभा– भो, मेरो मुद्दामा कोही वकिल बस्नुपर्दैन । म आफैं गर्छु आफ्नो वकालत ! अनि, तिमीले प्रतिद्वन्द्वी भनेर जसलाई सङ्केत गऱ्यौ, त्यो मात्र मेरो प्रतिद्वन्द्वी होइन । मेरो प्रतिद्वन्द्वी हो–कुसंस्कार र सङ्कुचित सोचाइ भएको यो अडबाङ्गे सिङ्गो समाज ।

ज्ञानु– शोभा ! तिमी वकिल साहेबसँग कुरा गर्दै गर । हेर, उहाँ तिमीप्रति सहानुभूति पनि राख्नुहुन्छ । वहुलट्टी कुरा गरेर उहाँलाई हैरान नपार नि ! मेरो अर्को ठाउँमा नगई नहुने जरूरी काम छ । म अहिले जान्छु । वकिल साहेब ! तपाईं शोभासँग कुरा गर्दै गर्नुस् । म फेरि आउँछु । **(जान्छे)**

वकिल– एउटा वकिल त तपाईंले राखे राम्रो हुने हो !

शोभा– **(हाँस्छे)** को सक्छ हामी नारीको अन्तर्व्यथालाई केलाएर वकालत गर्न ? **(केही आवेशमा)** थन्क्याऊ वकिल ! तिमी आफ्नो वकालतलाई । प्लास्टिकको मुटु लिएर गरेको तिम्रो वकालत मलाई चाहिँदैन । तिमी ढुङ्गा भएर जाऊ जहाँ ढुङ्गाको पूजा हुन्छ । हो, म त मानवता खोजिरहिछु । म त मान्छेकै मुटुभित्रको कोमलता खोजिरहिछु; तिम्रो जडताले यसलाई थङथिल्याउन नखोज ।

वकिल– मुटुभित्रको कोमलता पाइने र खोज्ने ठाउँ होइन यो शोभा !

शोभा– मेरा लागि जहाँ पनि हो कोमलता खोज्ने ठाउँ । जिउँदा मान्छेहरूभित्र खोजें, त्यो कोमलता पाउन सकिनँ । पाँच–पाँच जनाको हत्या गरेर तिनीहरूको रगतमा नियालि.हेरें, त्यहाँ पनि पाउन सकिनँ । अहिले कानूनको कठघराभित्र बसेर त्यही कुरा खोजिरहिछु । नजाने मेरो यो खोजाइ कुनकुन रूपमा परिणत हुने हो !

वकिल– तपाईं कानूनको बाघपञ्जाभित्र हुनुहुन्छ । यसैले तपाईंले कानूनले अह्राएको टेर्नुपर्छ ।

शोभा– मलाई वकिलमाथि विश्वास नै लाग्दैन, किन बेकारमा वकिल राखिरहूँ ? वकिल राख्दैमा म न्याय पाउँला त ?

वकिल– विश्वास गर्न सक्नुपर्छ, किन नपाउनू न्याय !

शोभा– विश्वास !! (अट्टहास गर्छे) विश्वास के हो ? त्यो कस्तो हुन्छ ? अनुहारमा त्यो कस्तो किसिमले प्रतिविम्बित हुन्छ ? कस्तो अनुहारना कस्तो किसिमले लिपिएको विश्वासलाई विश्वास मान्ने ? आजको युगसापेक्ष शब्द हो यो ? के यसको अनुहार बदलिन सक्तैन ? के आजका प्रत्येक लैलाहरूले प्रत्येक मजनूका अनुहारमा विश्वास गरेनन् ? त्यही विश्वास होइन सधैं टुकुचामा गल्लाइरहने ? खोइ विश्वास टुकुचाभन्दा माथि उक्लन सकेको ? त्यही हो विश्वासले पाउने कदर ?

वकिल– सर्वप्रथम विश्वास आफ्नो मुटुमा उम्रनुपर्छ । अनि त्यसपछि आफूले आफूलाई विश्वास गर्न सक्नुपर्छ । अनि तिनै विश्वास भरिएका आँखाले अरूलाई हेर्न सक्नुपर्छ । अनि विश्वास नपाउनु भन्ने के छ ? विश्वासमा नै त सारा संसार अडेको छ ।

शोभा– उम्रेको छ चाहिने जति विश्वास मुटुमा । तर म स्वयंलाई बाहेक अरूलाई विश्वास गर्नै सक्तिनँ । आजका प्रत्येक मान्छेले आफ्नो मुटुमा आफ्नै लागि मात्र विश्वास साँचेका हुन्छन् जस्तो लाग्छ । (डुबेर) कहिलेकाहिं त आफ्नै पनि विश्वास लाग्दैन ।

वकिल– विश्वास गर्नुपर्छ । विश्वासका लागि त्यसभन्दा अर्को उपाय नै के छ र ?

शोभा– खोइ, म कसरी विश्वास गरूँ ? कम्पुचियालीहरूले भियतनामी बन्दूकमाथि विश्वास गरे जत्तिकै भइसकेको छैन र आजको विश्वास ? भोकमरीमा परेका नेपाली जनताले विदेशबाट सहयोग स्वरूप आएको अन्न खान पाउने कुरामा गर्नेभन्दा अर्को अर्थ बोक्न सकेको छ र विश्वासले ? काला बजारियाहरूलाई राष्ट्रिय अर्थतन्त्रको साँचो जिम्मा दिनुसम्ममा त अडेको छ नि आजको विश्वास । शब्दजालहरूमा विश्वास गुथिएको छ भन्दैमा विश्वासलाई त्यति सजिलै विश्वास गर्न कहाँ सकिन्छ र ?

वकिल– तपाईं विश्वासको किन यसरी उपहास गरिरहनुभएको छ ? मलाई त साह्रै अचम्म लाग्दै छ ।

शोभा– जुन कानूनलाई विश्वास गरेर तपाईं यस अदालतमा उभिनुभएको छ म त्यसैको पनि विश्वास गर्न सक्तिनँ । साँच्ची अदालत, कानून,

न्यायाधीश, वकिल कसैमाथि पनि विश्वास लाग्दैन । ठ्याम्म, लाग्दै लाग्दैन ।

वकिल– तर तपाईं यी सब कुराको विश्वास नगरी सुखै पाउनुहुन्न ।

शोभा– तपाईं अरूलाई त विश्वास गर्न सिकाउनुहुन्छ नि ! तपाईंले जान्नुभएको छ नि विश्वास गर्न ? (हाँसेर) ए हो त ! विश्वास गर्न जानेरै त आज मलाई यसरी केरिरहनुभएको छ नि !

वकिल– विश्वासको पनि एउटा क्षेत्र हुन्छ सीमा हुन्छ । म त्यही सीमाभित्र रहेर विश्वास गर्न सक्छु ।

शोभा– ए विश्वासका महापण्डित ! जाऊ जेठको धूपमा चपरी फोर्दै गरेको किसानसँग सोध विश्वासको अर्थ र परिभाषा । अनि सोध उसलाई–ऊ केका आधारमा तरतर पसिना काढ्दै त्यो बाँझो जग्गाको चपरी फोर्दै छ भनेर । तिमी सक्छौ त्यही किसानका अनुहारमा झैं आफ्नो अनुहारमा पनि विश्वासका रेखाहरू उमार्न ? तिमी उसैले झैं त्यही विश्वासको खेती गर्न सक्छौ मन र मस्तिष्कको बालुवामा ? भन सक्छौ तिमी त्यही मरुभूमिमा विश्वासलाई लहलहाउँदो पार्न ? विश्वास गर्नु त केवल आदर्श हो, बोक्रे आदर्श !

वकिल– तपाईं वकिलमाथि किन अविश्वासका आँखाले हेरिरहनुभएको छ ? ऊ कानूनले तयार पारेको लिक माथिबाट नै कुनै पनि मुद्दाका बारेमा बहस गर्छ । ऊ त्यो लिकभन्दा बाहिर जान सक्तैन ।

शोभा– तिमी लोग्नेमान्छेहरूले हामी आइमाईका बारेमा वकालत गर्नु ढोङ हो, फरेब हो, झुटो आदर्श हो । हाम्रो मुटु दुखदाको असह्य वेदनाले हामी नै पिलसेका हुन्छौं । तिमीहरू त एकचोटि मुख अमिल्याएको अभिनय गरेर फोस्रो सहानुभूतिले पुर्न खोज्छौ ।

वकिल– हामी तपाईंको व्यथालाई आफ्नै व्यथा झैं सम्झने कोशिश गर्नेछौं ।

शोभा– ए हो ! ? (हाँस्छे) तर जसको मुटु दुखेको छ उसैले मात्र मेरो दुखाइको यातना बुझ्न सक्छ । मेरो चीत्कारको डिग्रीबाट तपाईं मेरो वेदना तौलन सक्नुहुन्न ।

वकिल– वकिल पनि मान्छे त हो आखिर !

शोभा– कानूनको पनि कहीं मुटु हुन्छ र ? (हाँस्छे) वकिलको पनि कहीं मुटु दुख्छ र ? जसको छातीभित्र संवेदना अटाउन सक्ने मुटु छ त्यसैसँग म न्याय चाहिरहिछु । जसको मुटु मेरो जस्तै सधैंभरि चस्किने गर्छ त्यसैसँग मुक्ति–मार्गको साथ चाहिरहिछु ।

वकिल– मानव हुनुको नाताले मानवीय संवेदना त हामीमा पनि जरुर होला नै ।

शोभा– (दर्शकहरूपट्टि फर्केर) ए ! कसैको मुटुभित्र यथार्थ सुन्न सक्ने कान छ भने बोल ! कसैको तातो रगत भएको मुटु छ भने त्यसमा मेरो वेदनालाई स्पन्दित गराऊ ! तिमीलाई पनि मलाई जस्तै छटपटी हुन्छ भने एउटा तातो निःश्वास फाल, म त्यसलाई जाँचिहेर्छु । (वकिलतिर फर्केर) हो वकिल ! अनि मात्र तिमी मेरो वकालत गर्न सक्ने वकिल हुनेछौ । म बेमरी कानको जाली फुट्ने गरी चिच्याउँछु, तिमी गएर कानूनका बन्द आँखा खोल तर याद गर्दै गर, मेरो प्रतिद्वन्द्वीले न्यायको ढोका खुल्नु अगाडि नै सुइँकुच्चा ठोकी नसकेको होस् । ऊ भागेछ भने फेरि सङ्घर्षको मैदानमा मसँग छाती खोलेर सङ्घर्ष गर्ने कोही हुनेछैन । म मेरो प्रतिद्वन्द्वीको त्यस-बेलासम्म सम्मान गर्नेछु जबसम्म ऊ मसँग डटेर लडिरहन्छ । मलाई झूटो प्रशंसाले पुरेर ऊ पलायित हुने चेष्टा नगरोस्, यसले मेरो साहसको अपमान हुन्छ ।

वकिल– आज तपाईंको बयान लिएर मुचुल्का तयार पार्नुपर्छ । तपाईंलाई अझ एक रातको सोच्ने मौका दिइन्छ । आफ्ना तर्फबाट कसलाई वकिल राख्ने भन्नेबारे रातभरि राम्रोसँग सोचेर भोलि हामीलाई जवाफ दिनुपर्छ ।

शोभा– तपाईंको प्रश्नको जवाफ मैले दिइसकेकी छु । भोलि पनि तपाईं-ले यही नै जवाफ पाउनुहुनेछ ।

वकिल– तपाईंमाथि ज्यानमारा मुद्दा लागेको छ, त्यो पनि पाँच–पाँच जना-को ज्यान मारेको अभियोग । यस सम्बन्धमा तपाईंको केही भन्नु छ ?

शोभा– म आफ्नो अपराध सुरुदेखि नै स्वीकार्दै आएकी हुँ र आज पनि स्वीकारिरहेकी छु । बरु कानून, अदालत र सारा समाजका अगाडि यसरी यो मुद्दा सकार्न पाउँदा हर्ष लागेको छ ।

वकिल– तपाईं त अचम्मको कुरा गर्नुहुन्छ । अपराधीलाई अपराध स्वीकार्नु-पर्दा पनि कहीं हर्ष लाग्छ ?

शोभा– मैले यो अपराध परेर होइन बरु गरेर स्वीकारिरहेकी छु । यसैले मलाई हर्ष लागेको छ र साथै गौरव पनि मलाई आफूले नकाम गरेको जस्तो ठ्याम्मै लागेको छैन ।

वकिल– तपाईंले कोही आफन्तलाई जोगाउन त यो अपराध स्वीकारिरहनु भएको छैन ?

शोभा– यसको उत्तर दिने काम मेरो होइन। मैले दिने उत्तर दिइसकेकी छु। यसको उत्तर खोज्ने काम त कानूनको हो, अदालतको हो र तपाईंहरू जस्ता वकिलको हो।

वकिल– नारीहरू स्वभावैले कमलो हृदय भएका हुन्छन्। दया–मायाका त खानी नै हुन् भनिन्छ। त्यसमाथि तपाईं पाको पनि त हुनुभएको छैन। तपाईंले कसरी त्यस्तो अपराध गर्न सक्नुभो ?

शोभा– हो, युगौंदेखिको थिचोमिचो, उत्पीडन शरीरको प्रकृतिले सूढेवलमा त हामी लोग्नेमान्छेभन्दा कमजोर नै ठहरिएका छौं। तर आत्म-बलले निकै मूढेवल बढाउँदो रहेछ। मलाई त्यही आत्मबलले यस्तो कार्य गर्न सघायो। यो घटना घट्नुअघि म आफैंले पनि यस्तो काम गर्न सकूँला भनेर सोचेकै थिइनँ।

वकिल– अनि तपाईंमा यस्तो कार्य गर्ने आत्मबल कसरी जाग्यो त ?

शोभा– यो सुनेर के गर्नुहुन्छ ?

वकिल– तैंपनि।

शोभा– सुन्नोस् त ! मलाई मेरा काकाकाकीहरूले हरप्रकारले समाजमा पतित सिद्ध गर्न खोजे। उनीहरूले दाज्यू–भाइको रिस ममाथि पोखेर मेरो बदनाम गरे। ममाथि कलङ्क लगाए। मेरो नारीत्वको अपमान गरे समाजले उनीहरूका कुरामा ताली पिट्यो। मलाई त्यो सह्य हुन सकेन। मभित्रको ताडित नारीत्वले मलाई घच-घच्यायो। मभित्रको क्षतविक्षत आत्मसम्मानले त्यस्तो कार्य गर्न मलाई प्रोत्साहित गर्‍यो, मेरो आत्मबल बढायो।

वकिल– उसोभए तपाईंको उनीहरूसँग पहिलेदेखिकै रिस थियो ? तपाईं उनीहरूसँग बदला लिन पहिलेदेखि नै चाहनुहुन्थ्यो उसोभए ?

शोभा– हो, वर्षौं अगाडिदेखि नै उनीहरूले मेरो मुटु छियाछिया पार्दै आइ-रहेका थिए। भित्र जति डाह हुन्थ्यो त्यति नै म बदला लिने भावनाप्रति दृढप्रतिज्ञ हुन्थें। उनीहरूको त्यस व्यवहारले ममा सहनसक्ने सीमा उलङ्घित भइसकेको थियो।

वकिल– अनि तपाईंले उनीहरूको ज्यान लिने योजना कहिलेदेखि बनाउनु-भएको थियो ? तपाईंको योजनाअनुरूप नै थियो त त्यो घटना ?

शोभा– म धेरै दिनदेखि उनीहरूसँग बदला लिन चाहिरहेथें। तर बदला त्यही रूपमा प्रकट होला भन्ने मैलाई पनि थाहा थिएन। एकदिन

उनीहरूले ज्यादै ढिपी गरेर उनीहरूको घरमा रात वस्दै वोलाए। खानपिन गरेर सुत्ने बेलामा उनीहरू आफूले पनि रक्सी खाए र मलाई पनि खान दिए। सबैजना सुते तर मलाई निद्रा नै लागेन। मेरा आँखा सन्दूसमाथि राखेको खुकुरीमा परे। अनि ममा अचानक हत्याको भावना जागृत भयो। मैले त्यस भावनालाई नियन्त्रण गर्न सकिनँ अलि–अलि रक्सीको नशा पनि लागेकै थियो। मभित्रको कुण्ठित–पीडित नारीत्वले त्यसलाई राम्रो मौका ठानेछ। त्यही मभित्रकै स्वाभिमानी नारीले मलाई प्रेरणा, प्रोत्साहन, आँट सबै कुरा दिएकाले मैले गएर एक्कैचोटि काकामाथि खुकुरी प्रहार गरें। अनि क्रमैसँग......

वकिल– तपाईंको हात कामेन ? तपाईंको निर्णय एकचोटि पनि ढल-पलाएन ?

शोभा– मैले आफूलगायत साराका सारा कुरा बिर्सिसकेकी थिएँ। त्यत्तिखेरै नै पनि स्वयंलाई एउटा डरलाग्दो सपना देखेको जस्तो आभाष पो भइरहेथ्यो।

वकिल– तपाईंले आत्म–संमानका लागि, अझ गहिरिएर भन्नुपर्दा नारीत्वको सम्मानका निम्ति उक्त हत्या गर्नुभएको हो भने आफ्नी काकी तथा बहिनीहरूलाई किन मार्नुभो त ? एउटी नारी भएर जब अर्की नारीमाथि नै हात उठाउनुहुन्छ भने तपाईंले नारीत्वको संमान खोजेर हिंड्नु आडम्बर होइन ?

शोभा– (हाँस्दै) राम्रो जिज्ञासा राख्नुभो। खुशी लाग्यो। काका त लोग्ने-मान्छे ! कहिले पो नारीत्वको सम्मान गर्न जानेका छन् र उनी-हरूले ! तर काकी त नारी हुन् नि ! उनमा नारी मात्रको मर्म बुझ्नसक्ने मुटु किन पलाएन ? किन उनले आफ्नो नारीवर्गको अस्तित्वलाई नै बिर्सिन्। नारीत्वको स्वाभिमानले उनलाई कहिल्यै झस्काएन। एउटी नारी भएर अर्की नारीको हृदयमा पर्नसक्ने चोटको अनुमान नगरेर उसको नारीत्वको सम्मानमाथि तुषारपात गर्नु चानचुने अपराध होइन। यसैले नै काकीले अकालमृत्यु जस्तो सजायको भागी बन्नुपऱ्यो।

वकिल– बहिनीहरूले पनि काकीको जस्तै व्यवहार गरेर मार्नुभएको हो त ?

शोभा– तर ती बहिनीहरू मारेकोमा मलाई पछुतो लागेको छ। उनीहरूमा कुनै चेतना नै उम्रिसकेको थिएन। यत्ति कि उनीहरूले भई–नभई

मेरा विरुद्ध कुरा सुनाएर काकाकाकी र मेरो बीचको विरोधको आगोमा घ्यू थपिदिए । काकाकाकीलाई मारिसकेपछि म बहुलाइसकेकी थिएँ । रगतको मात लागिसकेको थियो । दायाँबायाँ केही नहेरी खुकुरीका प्रहारमाथि प्रहार थप्दै गएँ । त्यति मात्र होइन त्यहाँ अरू पनि कोही भएका भए तिनमाथि पनि प्रहार गर्ने थिएँ ।

वकिल— तपाईंलाई कानून र समाज केहीको पनि डर लागेन ? यसरी जेलमा बस्नुपर्ला भन्ने सोच्नुभएको थिएन ?

शोभा— मान्छेका लागि जीवनमा सबभन्दा प्यारो, ठूलो र महत्त्वपूर्ण कुरा हो आत्मसम्मान । त्यही आत्मसम्मानमा धक्का लाग्ला भनेर मानिस डराउँछ, तर जब उसको आत्मसम्मान भन्ने कुरालाई नै थिलथिलो पारिसकिएको छ भने अब उसले कुनै पनि काम गर्दा हच्कनुपर्ने कारण नै छैन । आत्मसम्मानको घाँटी निमोठिनेसम्मको सजायको भागी बनिसकिएको छ भने संसारका अरू सबै किसिमका सजाय मामुली हुन् । कानून र समाजको डर भएको भए म त्यस्तो गर्न किमार्थ सक्ने थिइनँ । यो मेरो कानून र समाजलाई हाँक हो । यिनीहरूमा केही तुजुक छ कि भनेर म त्यसको पारख गर्दै छु ।

वकिल— तपाईंले भएका यथार्थ कुरा सब बताउनु भएकोमा तपाईंलाई धेरै धन्यवाद छ । तर कानूनले तपाईंलाई सजाय गर्छ । म तपाईंलाई सजायमुक्त गर्ने प्रयत्नसम्म त गर्ने नै छु ।

शोभा— मेरो अगाडि गोहीको आँसु किन चुहाउनुपऱ्यो ? देओस् न कानूनले सजाय, म त भोग्न तत्पर छु नि !

वकिल— जेलको चिसो छिँडीको यातनाको कल्पना गर्नुभएको थियो कि कहिल्यै ?

शोभा— खोइ, म त जेलबाहिर र भित्र बराबरै देख्छु । आखिर जेलबाहिर पो कुन उन्मुक्त वातावरणमा बाँचेकी थिएँ र ? मेरो मुटु उकुस-मुकुस भएर सधैं छटपटाउँथ्यो । सामाजिक अन्धविश्वासको चौघेराको जेलभित्र धर्मका नेल र हथकडी लगाएर हामी नारीलाई सधैं थुनिएकै त छ नि ! जेलबाहिर रहँदा मात्रै हाम्रो स्वतन्त्र अस्तित्वको कदर कहाँ भएको थियो र ? रातबिरात मारेर मिल्काइएका दिदी—बहिनीका लाशले यही कुराको साक्षी बकेका छैनन् र ? हामी महिलाहरूको त्यो दुर्गति हुँदा, चहन्याइरहेको मुटुको चोट खप्न नसकी चीत्कार गर्दा खोइ कहिल्यै तिमी लोग्नेमान्छेभित्रको मान्छेले

यसको वास्ता लियौ ? भन त त्यसबेला तिमीहरूले काखी बजाउनु-सिवाय केही गऱ्यौ ? आमा–दिदी–बैंनीमाथिको त्यस अत्याचारले कहिल्यै तिमीहरूको स्वाभिमानमा धक्का लागेको अनुभव गऱ्यौ ? जब समाजको यस्तो हालत छ भने म नारी भएर कसरी तिमीहरूले हाम्रो व्यथाको वकालत गरौला भनेर विश्वास गरूँ ? भन, तिमी-हरूले विश्वास गर्नको निम्ति अलिकति पनि ठाउँ राखिदिएका छौ ?

वकिल– अरू कुरा त त्यस्तै हुन् । हाललाई तपाईंले सजाय भोग्न तयार हुनुपऱ्यो । छोड् त तपाईंले अपराधकार्य गर्नुअगाडि नै आफूलाई नियन्त्रण गर्न सक्नुभएन त ?

शोभा– पहाडभित्र लुकेर ज्वालामुखी कतिसम्म पो बस्न सक्छ र ? एकदिन त त्यो अवश्य फुट्छ । मभित्रको युगौंयुगदेखि थिचिएर बसेको ज्वालामुखी फुट्यो; लाभामा तिनीहरू परे जो नजिक थिए । भन, तिमीहरू यस पहाडलाई के सजाय दिनसक्छौ ? नफुट्नु ज्वालामुखी फुटिसकेपछि अब के गर्न सक्छौ ? यस्ता ज्वालामुखी यसरी नै फुट्दै जानेछन् । तिमीहरू ज्वालामुखी फुटिसकेपछि त्यही पहाडलाई ल्याएर यसरी अदालतमा उभ्याउँछौ, बस् त्यत्ति हो तर ज्वालामुखी फुट्ने कार्य नै चाहिँ अवश्य रोक्न सक्तैनौ । रोक्ने चेष्टा गऱ्यो भने त्यही लाभामा पुरिएर मर्नेछौ । हत्याको आरोप जब मैले स्वीकार गरिसकेकी छु भने मलाई किन यसरी केरिरहेछौ ? देऊ न ! कति सक्छौ सजाय दिन । मलाई केही भन्नु छैन । हद्द भए यही एउटा ज्यान लेलाऊ । आखिर तिमीहरूले गर्नसक्ने अब यत्ति त बाँकी छ ।

# दोभान

(स्कूलमा खाजा खाने छुट्टी हुन्छ। केटाकेटीहरू कराउँदै निस्कन्छन्। त्यसै स्कूलकी शिक्षिका स्मृति एक्लै टोल्लाएर बसेकी हुन्छे। अरू शिक्षक-शिक्षिकाहरू उसलाई खाजा खान लैजान्छन्।)

सन्ध्या– किन स्मृति ? के भो तिमीलाई ? अँध्यारो मुख छ नि !

स्मृति– होइन, त्यस्तो केही भएको छैन। टाउको अलिअलि दुख्न लागेको छ।

सन्ध्या– तिमी बढी सोचिरहन्छयौ। अनि टाउको नदुखी छाड्छ त ?

किरण– स्मृतिजी ! अलि हाँस्ने बोल्ने गर्नुपर्छ। अनि पो मन चङ्गा हुन्छ त !

स्मृति– बोल्दै छु नि किरणजी !

किरण– कहिलेकाहिँ त ठीकै देखिनुहुन्छ। हामी जस्तै हाँस्नु पनि हुन्छ। गफ पनि गर्नुहुन्छ, तर कहिले चाहिँ तपाईंलाई के हुन्छ हुन्छ !

सन्ध्या– गजबकी छ यो केटी ! कहिले-कहिले त हामीलाई समेत बोल्नै नदिई बोलिरहन्छे। कहिले चाहिँ, यीः यस्तै छ यसको चाल।

किरण– जाऔं चिया खान। यसरी पनि मस्तिष्कलाई केही हल्का पार्न सकिन्छ।

सन्ध्या– जाऊँ जाऊँ, हिँड। अरू सर-मिसहरू फर्कने बेला हुन लागिसक्यो।

(सबै चिया खान जान्छन्)

स्मृति– चियामा चिनी नै पुगेको छैन। यसैले त मलाई बाहिर चिया खान मन लाग्दैन। आफूलाई त पूरा दुई चम्चा चिनी चाहिन्छ।

सन्ध्या– तिमी धेर चिनी खान्छयौ। जे कुरा पनि यसरी धेरै खानु हुँदैन।

स्मृति– (अलि झर्केर) हुन देऊ न त ! म यस्तै छु, के गर्छौ ?

किरण– होइन सन्ध्याजी ! सबैको कहाँ एउटै रुचि हुन्छ र कसैलाई के मनपर्छ, कसैलाई के।

स्मृति– जिन्दगी भन्नु नै रुचि हो । आफ्नो रुचिअनुसारको नभए त्यो जिन्दगी के जिन्दगी ?

किरण-- स्मृतिजी आफू ग्र्याजुएट भइसकेर पनि सधैं प्राथमिक कक्षामा मात्र जानुहुन्छ । यो पनि उहाँको रुचिभिन्नता हो ।

स्मृति– हो, सबैजना लोकसेवा देऊ भन्छन् । मलाई भने यिनै साना केटा-केटीसँग खेल्न मन लाग्छ । यिनैलाई साथी बनाउन मन लाग्छ । पहिला–पहिला मलाई केटाकेटी मन नै पर्दैनथे, तर दुई वर्षदेखि यता केटाकेटीहरूसँगै खेलेर सारा जिन्दगी बिताइदिऊँ जस्तो लाग्छ । अफिसमा बसेर फाइलहरूसँग खेल्ने काम त शुष्क हृदय हुनेहरूलाई मात्र काम लाग्छ । ती फाइलहरूमा जीवन ओइलाउँछ, सुक्छ र झर्छ । त्यहाँ जीवन्त धुकधुकी सुन्न पाइन्न । केटाकेटीका ओठमा फक्रने लालीगुराँस त्यहाँ हुन्न ।

सन्ध्या– साह्रै भावुक छ यो केटी ! कहिलेकाहिँ त हामीलाई समेत रुनु न हाँस्नु पारिदिन्छे ।

किरण– स्मृतिजी ! तपाईं जिन्दगीलाई निकै नजिकबाट हेर्न सक्नुहुन्छ, केलाउन सक्नुहुन्छ । जीवनलाई वास्तवमा तपाईंले हामीले भन्दा बढी नजिकबाट छुन सक्नुभएको छ ।

स्मृति– जीवनलाई नजिकबाट हेर्न त खोजेकी छु तर केलाउन सकेकी छैन । जिन्दगी एउटा घाउ हो । त्यसलाई छुन मात्रै होइन, पाप्रासमेत उप्काएर हेर्न मन लागेको छ ।

सन्ध्या– स्मृति ! जिन्दगीलाई छुन मात्र खोज, तर पाप्रा नउप्काऊ । फेरि घाउ बल्झन्छ, दुख्छ र पिल्सन्छ ।

स्मृति– अनुभूतिबिनाको जिन्दगी के जिन्दगी ? दुःखको होस् वा सुखको ! यिनै अनुभूतिमा त जीवन–जीवन बन्छ । त्यसमाथि पनि दुःखको अनुभूतिले जीवनलाई नजिकैबाट हेर्न सकिन्छ ।

किरण– साँच्चै हो, दुःखैमा मात्र वास्तवमा जिन्दगी भोगेको थाहा पाइन्छ । सुखै सुखमा त जिन्दगी भोगेको थाहै नपाईकन जिन्दगी सकिन्छ ।

सन्ध्या– कुरा गर्नु, मनमा लागेका कुरालाई अभिव्यक्ति दिनसक्नु पनि एउटा कला हो । यिनै कुराहरू, यस्तै कुराहरू मेरा मनभित्र पनि सलबलाउँथे, तर ती कुराहरू यसरी पनि अभिव्यक्त हुन सक्लान् भन्ने मलाई लागेकै थिएन ।

स्मृति– यति कुरा गर्न पनि के जान्नुपर्छ र ? भित्रदेखि केले केले घचेटेर बाहिर निकाल्यो, मैले बोलिदिएँ । बस् ।

सन्ध्या– धेरै कुराहरू मनमा खेलाउनु पनि हुन्न ।

स्मृति– खेलाएकी छैन । अब आज म जान्छु । आज पटक्कै पढाउने मन्न छैन ।

(अलि पर पुगेपछि) किरणजी ! म गएँ है । सन्ध्या ! भरे तिमी मेरो डेरामा आऊ है ! म तिम्रो बाटो हेरिरहन्छु । हेर; आइनौ भने मलाई फेरि साथी भन्नु पर्दैन । अहिले म गएँ !

सन्ध्या– (सुस्केरा छाड्दै) विचरी !

किरण– किन यस्तो भावुक भएको होला ?

सन्ध्या– विचरीको जिन्दगी नै त्यस्तै छ । के गरोस् त ?

किरण– अनौठा खालकी मान्छे हुन् कि ? उनले आँटेपछि अरूले रोकेर रोकिने हो र फेरि ?

सन्ध्या– जिद्दी त पहिले पढ्दादेखि नै त्यस्तै हो । फेरि आफ्नोपनप्रति यत्ति मोह छ कि के भन्ने !

किरण– उनको 'मूड' ठीक भएको बेलामा त साह्रै फरासिली हुन् । चाहिँदो कुरा बोल्न कोहीसँग पनि हच्कने होइनन्, कसैसँग दब्ने-डराउने होइनन् । उनको स्वाभिमान हत्तपत्त निहुरन जान्दैन ।

सन्ध्या– यसैले त विचरी आज यस्ती भएकी छे । उसको त्यही झुक्न नचाहने स्वाभिमानले बेला-बेलामा उसलाई यसरी भावुक तुल्याउँछ ।

किरण– किन र ? त्यो कसरी ?

सन्ध्या– उसले घर छाडेको त थाहा छ होइन तपाईंलाई ?

किरण– त्यतिसम्म मात्र थाहा छ ।

सन्ध्या– उसको लोग्नेले त स्मृति नजाओस् भन्ने चाहेको थियो तर स्मृतिका अगाडि उसको केही चलेन । उसलाई खाने र लगाउने कुराको दुःख थिएन । उसको लोग्ने उसलाई एकछिन पनि आँखाबाट टाढा राख्न सक्तैनथ्यो ।

किरण– अनि यति हुँदाहुँदै स्मृति किन बौलाएकी त ?

सन्ध्या– तपाईं पनि बौलाही भन्नुहुन्छ ? खोइ तपाईंले पनि नारीका हृदय-भित्र चिहाउन सकेको ?

किरण– तपाईं नै भन्नोस् न, त्यत्तिको भरिलो गृहस्थी छाड्नेलाई के भन्ने ?

सन्ध्या– तपाईंहरू नारीको बाहिरी रूपलाई नै उसको पहिचानका रूपमा लिनुहुन्छ । आफूले आफ्नै हृदयमा चिहाउन नसकेका नारीहरूका लागि त्यही बाहिरी वैभव नै यथेष्ट छ तर त्यो वैभव बाहिरी आवरण भित्रकी त्यो 'अर्की' नारीलाई भने यथेष्ट छैन । ऊ भर्कै

कुराको खोजीमा छ। त्यो कुरा उसले त्यो वैभवशाली परिवारमा पाउन सकिन।

किरण-- सन्ध्याजी ! तपाईंसँग यत्ति गहिरो कुराकानी कहिल्यै भएको थिएन। आज कसरी यस्तो अचम्मको मौका मिल्यो।

सन्ध्या-- हो र किरणजी ! हामीभित्र पनि गहिराइ हुन्छ भन्ने कुरा तपाईं-लाई थाहा थिएन होला। खोज्दै गए यस्ता अचम्मका कुरा जहाँ पनि पाइन्छन्।

किरण-- अनि, स्मृतिले किन त्यस्तो गरिन् त ?

सन्ध्या-- कुनै कुरामा पनि उसलाई फिकापन मन पर्दैन। लुगा पनि गाढा रङ्गको मन पराउँछे। खान पनि अमिलो पीरो आदि सबैथोक बढ्ता चाहिन्छ। अघि देख्नुभएन चियामा चिनी थप्न लगाएकी ? हो, जीवनमा पनि ऊ त्यस्तै खरोपन चाहन्छे, स्पष्टता चाहन्छे। उसलाई लोलोपोतो गरेको मन पर्दैन। अनि त्यही लोलोपोतोमा उसको आफ्नोपन खोसेको पनि हेर्न चाहन्न। उसको लोग्ने त्यस्तै त्यस्तै थियो जस्तो ऊ चाहन्नथी।

किरण-- अनि त्यस्तो स्पष्टता चाहने स्मृतिले आफूलाई लोलोपोतो मन पर्दैन भनेर किन भन्न सकिनन् त ?

सन्ध्या-- भनी, किन नभन्नु ? कम्तीमा पनि आफ्नो जिन्दगी चाहिँ आफ्नै परिभाषाअनुकूल होस् भन्ने चाहेकी थिई तर त्यो हुन सकेन। अनि अहिले ऊ नितान्त एक्लो जिन्दगी बिताइरहेकी छ।

किरण-- ए ! उसोभए फेरि अहिले माइतमा नै बसेकी छन्, होइन त ?

सन्ध्या-- ओहो किरणजी ! किन बस्थी माइतमा ? छुट्टै डेरा लिएर बसेकी छ। ऊ आफूभित्रको संवेदना कसैलाई देखाउन चाहन्न। माइतमा बस्दा उसको स्वाभिमानमा चोट लाग्न सक्छ भनेर ऊ छुट्टै बसेकी छ। ऊ कसैमाथि भार बन्न चाहन्न। अनि उसको व्यक्तिगत मामला-मा कसैले हस्तक्षेप गरेको पनि ऊ मन पराउँदिन।

किरण— ए ! लौ स्कूल लाग्ने बेला भइसकेछ, जाऊँ। अनि सन्ध्याजी ! तपाईं आज जानुहुन्छ त ?

सन्ध्या-- जान्छु। जानुपर्छ। भरे स्कूल छुट्नासाथ जान्छु।

× × ×

**(सन्ध्या स्मृतिको ढोकामा उभिएर 'कलबेल' (घण्टी) बजाउँछे। स्मृति ढोका खोल्छे र सन्ध्यालाई भित्र लैजान्छे।)**

स्मृति-- आऊ सन्ध्या ! तिमी आउँछयौ भन्ने कुरामा मलाई विश्वास थियो ।

सन्ध्या-- (स्मृतिलाई नियालेर) एकछिनअगाडि वाढी आएछ क्यारे ! वगरहरू त चिसै छन् नि !

स्मृति-- हो, अचेल मेघ धुम्मिदै छ ।

सन्ध्या-- मुसलधारे पानीले तिमीलाई नै बगाउला नि !

स्मृति-- बगाउँदैन । सिमसिमे पानीले भिजाउँछ मात्र । वरु वाढीले आफ्नै प्रवाहमा हुत्याउँदै लगे कति वेश हुन्थ्यो !

सन्ध्या-- अनि स्मृति ! फेरि पहाड कता उभियो त ? वादल ठोकिएछ ।

स्मृति-- म बताउँछु सन्ध्या ! तिमीलाई सब कुरा बताउँछु । म स्मृति होइन विस्मृति हुन चाहन्थें । वर्तमानलाई मात्र हेर्न चाहन्थें । भूत बन्दै गएको प्रत्येक क्षणलाई विस्मृतिको खाडलमा पुर्न चाहन्थें ।

सन्ध्या-- होइन स्मृति ! तिमी के भन्दैछयौ ? त्यही स्मृतिमा त जीवन बाँच्ने सामर्थ्य साँचिएको हुन्छ । विस्मृतिमा कसरी जीवन अल्झाउन सकिन्छ र ?

स्मृति-- तिमीलाई थाहा छैन सन्ध्या ! सुखको दोस्रो मुहान नै विस्मृति हो ।

सन्ध्या– पहिले मुहान चाहिँ ?

स्मृति– मृत्यु ।

सन्ध्या– धत् ! के भनेको ? त्यसो भए तिम्रो जीवन कहाँ छ ?

स्मृति– मृत्युमा ।

सन्ध्या– अनि मृत्यु कहाँ छ ?

स्मृति– हातहरू मृत्युलाई खोज्न जतासुकै सलबलाउँछन् मात्रै तर भेट्न सकेकी छैन । त्यसैको आभास पाउँछु विस्मृतिमा यसैले सबै कुरा बिर्सन खोजिरहेकी छु ।

सन्ध्या– अनि सफल भयौ त ?

स्मृति– सकिनँ । झन् चारैतिरबाट स्मृतिले पुरिँदै गइरहिछु ।

सन्ध्या– तिमी सक्तिनौ स्मृति !

स्मृति– प्रयत्न छाड्दिनँ । आज नसके भोलि सक्नेछु । विस्मृतिलाई नै म आफ्नो जिन्दगीको पर्याय बनाउँछु ।
(केही सम्झे जसरी झस्केर) ए सन्ध्या ! हेर न, आज कस्तो अचम्मको तर साह्रै छोटो सपना देखें ।

सन्ध्या– पहिले–पहिले पनि सुनाउँथ्यौ नि ? त्यस्तै हो कि ?

स्मृति– झन्डै–झन्डै त्यस्तै हो। एउटा ठूलो कोठा रहेछ । कोठा नीलो थियो । ऊ पलङ्गमा बसेर लेख्तै रहेछ । म कुन्नि कतावाट असिन–पसिन भएर त्यहाँ पुगिछु । उसको छेउमा गएर उभिएँ । दुबैका आँखा जुधे । अनि ऊ जुरुक्क उठ्यो । आफ्नो हातैले मेरो अनुहारको पसिना पुछिदियो । म विस्मित थिएँ, ऊ चकित थियो । दुवै चुपचाप उभिइरह्यौं । कसैका मुखबाट एक वाक्य पनि निस्केन, तर हामीले धेरै कुरा गर्‍यौं । म त्यत्तिकैमा झसङ्ग ब्युँझें । बिहानी सूर्यका किरणहरू झ्यालबाट मतिर आफ्ना हात बढाउँदै थिए ।

सन्ध्या– (आर्द्र भएर) स्मृति ! तिमी सक्तिनौ स्मृति, यसरी विस्मृति अँगाल्न सक्तिनौ । जाऊ, फेरि नयाँ कोणबाट जीवन शुरू गर, जाऊ । ऊ हृदयको बत्ती बालेर सँघारमा तिमीलाई नै पर्खिरहेछ । त्यसमा स्नेहको तेल थपेर उकास । बिन्ति ! जाऊ ।

स्मृति– तर सन्ध्या ! न्याना आलिङ्गनहरू नै सम्पूर्ण जिन्दगीका पर्याय हुन सक्तैनन् । म जिन्दगीलाई हेर्न र छुन चाहन्छु । पर्ख, यो कोणबाट नै त्यसको नजिक पुग्न सकिन्छ कि !

सन्ध्या– यस कोणबाट होइन, एकचोटि फेरि त्यो कोणबाट हेर्न कोशिश गर ।

स्मृति– (आहत भएर) पति–पत्नीको नातामा बाँधिनु नै जीवनको प्रारम्भ हुँदो रहेनछ सन्ध्या ! कहिलेकाहिँ त यो नै जीवनको विनाश पनि बनिदिंदो रहेछ ।

सन्ध्या– केही तिमी आफूलाई बिर्स, केही ऊ आफूलाई बिर्सन्छ । सक्छौ स्मृति ! तिमी जिन्दगी सफल बनाउन सक्छौ । तिमी उसलाई माया गर्छ्यौ । तिम्रो अन्तस्करणले तिमीलाई बेला–बेलामा सपना बनेर चिथोरिरहेको छ ।

स्मृति– तिमीलाई भन्न सजिलो छ सन्ध्या ! तर उसलाई मैले जति तिमीले के चिनेकी हौली र ?

सन्ध्या– हो त्यो त !

स्मृति– म प्रीतिमा चाकरी गर्न सक्तिनँ । ऊ मेरो मालिक होइन । म आफूलाई दासी भनेर उसको चरणमा घोप्ट्याउन सक्तिनँ । अगाध स्नेहमा पग्लेर उसको छातीमा टाउको अड्याएर आँसु झार्न सक्छु तर त्यही आँसुलाई माध्यम बनाएर हेपेको सहन सक्तिनँ । उसको पौरखमा उसलाई सहस्र चुम्बन गर्न सक्छु तर 'हजूरकै शरणमा छु' भनेर आत्मसमर्पण गर्न सक्तिनँ ।

सन्ध्या– ऊ साँच्चै त्यस्तै छ त ?

स्मृति– **(एकदमै आर्द्र भएर)** सन्ध्या ! तिमीलाई म कसरी बुझाऊँ ? **(अलिकति आवेश)** भन कसरी बुझाऊँ ? **(फेरि ओर्लेर)** मलाई असाध्यै माया गर्छु भन्थ्यो । मबिना उसको जिन्दगी नै रित्तो हुन्छ भन्थ्यो । **(सुस्केरामा)** तर ! उसको बोक्रे आदर्श र खोक्रो स्नेहभित्र मेरो आत्मसम्मान धुजाधुजा पार्ने हतियार रहेछ । मेरो आँसुको पाइन चढेर त्यो यसरी झन् धारिलो हुँदै गइरहेछ । मेरो मुटुको जलनमा तताएर त्यसमा ऊ धार लगाइरहेछ । यसैलाई न हो उसले स्नेहको नाम दिने गरेको पनि !

सन्ध्या– तिमीले सम्झौता गर्ने कोशिश गरिनौ ?

स्मृति– हो, सम्झौता हुनसक्थ्यो । तर ऊ आफ्नो ठाउँबाट हट्न चाहँदैन । म आफूलाई निहुराउन चाहन्नँ । आज पतिपत्नीको सम्बन्ध भर्ता र भार्याको जस्तो नभएर सहधर्मी र सहधर्मिणीको जस्तो छ । यस्तो स्थितिमा को ठूलो हुने र को सानो हुने ?

सन्ध्या– यो कुरा ऊ जत्तिको शिक्षित व्यक्तिले पनि त नबुझेको कहाँ होला र ?

स्मृति– **(खिसी गरेको स्वरमा)** बुझ्नु मात्रै ! त्यत्तिकै हो । ऊ के भन्थ्यो थाहा छ ? घरभित्रको झ्याउधन्दा त हामीहरू जस्तालाई ठिक्क सुहाउँदो हो अरे । हामी बौद्धिक क्षेत्रमा काम नलाग्ने अरे ।

सन्ध्या– साँच्चै उनले त्यसै भने त ?

स्मृति– अनि के त ? मैले बनाएर भनें हुँला त ?

सन्ध्या– कुनै लोग्नेमान्छे मात्र भएको लापरवाह घरलाई देखाएर खिन्नता-साथ तिनीहरू नै भन्छन् नि 'आइमाई नभएको घर यस्तै हो' भनेर । त्यस्ता घमण्डीहरूले त्यसो भन्न नसक्नुपर्ने हो ।

स्मृति– आफ्ना सामर्थ्यभन्दा बाहिरका कुराको त सम्मान पो गर्न सक्नुपर्ने थियो तर अरूलाई सम्मान गर्न उनीहरूले खोइ सकेको ? झन् उल्टै झ्याउधन्दा भनेर हेप्छन् । खानु नै नपरे, तिमी नै भन त, कसले यति दुःख गर्थ्यो ? 'म केही पनि गर्न सक्षम छैन' भनेर पुरुषले घुँडा मात्र टेकोस् न ! नारीले गाँससमेत मुखमा हालिदिन्छे तर आफ्नो असमर्थतालाई ऊ किन ठुल्याइँमा अनुवाद गर्न चाहन्छ ?

सन्ध्या– होइन स्मृति ! तिमी सानो कुरालाई पनि ठूलो बनाएर सोच्छ्यौ । त्यसैले तिनीहरूका बीचमा एउटा ठूलो पहाड उभिएको छ ।

स्मृति– तिमी त्यसो भन्छ्यौ, तर उसले एकदिन सिधै त होइन, प्रकारान्तरले के भन्यो थाहा छ ? कुन्नि कसले हो, माइतबाट यस्तो दाइजो ल्याई, उस्तो दाइजो ल्याई भनेर बयान गर्दै थियो । मलाई किन त्यसरी छेड हान्नुपर्थ्यो ? म दाइजोको लोभ देखाएर माछालाई झैं कसैलाई जालमा थुन्न चाहन्नथें । आखिर ममा के कुराको कमी छ र ? मेरा मातापिता दाइजो दिन नसक्ने थिएनन् । मैले नै आत्मसम्मानका लागि दाइजो लैजान अस्वीकार गरेकी थिएँ । मेरो अनुपस्थितिको क्षतिपूर्ति दाइजोले गर्न सक्छ र ? साँच्चै सन्ध्या ! म दाइजोका हाराहारीमा आत्मसम्मानको लिलामी भएको हेर्न सक्तिनँ ।

सन्ध्या– अनि यस्तो लोग्नेका निम्ति तिमी किन आँसु बगाउँछ्यौ त ?

स्मृति– हो, म उसको सम्झनामा आफूलाई टुक्राटुक्रा पार्न चाहन्नँ, तर यसै गरी मलाई सपनाले धोखा दिन्छ । विपनामा म उसलाई अनेक तरहले पन्छाउँछु तर सपनासँग मेरो केही चल्दैन ।

सन्ध्या– तिम्रो उसप्रति हार्द संवेदना छ । यसैले तिमी त्यस्ता सपना देख्छ्यौ । अनि म ठोकेर भन्न सक्छु, यिनै गोरेटाहरूमा, यस्तै साँझहरूमा तिमीहरू सँगै हाँस्दै हिँडेका भेटिनेछौ ।

स्मृति– हुनै सक्तैन सन्ध्या ! त्यस्तो हुनै सक्तैन । म त उसलाई विस्मृतिको कुम्लोभित्र हालेर भूतको अँध्यारो कुनामा छोपेर राख्न चाहन्छु । उसबाट टाढा उछिट्टिन चाहन्छु । त्यस्तो घमण्डी व्यक्तिको मेरो जीवनमा कुनै भूमिका नै हुन सक्तैन ।

सन्ध्या– ऊ टाढा हुँदा त तिम्रा सपनाहरूलाई यसरी क्षतविक्षत तुल्याउन सक्छ भने, तिम्रो जीवनमा उसको कुनै भूमिका नै हुन्न भनेर कसरी भन्न सक्छ्यौ ? अँ स्मृति ! सुन त, म तिमीलाई केही कुरा सोध्छु, नढाँटी भन ल ? तिमी बाटोमा हिँडिरहेका दम्पतिलाई देखेर के सोच्छ्यौ ? भन त । त्यसबेला तिमी संवेदनशील हुन्नौ ?

स्मृति– हुन्छु, किन हुन्नँ ? त्यो देखेपछि अनेक कल्पना गर्छु । आफ्नो त मान्छे नै उस्तो भइदियो । आफ्नो पनि त्यस्तै दिन सम्झन्छु । घर व्यवहारका मीठामीठा गफ गर्दै हिँडेको कल्पना गर्छु । ती पूरा हुँदैनन् । अनि जीवनका हरेक कुरालाई विस्मृतिले छोप्न चाहन्छु ।

सन्ध्या– हो स्मृति ! यिनै तिम्रा कल्पनाहरू सपनामा साकार हुन पुग्छन् । अनि तिमी झस्कन्छ्यौ, तर्सन्छ्यौ । विपनामा तिनको अभावमा

तड्पनुपर्दा ती कुराबाट भाग्न चाहन्छयौ। तिमी उसलाई वेहद माया गर्छ्यौं।

स्मृति– (रिसाएर) सन्ध्या ! तिमीलाई के थाहा मभित्रको पीडा ? म उसलाई घृणा गर्छु, बुझ्यौ ? घृणा गर्छु।

सन्ध्या– तिमी कुनै दिन पग्लनेछयौ, उसकहाँ जानेछयौ।

स्मृति– सन्ध्या ! तिमी किन यसरी मलाई अपमानित गर्दैछयौ ? म उसकहाँ कुनै पनि हालतमा जान्नँ।

सन्ध्या– तिमीलाई तिम्रो हृदयले पराजित गर्नेछ।

स्मृति– (एकदमै रिसाएर) मलाई तिमी धेर नजिस्क्याऊ। जाऊ, जाऊ तिमी, यहाँ वस्दै नवस, गइहाल, जाऊ भनेको ! (त्यत्तिकैमा कलबेल बज्छ। सन्ध्या ढोका उघार्छे। ढोकामा स्मृतिको लोग्ने देखापर्छ। सन्ध्या ढोकैबाट कराउँछे।)

सन्ध्या– स्मृति ! हुन्छ, म गएँ। ठीकै बेलामा निस्किएछु। भिनाजु आउनुभएको छ। म अब तिमीलाई भेट्न यहाँ होइन तिम्रो घरमा आउँछु, भिनाजुको घरमा आउँछु। यसलाई सपना नभनी ठान नि ! झुक्यौली फेरि !

स्मृति– पर्ख सन्ध्या, म पनि तिमीसँगै जान्छु। म पनि आएँ। (त्यत्तिकैमा ढोका बन्द गरेको सुनिन्छ।)

अतीत– हुन्छ स्मृति ! जाउली। म पनि त जान्छु नि ! म तिमीलाई लिन आएको छु। तिमी अब यसरी विस्मृति वनेर हराउन पाउन्नौ। तिमी मेरी स्मृति हौ। स्मृतिले तानेर, तिमीले तानेर म यहाँसम्म आएँ।

स्मृति– म जान्नँ अतीत ! म जान्नँ। यो फुटेको ढोका, जति जोडे पनि आखिर छिद्र त मेटिन सक्तैन नि ! जिन्दगीमा म त्यो छिद्ररूपी अभिशाप बोक्न सक्तिनँ। जाऊ, तिमी जाऊ। (अलि कराएर) मेरो अघिल्तिर नवस। अनि फेरि यसरी कहिल्यै मकहाँ आउने भूल नगर्नू। (अझै कराएर) होइन, तिमी किन सुन्दैनौ ? फर्क तिमी आफ्नो बाटो।

अतीत– (आर्द्र भएर) तिमी जति रिसाउँछयौ, म आज उत्ति खुशी छु। यसैबाट म आफूप्रतिको तिम्रो स्नेह तौलिरहेको छु।

स्मृति– अतीत ! तिमी जाऊ, जिद्दी नगर। मलाई आफ्नो शब्द जालले पुर्न नखोज। जाऊ, जाऊ, जाऊ। गैहाल। मलाई 'डिस्टर्व' नगर।

अतीत– (खिन्न भएर) साँच्चै स्मृति ! तिमीले हृदयँदेखि भनेकी हौ त ? म जाऊँ त ?

स्मृति– जाऊ भनेपछि, यहाँ के गर्न बसिराखेको ? यहाँ को छ र तिम्रो ?

अतीत– हुन्छ, म जान्छु । तिम्रा लागि मेरो ढोका सधैं खुला रहनेछ । म गएँ ।

स्मृति– (दृढ स्वरमा) हुन्छ, जाऊ ।

(अतीत जान्छ । ढोका आफैं ढ्याम्म लाग्छ । स्मृति डाँको छाडेर रुन्छे ।)

स्मृति– (आफैं एक्लै बरबराउँदै) अतीत ! तिमी अब अतीत नै भयौ । अब तिमी वर्तमान हुन सक्तैनौ । गयौ हगि तिमी ? कत्ति सजिलै गयौ ।

(रुन छाड्छे तर अत्यन्त गम्भीर हुन्छे ।)

मृत्यु नै पर्खनुसम्म त हो ! के भो र ? यही अतीत र वर्तमानको दोभानमा मृत्यु कुरिरहन्छु । यही स्मृति र विस्मृतिको दोभानमा जीवन बिताउने उपक्रममा स्वाभिमानको माला उनिरहन्छु ।

*

# क्षत-विक्षत मुटुहरू

(अस्पतालमा महिमा सुतिरहेकी छन् । मेधा छेउमा बसेर महिमाको निद्रा खुल्ने प्रतीक्षा गर्दैछिन् ।)

महिमा– (लामो हाई गरेर निद्रालु स्वरमा) म कहाँ छु ? म कसरी यहाँ आइपुगें ? (आफ्नो बेडको नम्बरप्लेट हेरेर) उफ् ! जति घुमे पनि बेड नं. ८ को आठै छ । म कहाँकहाँ जान खोज्छु, जान्छु पनि, बेसरी भौंतारिन्छु । मलाई कसले फेरि यहाँ ल्याइदियो ? मलाई किन यस्तो वन्धनमा पारेको ? म त मेरा बाआमासँग मन्दिरमा पूजा गर्दै थिएँ । उहाँहरू कता जानुभो ? मलाई छाडेर कहाँ जानुभो ? मलाई सबैजना किन झुक्याई–झुक्याई यहाँ ल्याइ-दिन्छन् ? अरूले चाहिँ घुम्नु हुन्छ, मैले चाहिँ किन नहुने ?

मेधा– आमा ! यसरी कराउनु हुँदैन । आराम गर्नोस् । हजूरको औषधि खाने वेला पनि भइसक्यो । ई...आँ गर्नोस् त ! अलिअलि आँ गर्नोस् । हो, अब स्वाट्ट निल्नोस् । औषधि मीठो छ नि ! होइन र ? मुखमा नराख्नोस्, निल्नोस् । अहिले फेरि पोखिन्छ ।

महिमा– मीठो छ, खूब मीठो छ । तिमी पनि खाऊ त अलिकति ।

मेधा– मैले खाईकन मीठो लागेर त हजूरलाई खान दिएकी नि !

महिमा– मेधा ! तिमीले देख्यौ होला, मलाई झुक्याएर मेरा बाआमा कता लाग्नुभो ? सबैले मलाई किन यसरी नै झुक्याउँछन् ? मलाई माया गर्ने कोही छैनन् । सबै हेला मात्रै गर्छन् । (रुन्छिन्)

मेधा– (अत्यन्त भावुक स्वरमा) आमा ! यस्तो नभन्नुस् न ! म हजूरको कत्ति ख्याल राख्छु । मधु हजूरको निम्ति उस्तै चिन्ता गर्छन् । हामीले हजूरलाई एकछिन पनि छाडेका छैनौं ।

महिमा– मेरा बाआमाले मलाई किन छाड्नुभयो त ? म उहाँहरूकै साथमा बस्न कत्ति प्रयत्न गर्छु तर उहाँहरू मदेखि किन भाग्नुहुन्छ ?

मेधा– हजूरले सपना देख्नुभएको हो आमा ! सपनामा पाएका कुराहरू विपनामा प्रायः हराएकै हुन्छन् । सपनाको मोहमा परेर विपनालाई

हेला गर्नु हुँदैन आमा ! नत्र त विपनाले हामीलाई धुजा–धुजा पारेर च्यातिदिन्छ ।

महिमा– दुलही ! म सपना र विपना छुट्याउन नसक्ने त कहाँ भएकी छु र ? बाआमा र म घुम्दैघुम्दै एउटा नदीको किनारमा पुग्यौं । मलाई खूब प्यास लागेको थियो । मैले अँजुलीले उबाएर पेटभरि पानी खाएँ । मैले सुन्तला पनि बोकेकी थिएँ । हामी तीनजना मिलेर सुन्तला पनि खायौं । नपत्याए मेरो हात सुँघ त ! **(हात अगाडि बढाउँछिन्)** अझैं वास्ना आउँदै छ ।

मेधा– आमा ! हजूरले सपना नै देख्नुभएको हो । हजूर विपनामा पनि पानीपानी भनेर कराइरहनुहुन्छ । हजूरलाई प्यास लाग्छ तर अहिले हजूरले पानी खानै हुँदैन । डाक्टरले एक थोपा पनि पानी खुवाउन हुँदैन भनेको छ । अब रह्यो बाआमाको कुरा ! हजूरका बा पांच वर्षअगाडि र आमा तीन वर्षअगाडि बितिसक्नु भएको हो आमा ! अब उहाँहरू यस संसारमा हुनुहुन्न ।

महिमा– मेधा ! मेरी दुलही ! तिमी मलाई यसरी माया नगर । मधुलाई पनि मलाई माया नगर्नू रे भनिदेऊ । तिमीहरूले मलाई माया गर्दा म अति दुःखी हुन्छु ।

मेधा– किन आमा ! हजूर यस्तो नभन्नुस् । अरूले आफूलाई माया गर्दा पनि दुःख लाग्छ र ? हुन्छ, पहिला हजूर निको हुनोस्, अनि हामी हजूरलाई माया नगरौंला र भएन ?

महिमा– लाग्दो रेछ मेधा ! लाग्दो रेछ । मुटु टुक्रिएर छिया–छिया भएपछि अरूको माया पनि सहन सकिँदो रहेनछ ।

मेधा– हजूरलाई अहिले डाक्टरले एट्रोपिनको इन्जेक्सन दिएको छ । यसैले हजूरको दिमाग काबुमा छैन । यो इन्जेक्सन दिन छाडेपछि हजूर आँखा पनि राम्रोसँग देख्न सक्नुहुन्छ र मानसिकता पनि स्थिर हुन्छ ।

महिमा– मानसिकता स्थिर हुने भएदेखि म यसरी संसारबाट टाढा भाग्न नै खोज्ने थिइनँ । मलाई एकक्षण पनि बाँच्न मन छैन । मबाट तिमीहरू यसरी मेरो सुख नखोसिदेओ, मेरो मृत्युलाई टाढा धकेल्न नखोज । जिन्दगीभरि बहाएको आँसुको पाक पिएर टाढाटाढा धेरै टाढा जान खोजेकी थिएँ । मेरा जिन्दगीका हर–चाहनासरह यो चाहना पनि टुक्रियो मेधा ! मलाई अत्यन्त उकुस–मुकुस भइरहेछ । क्षतविक्षत स्मृतिहरू जीवनका संज्ञा बन्न सक्तैनन् ।

मेधा– (सम्झाउने भाकामा) होइन आमा ! यसरी धैर्य चुडाल्नु हुँदैन । म हजूरकी बुहारी भए तापनि छोरीको हृदयले माया गरिरहिछु । हजूरको छोरो मधु हजूर भनेपछि हुरुक्कै हुन्छन् । हजूरका जिन्दगी-का तीताटर्रा अनुभूतिलाई हामी आफ्नो मायाले पखालिदिनेछौं ।

महिमा– (खुइय्य सुस्केरा छाडेर) मेरा बा–आमा मलाई असाध्यै माया गर्नुहुन्थ्यो । (रुँदै) त्यो माया कालले सहन सकेन र उहाँहरूलाई टपक्क टिपेर लग्यो । विस्मृति, अत्यन्त माया गर्थी । मेरो सुख दुःखकी साथी थिई ऊ । उसले मलाई गरेजति माया त यस संसार-मा कुनै छोरीले कुनै आमालाई पनि गरेकी छैन होला । नहुनलाई रहेछ । (अझ रुँदै) यसैले म सहन सक्तिनँ, मेधा ! तिमीहरू मलाई माया नगर । नत्र......नत्र......(निकै रुन्छिन्)

मेधा– बा, आमा उमेर पुगिसकेपछि जानुभो, हजूरलाई माया गरेर होइन । अनि दिदी, दिदीको त कुरा नै बेग्लै छ । हजूरलाई माया गरेर त दिदी विक्षिप्त हुनुभएको होइन नि ! भिनाजुको व्यवहारले उहाँको मुटु टुक्र्याएको छ ।

महिमा– भिनाजुले होइन बा ! उसको मुटु त मैले टुक्र्याएकी हुँ । मैले आफ्नो आँसु एक्लै पिउनुपर्ने ! मैले आफ्नै आँसु ऊसँग बाँड्न नहुने ! के गर्नु ? मान्छेको स्वभाव नै त्यस्तो हुँदो रहेछ । आँसु बाँड्दा नै मन केही हल्का हुने रहेछ । आखिर मलाई पनि त विरह बिसाउने ठाउँ चाहिन्थ्यो । अरू फालतु मान्छेसँग विरह पोख्नु आफ्नै आङ कन्याएर छारो उडाउनु मात्र हो । आफ्ना अगाडि सहानुभूति देखाउँछन् र पछाडि फूलबुट्टा भरेर हाँसो–ठट्टा गर्छन् । विस्मृति नै एक मात्र त्यस्ती व्यक्ति थिई जो मेरो आँसु आफ्ना आँखामा छल्काइदिन्थी तर मेरो पीडाले उसको मुटु डाम्ला भन्ने मलाई के थाहा ?

मेधा– आमा ! सम्पूर्ण दोष किन आफ्नो टाउकामा बोक्नुहुन्छ ? मुटुमा आगो दन्केपछि आँखामा बाफ छायो त त्यसमा हजूरको के दोष ? विषादको आगोले पिल्स्याएपछि ममता र सहानुभूतिको पोखरीमा डुबेर शीतल हुनखोज्ने प्रयत्न गर्नुभो त त्यसमा हजूरको के दोष ? दोष त ... ... । भैगो, जति कुरा गऱ्यो घाउ उत्ति नै गहिरिँदै जान्छ । भो आमा ! अब हजूर एकछिन निदाउनुस् । हजूरले आराम गर्नुपर्छ ।

महिमा– **(प्रसङ्गलाई यथावत् राखेर)** उसको मनमा विषादको समुद्र जगाएर उसको जीवन आँसुमा डुबाउने मैं हुँ मेधा, मै हुँ। पहिलो सन्तान, माया नै मायामा उसको बालककाल बित्यो। अचानक मेरो जीवन-मा आँधीबेहरी आयो। त्यो आँधीले उसको जीवन–बिरुवा नराम्रो-सँग कम्पित भयो। मैले उसको बाबुको गह्लाउने चरित्र उसका अगाडि उदाङ्गो पारिदिएँ। उसले घृणाले भुईंमा थुकी तर त्यसै-गरी मनको विषाद थुक्न सकिन। भित्र–भित्रै बाबुप्रतिको घृणा र आमाप्रतिको आँसुले ऊ खुम्चन थाली। आँखाबाट मुटुका टुक्राहरू छरिन थाले। **(सुस्केरा छाडेर)** मेधा! आँसु बाँड्न खोज्ने एउटा भूलले यसरी मेरो व्यथा दोब्बर हुनगयो।

मेधा– बुवा पनि के हुनुभएको होला? त्यसरी नै वासनाको संसारमा डुब्नु थियो त किन व्यर्थै घरजम गर्नुभएको होला! यसरी एक जनामा सीमित हुनसक्नुहुन्नथ्यो र यसरी नै आवाराजस्तो जिन्दगी बिताउनु थियो त दिदीको फूल झैं जिन्दगीलाई किन यस ढङ्गमा हाल्नुभो। अघि नै मैले यो कुरो भन्नको लागि मुख बाइसकेकी थिएँ तर चूप लागें। आमा! अरूका अगाडि भन्ने कुरा त भएन, तर यी सबै दोष बुवाका हुन्।

महिमा– अझ उनी नै भन्थे, मैले उनलाई शान्तिको सास फेर्न दिइनँ रे। समाजमा उनको इज्जतमा कालो मोसो दलें रे। अझै इज्जतदार कहलिने धोको छ उनको। उनको सम्पूर्ण शान्ति त उनका प्रेयसी-हरूका ओठमा झुन्डेको छ। तिमी नै भन त दुलही! जन्म दिने बाबुआमासमेत छाडेर आएपछि उनमा आफ्नो जीवनको सम्पूर्णता खोज्नु के मेरो भूल थियो? आफ्नो पतिको सम्पूर्ण मायामा एक्लै रजाईं गर्न कुन पत्नी लालायित हुन्न र? तर मेधा! **(श्वास बढ्छ)** यहाँ त एकजना, दुईजनाको कुरा छैन। उनको मायामा डुब्न त कैयौं आए कैयौं। यस्तो भएपछि म अझै पनि कुन आशा कुरेर जीवनको दीयो उकासिरहूँ?

मेधा– बुवा पथभ्रान्त पथिक झैं रल्लिरहनु भएको छ। बुवासँग अब त सरोकार नै के रह्यो र? हामी छौं, हजूरका छोराबुहारी! हाम्रो माया र सेवामा भविष्यको सपना फुलाउनोस्। बिन्ति आमा! बितेका कुरालाई मनबाट उखेलेर फाल्नुस्, बिन्ति।

महिमा– **(जोडले कराएर)** मेधा!

(लात्तीले हानेर सलाइनको स्टान्ड ढालिदिन्छिन् । सलाइनको शिशी झर्लाम–झुर्लुम फुट्छ । अचानक शिशी फुटेको आवाजले तन्मय भएर आमासँग कुरा गरिरहेकी मेधा तर्सन्छिन् ।)

मेधा– (अत्तालिएको स्वरमा) लौन ! आमाले यो के गर्नुभयो ? सलाइनको शिशी नै लात्तीले हानेर फुटाइदिनुभो । डाक्टर ! लौन, को छ यहाँ ? आमा वेहोश हुनुभो । के भो ? आमालाई के भो ? अचानक किन यस्तो भो ? डाक्टर ! डाक्टर ! डाक्टर !

× × ×

(यता महिमाको घरमा उनका छोरा मधु कुनै पुस्तक पढिरहेका छन् । मधुकी दिदी विस्मृति कोठामा आउँछिन् ।)

विस्मृति– (स्नेहसिक्त स्वरमा) भाइ ! तिमी के गर्दै छौ ? (पुस्तक हेर्न खोज्दै) खोइ ! के पुस्तक हो त्यो !

मधु– 'सय थुँगा फूल' मुक्तक सङ्ग्रह । हाम्रो सरले लेख्नुभएको । यसै पुस्तकलाई समयको भार वोकाउन खोज्दै छु ।

विस्मृति– निकै राम्रो छ भाइ त्यो पुस्तक । मैले पनि धेरै पटक पढिसकें । यो पढेपछि त ढुङ्गाजस्तो मुटु पनि रसाउन थाल्छ । मैले त तिमीलाई पहिले नै भनेकी हुँ नि साहित्यमा आस्था विसाऊ, त्यसैमा जीवनको छाँया खोज भनेर । साहित्यलाई हेला नगर भाइ ! त्यसले मात्र हामीभित्रको एक–एक कण छाम्न सक्छ । त्यही मात्र हाम्रो साँचो मित्र बन्न सक्छ ।

अनि, आमालाई कस्तो छ ? हिजो त्यहाँबाट आएदेखि फेरि गएकी पनि छैन ।

मधु– बिहान म आउँदा राम्रै थियो । अब भोलि डिस्चार्ज गर्ने कुरा छ । अहिले मेधा उहिँ गएकी छ । दिउँसो हजूर जानुहुन्छ भने म भरे मात्रै जान्छु ।

विस्मृति– मेधा कतिखेर गएकी ?

मधु– खाना खाइवरी गएकी, दश बजे । अहिले त्यस्तै अढाई–तीन घण्टा भयो । चार बजे आउनु भनेकी छ ।

विस्मृति– हुन्छ त, मै जाउँला । तिमी धेरै रात भइसक्यो अस्पतालमा चिसिन थालेको पनि । आज तिमी आराम गर, राति म नै आमाका साथमा बस्छु ।

मधु– होइन दिदी ! हजूरलाई गाह्रो हुन्छ । अब एक रातको त कुरो हो नि !

विस्मृति– अब त गाह्रो केही हुन्न नि भाइ ! आमालाई निकै आराम भैसक्यो ।

मधु– आमा बढी कुरा गर्न चाहनुहुन्छ । उहाँलाई अतीतको सम्झना आउन दिनु हुँदैन । बुवा आमा बिरामी भएको थाहा पाएर लोकाचारका निम्ति अस्पताल जानुहुन्छ कि भन्ने डर लागेको थियो । तै आजसम्म त जानुभएको छैन ।

विस्मृति– बुवालाई रासलीलाबाट फुर्सद नै कहाँ हुन्छ र ?

मधु– आमालाई साँच्चै नै उकुस–मुकुसको स्थिति छ । बुवाको व्यवहारले मृत्युतिर धकेल्न खोज्छ भने हाम्रो ममताले जीवनतिर तान्न खोज्छ । हजूर नै भन्नोस् न दिदी ! यस्तो अवस्थामा आमाको मन कसरी सन्तुलित हुन सक्छ ?

विस्मृति– मलाई पनि बुवालाई देखेको दिन रिंगटा लाग्छ र सात दिनसम्म रनाहा लागिरहन्छ ।

मधु– हुन दिनोस् दिदी ! बेकारमा यस्ता प्रसङ्ग उधिनेर फाइदा नै के छ र ?

विस्मृति– त्यस्तै प्रसङ्गबाहेक हामीले जीवनमा पाएका नै के छौं र भाइ ?

मधु– अरू सुखदायी प्रसङ्ग सहजै पाएनौं भने खोजेर पनि हासिल गर्नुपर्छ दिदी !

विस्मृति– मलाई त खोज्नभन्दा पन्छाउन नै जाती लाग्छ ।

मधु– (प्रसङ्ग बदल्दै) अनि घरमा सबै आरामै होइन त दिदी ?

विस्मृति– आराम छन् आराम हुन सक्नेहरू ।

मधु– अनि, हुन नसक्नेहरू चाहिँ ?

विस्मृति– नसक्नेहरू पनि भित्रको आलो घाउलाई कृत्रिम हाँसोले छोपेर आराम भएकै स्वाङ रच्छन् ।

मधु– भित्रको आलो घाउलाई पनि हाँसोले छोपेको छोपेकै गऱ्यो भने त घाउमा खाटा बसिहाल्छ नि !

विस्मृति– (किञ्चित् हाँसेर) जीवन साँच्चै नै घाउ हो । तिमीले भने जसरी त्यसमा खाटा बस्न दियो भने त सिर्जना मरिहाल्छ नि !

मधु– होइन दिदी ! त्यसमा खाटा बस्न दिएन भने पो उकुच पल्टेर सिर्जना कुहिन्छ त !

विस्मृति– सबैको विचार एउटै भयो भने त यहाँ तनाउ नै हुन्न र तनाउ भएन भने जीवनको आभास मिल्न सक्तैन ।

मधु– अनि, जानीजानी घाउ बल्झाएर तनाउ उब्जाउने त ?

विस्मृति– (दृढ भएर) हो, यसलाई समय–समयमा कोटयाइरहनुपर्छ र पीडा बल्झाइरहनुपर्छ । त्यति गरेन भने त जीवन सञ्चो मानेर सुतिरहन्छ ।

मधु– त्यस सुताइमा पनि त सिर्जना उम्लन सक्छ नि !

विस्मृति– पटक्कै होइन, साना–तिना पीडा नसँगाली सिर्जना मुस्कुराउन सक्तैन ।

मधु– त्यसो भए पीडालाई आफैं निम्त्याइरहने त ?

विस्मृति– (हाँसेर, हाँसो सँगसँगै) डरायौ ? तिमी जीवन छुन सक्तैनौ भाइ, यद्यपि त्यसलाई काँधमाथि बोकिरहेकै छौ ।

मधु– हजूरले चाहिँ ?

विस्मृति– त्यसैको सामीप्य पाउनका लागि, अझ भनौं छोइने भएर आएको जीवन भेट्नका लागि तड्पिरहेकी छु । त्यसैले त म पीडा खोज्दै भौंतारिइरहेकी छु नि ! पीडाकै बलले त आजसम्म बाँचिरहेकी छु । अरूको कुरा म जान्दिनँ । म भने पीडाबाट गहनतम आनन्द आविर्भाव भइरहेको पाउँछु ।

मधु– अनि यही पीडाले नै हजूरको सिर्जना चुँड्दैन र ?

विस्मृति– चुँड्दैन, कहाँ चुँड्छ र ? सिर्जनाको दीयोमा तेल पो थप्छ त ! म अहिले केही गर्न सकिरहेकी छैन, किनभने मैले जीवनमा मन अघाउने गरी पीडा पाएकै छैन । मेरो मन शायद अझै धूलो–पीठो भइसकेको छैन ।

मधु– मन नै धूलोपीठो भयो भने सिर्जना कसरी लहलहाउन सक्छ त ?

विस्मृति– मन सिर्जना उम्रने भूमि होइन भाइ ! मनका एक–एक कण नै सिर्जना हुन् । मन सिङ्गो भइन्जेल सिर्जना त्यसैभित्र पुरिएर बस्छ । जब मन धुजाधुजा हुनथाल्छ, अनि सिर्जनाका रूपमा परिवर्तित हुन्छ । मनलाई जति मसिनो हुने गरी धूलोपीठो पार्न सक्यो सिर्जना उत्ति फैलन सक्छ ।

मधु– पीडाको प्राप्ति नै जीवनको अभीष्ट कसरी बन्न सक्छ त ?

विस्मृति– (हाँसेर) भाइ ! तिमी कमजोर छौ । पीडा बोक्नुपर्ला भन्ने डरले जीवनलाई छुन पनि घिनाए झैं गर्दै छौ तर मेरो चाहिँ पीडाको अपर्याप्तताको पीडासमेत थपिएकाले मन अझ केही आनन्दित छ । म जीवनमा बढीभन्दा बढी पीडा हासिल गर्न चाहन्छु । यसैमा मेरो जिन्दगीको सफलता निहित छ ।

मधु– यो हजूरको जिद्दी मात्र हो ।

विस्मृति– (भावुक बनेर आर्द्र स्वरमा)

सितारबाट सङ्गीत झन्काउन औंला दुहेर रगत चढाउनुपर्छ । वाणी-हरूमा सिर्जना झल्काउन सपना चुँडेर मुटु फुटाउनुपर्छ ।

मधु– जीवन यसरी अर्थिनु नहुने !

विस्मृति– जीवन पानी बनेर बग्नुपर्ने हो, ढुङ्गाझैं जमिदियो त म के गरूँ ?

मधु– जीवन–सागरको अथाह गहिराइ यसरी मात्र कहाँ परिभाषित हुन सक्छ र ?

विस्मृति– गहिराइ कसरी भेट्न सकिन्छ र ? छालहरूले नै हुत्याइदिए भने ! गहिराइसम्म पुग्न त ढुङ्गा नै बन्नुपर्छ ।

मधु– जीवनलाई ढुङ्गा जस्तो कठोर र चिसो रूपमा पनि स्वीकार्नु हुँदैन ।

विस्मृति– यो चिसिएको मुटु फेरि तताउन खोजें भने टुक्राटुक्रा भएको मेरो मुटु डढ्न नै के बेर !

मधु– जीवनको कोमल परिभाषा गर्ने प्रयत्न किन गर्नुहुन्न ?

विस्मृति– मुटुलाई चिसो पार्न खोजेर पनि त्यो प्रयत्न सार्थक बन्न सकेको छैन । भित्र भकभक केके पाकिरहन्छ । तिमी नै भन न भाइ ! आँखामा कसरी सयपत्री फक्राउन सक्छु र ? मुटुमा नै ज्वालामुखी फुटेपछि !

मधु– जीवन भेटिन सक्ने कोण फेर्न सक्नुहुन्न ?

विस्मृति– अरू त म बढी भन्न चाहन्नँ । पीडा नै जीवनको अभीष्ट बनिसकेको छ ।

मधु– जीवनलाई नयाँ बिरूवाका रूपमा फेरि प्रारम्भ गरेर हुर्काउन पनि त सक्नुहुन्छ नि !

विस्मृति– जीवन–बिरूवा बेकार म फेरि सार्न चाहन्नँ, किनभने मुटुको उर्वर माटो पनि चट्टान बनिसकेको छ । म यो ढुङ्ग्यान भूमिमा सारेर अर्को जीवन–बिरूवाको हत्या गर्न चाहन्नँ ।

मधु– इच्छा हो दिदी ! इच्छा गर्‍यौं भने जीवनले रङ्ग फेर्न कति बेर लाग्छ र ? मेरो कुरा खानुहुन्छ भने पीडाको अनुभूति उखेलेर फ्याँकिदिनुस् र मुस्कानले त्यसको क्षतिपूर्ति गर्नोस् ।

विस्मृति– (निःश्वासका साथमा) मन्द पवनको चाहना गरेर के गरूँ ? मनमा नै आँधी चलेपछि । फूलको सुवास खोजेर के गरूँ ? सपनामा नै

डढेलो सल्केपछि । साँच्चै नै मेरा भाइ ! जीवन–चङ्गालाई कसरी सँगाली राखूँ ! पीडाको डोरी नै छिनेपछि !

मधु– उसोभए हजूरले जीवनलाई कोल्टे नै फेर्न नसक्ने गरी पीडाको बन्धनले बाँधिसक्नु भयो होइन ? तरल भावनाहरू त्यसमा उम्रन सक्तैनन् होइन ?

विस्मृति– **(आहत बनेर)** मुटुमा तरङ्गित हुने तरल लहरहरू पनि अब त ढुङ्गिइसकेका छन् । सपना देख्ने मनहरू पनि अब त बम बर्सेको शहर झैं उजाड–उजाड बनिसकेको छ । आशा फुल्ने बगैंचा पनि चिसो र कठोर हिउँले ढाकिइसकेको छ ।

मधु– दिदी ! हामीलाई पनि त हेरिदिनुस् । आमा हजूरको सम्झनाले छटपटिनुहुन्छ, मेधा हजूरको कुरा गऱ्यो कि आँखाहरूबाट हाम-फाल्छे । म, हजूरको एउटै कोखको भाइ, हजूरको मुस्कुराहट देख्न तडपिरहेको छु । हाम्रा लागि त केही गरिदिनुस् । हजूरलाई हाम्रो माया लाग्दैन ?

विस्मृति– **(मुस्केराको भाकामा)** तिमीहरूमा नै त मैले आफ्नो आस्था बिसाएकी छु र त्यसैका बलले अझै यस धर्तीमाथिको हरियाली देखिरहेकी छु । तिमीहरूलाई बिझाउला भनेर खुलेर कुरा पनि गर्न सकिरहेकी छैन । यो सिउँधोमाथिको सिन्दूर मलाई सिउँडीको दूध झैं पीडादायक बनेको छ । म यस सिउँडीको दूधलाई धैर्यको पानीले पखालेर चन्दन झैं शीतल देशको माटो टिपेर सिउँदोभरि सजाउँछु । लेकमा फुल्ने लाली गुराँसलाई सौभाग्य सम्झन्छु र देशको हरियालीलाई बैंस सम्झन्छु ।

मधु– भिनाजुबाट के अनिष्ट भयो दिदी ?

विस्मृति– अनिष्ट त म आफैं गराउन खोज्दै छु । मेरा लागि त त्यति अनिष्ट होइन । किनभने म जीवनमा सकेसम्म बढी पीडा थप्न चाहन्छु । तर मलाई थाहा छ, तिमीहरू त्यसलाई अनिष्ट ठान्छौ ।

मधु– मैले त केही बुझिन दिदी ! भन्नुस् न के भयो ?

विस्मृति– मेरो इच्छा यस्तै भयो, तिमीहरूले यसमा दुःख नमान्नू । मैले उस-लाई, तिम्रा भिनाजुलाई अर्को विवाह गर्ने वाचा गराएकी छु । यही मङ्सीर उनन्तीस गते उसको विवाह हुन्छ । मेरी सौता आउँछे ।

मधु– **(उत्तेजित भएर)** दिदी ! दिदी ! बोल्नुस् दिदी, हजूरले यो के गर्नुभएको ?

(एक्कासि ठूलो आवाजका साथ घड्याम्म ढोका खुल्छ । मधु र विस्मृति सपनाबाट बिउँझिए झैं भएर ढोकातिर हेर्छन् । मेधा अत्तालिँदै ढोकामा देखा पर्छे ।)

मेधा– दिदी ? मधु ! लौन, आमा बेहोस हुनुभो । सिरियस केस छ । सबैजना चाँडै अस्पताल जानुपऱ्यो ।

★

# दोषी को ?

(मध्यम वर्गीय परिवारको एउटा कोठा दुईवटा पलङ, एउटा दराज, सोफासेट, ह्याङ्गर आदि छन् । भित्तामा एउटा फ्रेम हालेको मान्छेको तस्वीर झुन्डयाइएको छ । अन्य एकाध हिमाली सौन्दर्य–सम्बन्धी तस्वीरहरू पनि भित्ता-मा टाँगिएका छन् । सामान्यत: कोठाको सजावट यति नै छ ।)

(दुईजना २०।२१ वर्षका केटाहरू आएर ढोका ढकढक्याउँछन् । एउटी अधबैंसे नारी ढोका खोल्छिन् । त्यसबेला साँझको करीब ४ जति बजेको हुन्छ ।)

दुवै केटा– (एउटै स्वरमा) अन्टी ! नमस्कार ।

प्रेरणा– नमस्कार, बाबुहरू ! आज कताबाट ?

सुशील– हजूरसँग भेट गरौं भनेर । धेरै भो यतातिर ननिस्केको पनि ।

प्रेरणा– आओ न भित्रै, बसेरै कुरा गरौं ।

(प्रेरणा दुवै केटाहरूलाई लगेर सोफामा बसाउँछिन् ।)

प्रेरणा– (आफू पनि बस्दै) अनि के छ त नयां खबर ? क्याम्पसमा पढाइ के कस्तो चल्दै छ ?

सुशील– ठीकै छ अन्टी ! अचेल त हडताल–सडताल केही छैन ।

प्रेरणा– परीक्षा कहिलेतिर हुने कुरा छ ?

सुधीर– दुई–तीन महीनाभित्रमा हुन्छ अन्टी ।

सुशील– विषम खोइ अन्टी ?

प्रेरणा– विषम ? किन क्याम्पस गएको छैन र ? तिमीहरू उतैबाट आएका होइनौ र ?

सुधीर– हो अन्टी ! हामी क्याम्पसबाट सरासर यतै आउँदै छौं ।

सुशील– तर विषमलाई हामीले क्याम्पसमा नदेखेको त धेरै भयो ।

प्रेरणा– मलाई पनि त्यसको चालामाला त्यत्ति ठीक लागेको छैन । एकछिन है, म चिया मगाउँछु ।

सुशील– होइन अन्टी ! दु:ख नगरूँ । हामी धेरै बस्दैनौं ।

सुधीर– हजूरलाई विषमका बारेमा विशेष केही थाहा छ कि भनेर बुझ्न आएका हामी ।

प्रेरणा– (उठ्दै) होइन, चिया त खानैपर्छ । (हाँसेर) चिया खाएर कुरा गर्नु नहुने होइन क्यारे ।

(ढोकासम्म गएर) कान्छा ! ए कान्छा !

नेपथ्यबाट–हजूर ! आउँदै छु ।

(कान्छो ढोकामा देखापर्छ ।)

कान्छो– आएँ हजूर ।

प्रेरणा– अलि राम्रोसँग चिया बनाएर ल्याऊ त !

कान्छो– हस् हजूर !

(कान्छो जान्छ)

प्रेरणा– बिहान भात खाएर क्याम्पस जान्छु भनेर हिँड्छ । राति पनि कहिले चाँडै आउँछ, कहिले दश–एघार पनि बजाउँछ ।

सुशील– (सुधीरको अनुहारमा एकछिन आँखा अड्याएपछि) अचेल त्यो रोगी जस्तो देखिन थालेको छ ।

प्रेरणा– एक वर्ष जति भो त्यो अलि अर्कै भएको छ । मन लगाएर खाँदैन पनि । दुब्लाएर सिट्ठो भइसक्यो । डाक्टरलाई देखाउन जाऊँ भन्दा पनि मान्दैन । टाउको दुख्यो भनिरहन्छ ।

सुधीर– (घडी हेर्दै) अचेल ऊ धेरजसो बदमाश केटाहरूसँग हिँडेको देखिन्छ । त्यस्ता धनाढ्य परिवारका उत्तरदायित्वविहीन केटाहरूको सङ्गतले हाम्रो भलो हुँदैन अन्टी ।

प्रेरणा– आह !

सुशील– मलाई त विषमले पनि केही कुलत पो पालिरहेको छ कि जस्तो लाग्छ ।

सुधीर– स्म्याक, हेरोइन खान पल्केको छ अन्टी ऊ ।

(प्रेरणा कहालिन्छिन् । बसेको ठाउँबाट जुरुक्क उठ्छिन् । कोठामा फनफन्ती घुम्छिन् । त्यत्तिकैमा कान्छाले दुई कप चिया ल्याएर राखिदिन्छ । उभिएको उभिएकै सोध्छिन् ।)

प्रेरणा– के भन्यौ सुधीर तिमीले ?

सुधीर– यसरी दुःखी नहुनोस् न अन्टी ! हामीले हजूरलाई दुःख दिन खोजेका हौइनौं । वरु भविष्यमा आइपर्न सक्ने सम्भावित दुःख टार्न खोजेका हौं ।

प्रेरणा– चुरोटचाहिँ खूब तान्छ । पहिला लुकीलुकी खान्थ्यो । अब कसैको धक मान्दैन । धेर चुरोट पिएर पो सुकेको भन्ठानेकी मैले त !

सुशील– उसलाई खालि चुरोटले हुँदैन। त्यसमाथि उसले स्म्याक पनि पो खाने गरेको छ। अर्धवेहोश जस्तो भएर हिँड्छ।

सुधीर– यस्तो खराब लतले त अन्टी ! यसै हो भन्न सकिन्न। त्यस्तो दुब्लो पातलो भइसक्यो।

सुशील– अस्ति हङ्गकङ्ग पनि गएको थियो क्यारे ! होइन अन्टी ?

प्रेरणा– मलाई त के थाहा र बाबु ! अरूले भन्दा पो थाहा पाएँ।

सुशील– त्यसरी बतासिन दिनुहुँदैन अन्टी ! काला व्यापारीहरूले जिन्दगी नै बरबाद गरिदिन्छन्।

सुधीर– पहिला भरिया बनाउँछन्। पछि आफ्नो पोल खुल्ने डर भो भने ज्यान लिनसमेत बेर लाउँदैनन्।

सुशील– हो अन्टी ! त्यस्ता काला धन्दा गर्नेहरूका हातमा एकचोटि परिसकेपछि त्यहाँबाट उम्कन प्रायः असम्भव नै हुन्छ।

प्रेरणा– **(अलि ठूलो स्वरले)** ए कान्छा ! कप लैजाऊ त !

सुधीर– अन्टी ! अझै सप्रनै नसक्ने गरी बिग्रिसकेको छैन इन्जेक्सन लिन थालेको छैन जस्तो लाग्छ।

**(कान्छो आएर कपहरू लैजान्छ)**

प्रेरणा– **(सुस्केराको भाकामा)** म कसरी सह्यालुँ त्यसलाई ?

सुशील– जसरी हुन्छ, त्यसलाई यसरी नासिन दिनु चाहिँ हुँदैन।

सुधीर– **(उठ्दै)** अन्टी ! बरु हामी केही गर्न सक्छौं भने सम्झना राख्नुहोला।

सुशील– **(उठ्दै)** अहिले जान्छौं अन्टी ! विषमलाई हामी आएको कुरा नसुनाउनुहोला।

दुबैजना– **(नमस्कार गर्दै)** हवस् त अन्टी ! हामी जान्छौं।

प्रेरणा– आउँदै गर बाबु हो ! सम्झे तिमीहरूको आफ्नै घर हो, नसम्झे बिरानो।

**(ती केटाहरू गइसकेपछि प्रेरणा यताउता फनफन्ती घुम्छिन्। एकछिनसम्म भित्तामा झुन्ड्याएको तस्वीरमा हेरिरहन्छिन्। गएर बिछ्यौनामा पल्टन्छिन्। फेरि उठ्छिन्। एक्लै बोल्न थाल्छिन्।)**

प्रेरणा– म के गरूँ ? कसरी सह्यालूँ यस छोरालाई ? **(तस्वीरनिर गएर)** विषमको ड्याडी ! तिमीले त आफ्नो जिम्मेवारी पन्छायौ, बन्धनमुक्त भएर हिँड्यौ। त्यो चिचिलो छोरालाई मैले जतनसँग हुर्काएँ तर अहिले फल लाग्ने बेलामा कीराले बोट नै सत्यानाश पार्न खोज्दै

छ। विषमको डयाडी, तिमी साह्रै स्वार्थी रहेछौ। सृष्टिको सारा बोझ म एक्लीमाथि थुपारेर हिँड्यौ। सृष्टि हाँसे यसको बोझ हल्का हुन्छ तर त्यही सृष्टिले प्रलयको रूप लियो भने त्यसको बोझ थाम्न साह्रै कठीन हुन्छ।

**(त्यहाँबाट झ्यालतिर गएर बाहिर हेरेर फर्केपछि)**

**(सुस्केराको भाकामा)** शायद ! बाबु हुनभन्दा आमा हुन साह्रै कठीन छ !

**(कोठामा अँध्यारो फैलिसकेको हुन्छ । बत्ती बाल्छिन् । झ्याल लगाउँछिन्।)**

प्रेरणा– ए कान्छा, यहाँ आऊ त !

कान्छो– **(देखा पर्दै)** आएँ हजूर !

प्रेरणा– भरेलाई तरकारी छ त ?

कान्छो– आलु मात्र छ, अरू त सकियो।

**(कम्मरबाट साँचो झिकेर दराज खोल्छिन्। पैसा झिकेर दिंदै–)**

प्रेरणा– ल, अलि राम्रो तरकारी हेरेर ल्याऊ।

**(कान्छो जान्छ। प्रेरणा 'आमा भएर सही हेर सन्तानका पीरहरू' भन्ने गीतको क्यासेट बजाउँछिन्। त्यत्तिकैमा विषम भित्र पस्छ।)**

प्रेरणा– **(रिसको भावमा)** अँ त महाशय, आज कहाँ सवारी भएको थियो ?

विषम– **(लापरवाहीसाथ)** कहाँ गएँ र ? क्याम्पस गएँ, त्यताबाट त्यत्तै साथीकहाँ पसेर आउँदै छु।

प्रेरणा– **(रिसको पारा चढ्छ)** दुष्ट ! तँ मेरो आँखामा छारो हाल्दै छस्। म केही पनि थाहा पाउँदिन भन्ठान्छस् होइन कुलङ्गार ?

विषम– **(केही सतर्क भएर)** मम्मी ! आज हजूरलाई के भो ? अलि सञ्चो छैन कि !

प्रेरणा– यस्ता सन्तान हुनुभन्दा त बाँझै रहनु वेश।

विषम– **(फकाउने चेष्टामा)** मम्मी ? मम्मी ! किन रिसाउनुभएको ? मैले त केही गरेको छैन नि !

प्रेरणा– **(एक झापट कसेर हान्छिन्)** चण्डाल !

**(विषम गाला मुसार्छ। आँखाभरि आँसु पार्छ। प्रेरणालाई एकचोटि हेर्छ। अनि गएर बिछ्यौनामा बस्छ।)**

प्रेरणा– मैले कस्तो सपना देखेकी थिएँ। छोरो कस्तो न होला भन्ने सोचेकी थिएँ। आखिर यही दुर्गति देख्न बाँचेकी रहिछु। तँ, तँ किन मेरो

आँखा अगाडि पर्छस् ? (**विषम टाउको उठाएर चकित दृष्टिले प्रेरणालाई हेर्छ ।**) तैंले कतिकति पैसा चोर्दा पनि बाह्र वर्षमा त खोलो पनि फर्कन्छ भन्छन्, तेरो बुद्धि पनि कसो नफर्केला भनेर बाटो हेरेर बसें । जति नै मलजल गरे पनि आखिर ढुङ्गो न हो ! ढुङ्गो कहिले पो पलाएको छ र !

(**विषम केही बोल्न खोज्छ तर हिम्मत गर्दैन । प्रेरणा बोल्दै जान्छिन् ।**)

भन् चण्डाल ! तैंले यो के गर्न खोजेको ? (**गएर झकझक्याउँदै**) किन बोल्दैनस् ? के गर्ने सुर छ तेरो ? मलाई यसरी जिउँदै किन जलाउँछस् ? मलाई मार्, अनि जे मन लाग्छ त्यही गर् ।

विषम– (**अनुनय गर्दै**) मम्मी ! बिन्ति !

प्रेरणा– तेरो गुरु को हो भन् ! म गएर त्यसको रगत तनतनी पिउँछु । कहाँ छ त्यो राक्षस ?

विषम– को गुरु भन्नुभएको हजूरले ?

प्रेरणा– हूँ ! अझ नाटक गर्छस् ? गाँजा, चरेस, स्म्याक, हेरोइन खान सिकाउने गुरु ! को गुरु अब !

विषय– (**खङग्रङ्ग हुन्छ । टाउको निहुराउँछ ।**)

प्रेरणा– (**आवेशमा**) असङ्ख्य आमाहरूको मुढु कोपर्ने दानव को हो ? मलाई चिना । म त्यसलाई बाँकी राख्दिनँ । असङ्ख्य बाबुहरूलाई लङ्गडो पार्ने त्यो को हो ? सुकुमार फूलहरूको मुस्कान लुट्ने त्यो को हो ? असङ्ख्य जिन्दगीलाई डढेलामा होम्ने त्यो को हो ? किन बोल्दैनस् ? बोल् । तेरो मुखमा किन यसरी ताल्चा लागेको छ ?

विषम– मम्मी ! म के भनूँ ? म के बोलूँ ?

प्रेरणा– भन्, तेरो शब्द कसले लुटेर लग्यो ? एकचोटि होमिइसकेपछि, त्यसका चङगुलमा फसिसकेपछि तिमीहरूको जिब्रो किन थुतिन्छ ? किन तिमीहरू बिषहीन सर्प झैं हुन्छौ ? देशका कलिला सन्तानहरूको बुद्धि भुट्ने को हो ? देशको सुनौला अनुहारमा यसरी तेजाब छर्केर कुरूप पार्ने त्यो पापी को हो ? त्यसलाई कसले आश्रय दिएको छ ? भन्, तँ कसरी मुटुको व्यथा बन्न पुगिस् ? कसले सिकायो तँलाई यी सब ?

बिषम– (**हारेको स्वरमा**) मम्मी ! हजूरले सबै थाहा पाइसक्नुभयो । अब यसको इतिहास खोतलेर के नै फाइदा छ र !

प्रेरणा– (कड्केर) अब तँ नै मलाई फाइदा र बेफाइदा सिकाउने भइस् होइन त ? भन् तैँले कसरी यो कुलत बसालिस् ?

विषम– कसरी भनूँ मम्मी ! एकचोटि क्याम्पसका साथीहरूले उनीहरूकै खर्चमा हङ्गकङ्ग घुमाउन लगे । त्यहीँ पहिलोचोटि स्म्याक खाएँ । अब एकचोटि मात्र, अब एकचोटि मात्र भन्दाभन्दै त्यसको नशा मन पर्नथाल्यो । निकैचोटि खाइसकेपछि दिनदिनै त्यसको तलतल लाग्न थाल्यो । अब त एकै दिनमा पनि निकैचोटि खानुपर्छ । म यस बानीबाट छुट्कारा पाउन सक्तिनँ मम्मी !

प्रेरणा– भाग्यमानीहरू देखेर चेत्छन्, अभागीहरू परेर मात्र चेत्छन् । भन्, तँ यो नशा कहाँबाट ल्याउँछस् ? मलाई देखा त्यो ठाउँ, मलाई चिना त्यो मान्छे । भन्, तिमीहरू जस्ता मूर्खको सर्वोपरि नेता को हो ? कुन शक्तिका आडमा यहाँ यस्तो भइरहेछ ?

विषम– सक्तैनौं मम्मी ! हामी त्यति स्वतन्त्र हुन सक्तैनौं । हामी त्यस सम्बन्धमा अनभिज्ञ छौं ।

प्रेरणा– थुक्क कुकुर ! तिमीहरू जस्ता चण्डाल मिलेर त्यसलाई छोप्दै छौ, लुकाउँदै छौ । युवापुस्तालाई यसरी जिउँदो लाश बनाउने त्यो देशद्रोही हो । त्यसले यसरी तिनै जिउँदा लाशमाथि टेकेर माथि उठ्ने अवसर पाइरहेछ । त्यसलाई समयमै पैतालामुनि कुल्चन सकेनौं भने भोलि त्यो माथि उठ्दा–उठ्दा कति माथिसम्म पुग्छ ! आज नै को भन्न सक्छ र ? देशको भविष्यले यसरी त्यस्ता काला राक्षसहरूका मुठीमा थिचिनु हुँदैन । भन् त्यो को हो ?

विषय– मम्मी ! त्यो को हो मलाई पनि थाहा छैन, म पनि चिन्दिनँ त्यसलाई ।

**(विषमलाई थप्पड हान्छिन् ।)**

प्रेरणा– **(अझ बढी आविष्ट हुँदै)** मूर्ख ! तँ जस्ता मूर्ख यस संसारमा नभए त्यस्ता राक्षसको संरक्षण कसरी हुन्छ ? त्यो मात्र होइन तँ पनि कुपुत्र होस्, देशद्रोही होस् । तँलाई अब यहाँ बस्ने अनुमति छैन । मेरा आँखाअगाडि नबस् तँ । यस घरबाट निस्की । या त तैँले आफ्नो कुलत त्यागनुपर्छ या घर त्यागनुपर्छ । आमा कोमल मात्र होइन, त्यस्तै परिस्थिति आइपरेमा कठोर पनि हुन सक्छे ।

**(प्रेरणा कोठाबाट हुत्तिएर बाहिर निस्कन्छिन् ।)**

विषम– म कसरी यस्तो स्थितिमा पुगें ? मेरो यस कुलतले मलाई यसरी समाजबाट अलग्याउँदै लगिरहेछ । मेरो नाम कसले राखेको होला ? म आज आफ्नो नाम अनुरूप नै हुन्छु भन्ने त्यसलाई थाहा थियो होला त ?

कान्छो– भान्सा तयार भो हजूर,

विषम– (झर्केर) जा ! म खान्नँ,

कान्छो– हस् हजूर ।

**(कान्छो गएपछि विषम कागज र कलम लिएर केही लेख्न- थाल्छ । प्रेरणा आइपुग्छिन् । छोरालाई हेर्दै नहेरी बिछ्यौनातिर जान्छिन् । साँचो झिकेर सिरानमुनि राख्छिन् र सुत्छिन् । विषम टाउको उचालेर साँचो राखेको हेर्छ र फेरि लेख्न थाल्छ । केही छिनमा लेखेको कागज पट्याएर सिरानमुनि राख्छ । आमा निदाए- को ननिदाएको विचार गर्छ । प्रेरणा निदाइसकेकी हुन्छिन् । विषम उठेर नाइट बल्ब बाल्छ र अर्को बत्ती निभाउँछ । सिरानमुनिबाट साँचो झिक्छ । प्रेरणा चलमलाउँछिन् । ऊ आडमा लुक्छ । प्रेरणा अर्कोतिर फर्कन्छिन् । अनि ऊ बिस्तारै दराज खोल्छ; पैसा, गहना झिकेर दराज बन्द गरी साँचो पुनः प्रेरणाकै सिरानमुनि राखिदिन्छ । पैसा र गहना पोको पारेर कोटको खल्तीमा राख्छ । बिस्तारै भित्तामा झुन्ड्याएको तस्वीरको छेउमा उभिएर बोल्नथाल्छ ।)**

विषय– ड्याडी ! म पनि हजूरको पछिपछि आउँदै छु । मैले आफूलाई सुधार्न सकिनँ । मम्मीलाई हजूरले दिनुभएको आघातमाथि म आज फेरि अर्को आघात थप्दै छु । ड्याडी, यो के भइरहेछ ? म केही बुझ्न सकिरहेको छैन ।

**(प्रेरणाको छेउमा गएर)** मम्मी ! मैले आफूलाई बनाउन सकिनँ । म बिग्रें मम्मी ! बिग्रें । **(गला रुद्ध हुन्छ)** म गएँ ! मम्मी विदा ! **(प्रेरणाको खुट्टा छोएर आंसु पुछ्दै बाहिर निस्कन्छ । बाहिर कुकुर भुकेको सुनिन्छ ।)**

**(उज्यालो हुन्छ । प्रेरणा बिउँझन्छिन् । उठेर हेर्दा विषमको बिछ्यौना खाली देख्छिन् । उठेर झ्याल खोल्छिन् । आफ्नो बिछ्यौना मिलाउँछिन् । विषमको बिछ्यौना मिलाउँदा चिठी भेट्छिन् र त्यहिं बसेर चिठी पढ्न थाल्छिन् ।)**

आदरणीय मम्मी;

क्षमा चाहन्छु । मैले हजूरको आँसु पुछ्न सकिनँ । हजूरको हृदयको चोटमा म मलम बन्न सकिनँ । मलाई थाहा छैन मम्मी ! म कसरी धापमा भासिन पुगें ! म अब त्यस धापबाट निस्कनै नसक्ने गरी गाडिएको छु । हजूरको न्यानो काख छाडेर म कतावता टाढा जाँदैछु एउटा अन्धकार भविष्यतिर । अब त मलाई जीवन-सँग पनि वहाली लाग्छ । मेरा लागि मेरो जीवन अभिशाप बनिरहेछ । यस अभिशापलाई कहाँसम्म सक्छु घिसार्दै लैजान्छु । विदा मम्मी विदा ! हजूरलाई चोट पुऱ्याउने कुपुत्र जन्मेको रहेछु । एउटा काँडो थियो आफै झरेर गयो भन्ने सम्झनोस् । मलाई बिर्सि-दिनोस् । विदा !

हजूरको कुपुत्र

विषम

**(चिठी पढेर प्रेरणा छाँगाबाट खसेजस्ती हुन्छिन् । 'हरे कुपुत्र ! तैंले यो के गरिस् ?' भन्दै रुन थाल्छिन् । निकै बेर रोइसकेपछि उठेर तस्वीरको छेउमा गएर भन्न थाल्छिन् ।)**

**प्रेरणा–** देख्यौ विषमको डचाडी ! तिम्रो छोराले के गऱ्यो ? तिमीबाट गरिएको भूलमाथि यसरी भूलहरू थपिँदै गइरहेछन् । म टुक्रँदै गइरहिछु । तिमीलाई मैले छोराको भविष्यका लागि रक्सी पिउन छाडिदेऊ भन्दा तिमीले त्यसको उल्टो अर्थ लगायौ । छोरो बिगार्ने मै भएँ, हुन्छ छोरालाई म मेरो छाँया पर्न दिन्नँ भनेर घरबाट निस्कियौ । खोइ त तिम्रो प्रवास फलदायी हुन सकेको ? के त बाबुको कर्तव्य यही हो ?
**(त्यहाँबाट हट्दै)**
शायद मेरो मायामा कुनै कमी थियो ! शायद मैले उसलाई माया दिन कन्जुसी गरें । हा समय ! तँ मलाई सधैं किन यसरी रित्या-उँछस् मात्रै ?

**"समाप्त"**

सुधा त्रिपाठी

उपप्राध्यापक

नेपाली केन्द्रीय विभाग

विश्वविद्यालय क्याम्पस

कीर्तिपुर


प्रकाशित कृतिहरू

वादल, धर्ती र आस्थाहरू

(निवन्ध-सङ्ग्रह)

दोलखां-दर्पण

(दोलखा जिल्लाको इतिवृत्त (सम्पादन) २०५२

अनिवार्य नेपाली व्याकरण र रचना

(सहलेखन - २०५३)

जीवनसूत्र र स्वप्नाभास

(निवन्ध-सङ्ग्रह - २०५३)


नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान